# अध्याय- १

# परिचय

## १.१ अवधारणा

नेपाल कृषि प्रधान देश हो । लगभग देशको कुल राजश्वको दुई तिहाई कृषि करहरूबाट प्राप्त गरिन्थ्यो । जबकि अन्य स्रोतहरूबाट एक तिहाई मात्र प्राप्त हुन्थ्यो । राणाकालको प्रारम्भिक चरणमा राज्यको अर्थतन्त्र पूर्णतया कृषिमा आधारित थियो । (रेग्मी, १९०१) जसमा विभिन्न किसिमका भूमि व्यवस्था प्रचलनमा थिए । यो विविधता भूमि व्यवस्था नेपालको एकीकरणभन्दा अगाडि विभिन्न स-साना राज्यमा विद्यमान विविध प्रचलनको कारणबाट उत्पन्न भएको हो । पृथ्वीनारायण शाहले एकीकरण पश्चात् आफ्नो राजनीतिक शक्ति बढाउन विजयपश्चात् आफ्नो पद्धति लाद्नुभन्दा जनजीवनको रीतिथिति नखल्बलियोस् र जनतालाई कुनै असुविधा नहोस् भनी ती राज्यमा चली आएका भूमि व्यवस्था लगायत स्थानीय परम्परा र व्यवस्थालाई यथावत नै राखी दिए । यसले नेपालको भूमि व्यवस्थामा विविधता पैदा गरिदिएको थियो । रैकर, बिर्ता, रकम, जागिर, गुठी, कीपट, उखडा, महाजनी, राज्यरजौटा प्रथाजस्ता भूमि व्यवस्थाका रूपहरू एकीकरण अघिदेखि जारी थिए ।

जबरजस्ती तर बिना पैसा काम लिने अधिकार केबल सरकारलाई मात्र हुन्थ्यो । त्यस्तो श्रम लिनेलाई झारा, बेठ, बेगर तथा रकम भनिन्थ्यो । यस्तो बिना पारिश्रमिक झारा, बेठ, बेगर लिने सरकारको अधिकारको प्रयोग जमिनदार, जिम्मावाल, बिर्तावाल, जागिरदारहरूले पनि गर्न थाले । कानूनतः उनीहरूलाई यस्तो अधिकार थिएन तापनि जमिनदार, बिर्तावालहरूले मुद्दा मामिला हेर्न पाउने, मालपोत उठाउने, नामसारी, दर्ता इत्यादि जग्गाको प्रशासन समेत हेर्न पाउने हुँदा उनीहरूले मानिसहरूबाट जबरजस्ती बिना पारिश्रमिक काम लिंदा कसैले रोक्न सक्दैनथे । मानिसहरू पनि उनीहरूलाई रिझाउन काम गरिदिने गर्थे । त्यसैले विस्तारै बिना पारिश्रमिक काममा लगाउने स्थिति बढेर गयो जुन पछि गएर बिर्ता उन्मूलनसँगै समाप्त भयो । कमैया प्रथाको उद्गम सोही जबरजस्ती श्रम गराउने प्रचलनसंग सम्बन्धित छ । (इन्सेक, वि.सं. २०४९) यी विभिन्न भूमि व्यवस्थामध्ये महाजनी प्रथा पनि एक हो जसको कमैया प्रथाको उत्पत्तिसँगै गहन सम्बन्ध छ । कञ्चनपुर, कैलाली जिल्लामा घना जङ्गल, नराम्रो हावा पानी र मलेरियाको प्रचण्ड प्रकोप हुने कारण जग्गाको विकास हुन सकेको थिएन । त्यहाँ आबादीको दरखास्त पर्ना साथ जग्गा पाइन्थ्यो । मालले चलन पूर्जा दिएको जग्गामा आबादी नभए पनि मालपोत लाग्दथ्यो । खोला, पहिरो र जङ्गलका

कारण आबाद हुन नसकेको मात्र मिनाहा पाइन्थ्यो । यही असुविधाले गर्दा त्यस क्षेत्रमा महाजनी प्रथाको शुरूवात भयो । जग्गा आबाद गर्न सरकारले धर्म भकारीबाट केही अनाज दिए पनि म्यादमा त्यो सरकारी रकम कडाइका साथ असूल उपर गर्दथ्यो । अतः यहाँका किसानले महाजनसँग नगद ऋण लिएमा भाकामा तिर्न कडाइ नहुने र चर्को ब्याज भए पनि नगद पाइने हुँदा आवश्यक सामग्री किन्न र अन्य व्यवहार चलाउन सुविधा हुने भएकोले महाजनी प्रथाले विकसित हुने मौका पायो । भूमिसुधार लागू भएपछि विधिवत् महाजनी प्रथा समाप्त भयो । सरकारले संस्थागत रूपमा किसानलाई सजिलोसँग कम व्याजमा कर्जा नदिलाएसम्म किसानहरू महाजनका शोषणका शिकार भइरहनेछन् । (इन्सेक, वि.सं. २०४९)

कमैया-श्रमिक र जग्गाधनी बीचको लामो अवधिको (वर्षदिन) श्रमसम्बन्ध र त्यस अन्तर्गतका विभिन्न व्यवस्थालाई समष्टिमा कमैया प्रथा भनिन्छ । कमैया प्रथा अन्तर्गत कम्तीमा पनि तीन वटा अन्य सम्बन्धहरू समाविष्ट छन् । ती सम्बन्धहरूले श्रम-ऋण र जग्गासित तादात्म्य राख्दछन् । श्रमसम्बन्ध अन्तर्गत कमैयाहरूले वर्षभरि काम गर्ने र सो वापत वार्षिक ज्यालाको रूपमा अन्न बाली पाउने व्यवस्था हुन्छ । (शर्मा र अन्य, १९९)

कमैया प्रथालाई बँधुवा प्रथाका रूपमा पनि हेरिन्थ्यो । आफूले जग्गाधनी तथा मालिक परिवर्तन गर्नु पर्ने भए पनि पुरानो ऋण नतिरी अरुको घरमा पुनः कमैया बस्न नपाइने प्रचलनले गर्दा कमैया बँधुवा प्रथा हो भनेर पनि भन्न सकिन्छ । (भूमिसुधार तथा व्यवस्था मन्त्रालय, वि.सं. २०५६) कमैयाहरूमध्ये ९३.२ प्रतिशत कमैया थारु समुदायका भेटिएका छन् । ( इन्सेक, २०४९) हाम्रो अध्ययनको विषय थारु कमैयाहरूसँग सम्बन्धित छ ।

वि.सं. २०४० सालमा प्रकाशित नेपाली बृहद् शब्दकोषमा कमैया भन्नाले "साह्रै जोतिन सक्ने, मेहनतकश, श्रमजीवी, कमाइवाल, आर्जनी, पौरखी वा हिम्मती, जग्गाधनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका किसान हुन् ।" उपर्युक्त आधारमा यो शब्दका निम्न पक्ष देखिन्छन्

क) काममा साह्रै जोतिने खालको

ख) खेतीमा प्रयोग हुने

ग) नगद वा जिन्सी लिने

घ) आफूसँगै सपरिवार संलग्न हुने श्रमिक

कुनै जग्गाधनीसँग घरायसी कामकाजको लागि ऋण लिई ऋण लिएको जग्गाधनीकहाँ खेती, पशुपालन र अन्य कृषि कार्यको साथै घरायसी काम पनि निरन्तर रूपमा गर्ने बँधुवा मजदुर नै थिए ।

तत्कालिन समाजकल्याण तथा श्रम मन्त्रालयद्वारा गरिएको एक अध्ययनमा कमैयालाई बँधुवा मजदुरको संज्ञा दिइएको थियो ।

पश्चिम तराईका ५ जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कमैया राख्ने प्रचलन थियो । बहुसङ्ख्यक कमैयाहरू तराई क्षेत्रका रैथाने जातिका थिए । सामान्य अर्थमा 'कमैया' शब्द 'कमैना' (जसको अर्थ कमाउनु हो) बाट आएको मानिन्थ्यो । परम्परागत रूपमा 'कमैया' ले कडा परिश्रम गर्ने मानिस भन्ने जनाउँथ्यो । यसको स्त्रीलिङ्ग शब्द 'कम्लहरी' ले कडा परिश्रम गर्ने महिलालाई जनाउँथ्यो । (फुजिकुरा वि.स. २०६१)

कमैया प्रथा सम्भवतः करिब ५ दशक अघि शुरूवात भएको हो । नयाँ मुलुक भनेर चिनिने पश्चिमी तराईका जिल्लाहरू घना जङ्गलले ढाकिएका थिए र पहाडबाट मानिसहरू त्यहाँ विस्तारै बसाइँ सर्न थाले पछि निर्वाध श्रमिक आपूर्तिको लागि कमैया प्रथा विकसित भएको हुनुपर्छ । नयाँ मुलुकमा औलोको प्रकोप व्यापक थियो र जङ्गली जनावरबाट पनि उत्तिकै खतरा थियो । यस्तो विषम परिस्थितिमा प्रारम्भमा थारुहरू मात्रै बसोबास गर्दथे । उनीहरू आफ्नो परिवारले भ्याए जति जग्गामा खेती गर्दथे र जग्गा फालाफाल भएको तात्कालीन स्थितिमा एकले अर्कोलाई श्रमिकको रूपमा प्रयोग गर्ने स्थिति थिएन । जग्गामा मानिसहरूको कानूनी अधिकार थिएन, सामाजिक रूपमा जसले खेती गऱ्यो उसैको हुने प्रचलन थियो ।

१९६० को शुरूमा औलो नियन्त्रण पछि पहाड र सीमा पारी भारतबाट बसाइँ सर्नेको ओइरो लाग्यो । औलो नियन्त्रण हुनु केही समय अघि नै सरकारले पनि कर्मचारी, सेना तथा शाही परिवारका सदस्यहरूलाई उनीहरूको सेवा वापत जग्गा प्रदान गर्न लागेका थिए । जग्गामा कानुनी अधिकार नभएका थारुहरूबाट बसाइँ सरेका पहाडी मूलका पढेलेखेका चलाख मानिसहरू तथा सरकारबाट बकस पाएकाहरूले क्रमशः जग्गा हडप्ने कार्य गरेका थिए । १९६० को दशकमा जब जग्गा नापीको काम प्रारम्भ भयो, खेती गरिएका र खेतीयोग्य अधिकांश जमिन नयाँ बासिन्दारहरूले कर्मचारीहरूको मिलेमतोमा आ-आफ्नो नाममा दर्ता गराउन सफल भए । सोझा र प्रशासनसँग डराउने थारुहरूले भूमिमाथि आफ्नो परम्परागत

अधिकार गुमाए । औलोको प्रकोप र जङ्गली जनावरको त्रास खप्न सक्ने थारुहरू नोकरको रूपमा तिनै मालिकहरूकोमा काम गर्न थाले ।

आफू जग्गा मालिक हुंदा अभ्यस्त खानपीन र अन्य रीतिरिवाज नयाँ परिस्थितिमा पनि कायमै राख्ने कमैयाहरू ऋण लिएर पनि घिउ नै खाने भन्ने जस्तो बाटोमा लागेका देखिन्छन् । फलतः ऋणको साङ्लोले जेल्दै गएपछि सिङ्गै परिवारको श्रममा मालिकहरूको हैकम चल्न थाल्यो । ऋणमा चुर्लुम्म डुबेका कमैया परिवार मालिकले चाहेअनुसार उठबस गर्नुपर्ने बाध्यतामा फस्दै गए । आर्थिक, शारीरिक तथा यौन शोषणको मारमा परी रहँदा पनि ऋणमा डुबेका कमैया परिवार विकल्प रहित हुँदै गए । (शर्मा एवं अन्य, १९९९)

१९६४ को भूमिसम्बन्धी भूमिसुधार ऐनले जग्गाको हदबन्दी तोक्यो, मोहीलाई मोहियानी हक प्रदान गरियो । भूमिसुधारले कमैया प्रथालाई अझ झाँगिन सहयोग गऱ्यो मोहियानी हक लाग्ने डरले गाउँमा नबस्ने जग्गाधनीहरूले पनि अधियाँ/बँटैयाको साटो कमैया राखेर खेती गर्न प्रारम्भ गरे । कमैयाहरू श्रमिकको रूपमा काम गर्ने हुँदा मोहियानी हकको टण्टोबाट जग्गाधनीहरू मुक्त हुनसके । (इन्सेक, वि.सं. २०४९)

नेपालमा दासप्रथाको शुरूवात लिच्छवीकालदेखि भएको मानिन्छ भने उन्मूलन वि.सं. १९८२ (इ.सं. १९२४, नोभेम्बर ८) मा तत्कालीन प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले गरेका थिए । तात्कालीन तथ्याङ्कअनुसार नेपालमा त्यसबेला कूल ५९,८७३ कमारा कमारी थिए । ( इन्सेक, वि.सं. २०४९) दासदासी प्रथा अन्त्यसम्बन्धीको ऐन १९८२ लागू भएपछि ५१,७८२ जना कमारा कमारीलाई रु.१५ देखि ७५ सरकारले तिरेर अमलेख गरायो । मालिकहरूले मूल्य नलिएर ४,६५१ जना कमारा कमारीलाई छाडिदिए । १,९८४ जना अमखेल कार्य भइरहेको बेला मरे, १,३४२ भागे र ११४ जनाले आफ्नो मूल्य आफैले तिरे । सरकारले जम्मा रु.३६,७०,००० यो काममा खर्च गर्नु पऱ्यो । यो रूपैंया पशुपतिको गुठीबाट लिइएको थियो र यसै कारण अमलेख गरिएका दासदासीहरू 'शिवभक्त' भनिए । यसरी दास प्रथाको अन्त्य भयो तर समाजमा यसको अर्को रूपमा कमैया प्रथा हुर्कदै गयो । (तिवारी, वि.सं. २०५६)

वि.सं. २०५८ सालको जनगणनाको पछिल्लो परिणामअनुसार नेपालको कूल जनसङ्ख्या २,३१,५१,४२३ छ जसमा पुरुष १,१५,६३,९२१ र महिला १,५१,८७,५०२ छन् जसमध्ये थारु जनसङ्ख्या १३,३१,५४६ छ, जुन कूल जनसङ्ख्याको ५.८६ प्रतिशत हुन जान्छ । जनसङ्ख्या र भाषाको आधारमा यसले चौथो स्थान ओगटेको छ ।

## १ .२ समस्याको कथन

विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिरहेको अवस्थामा नेपालमा अठारौं शताब्दीको दास प्रथाको अवशेषको रूपमा कमैया प्रथा रहेको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले आफ्नो अनुसन्धानमा तथ्याङ्कसहित देखाएका थिए र दास प्रथा राष्ट्रिय (नेपालको संविधान, मुलुकी ऐन), अन्तर्राष्ट्रिय कानून (संयुक्त राष्ट्र सङ्घ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र) मा निषेध गरिएको अवस्था थियो र कमैया प्रथालाई प्रजातन्त्र स्थापना पछि यथावत् रहिरहनुलाई प्रजातन्त्र माथिको कलङ्कका रूपमा लिइएको थियो । (कार्यपत्र, वि.सं. २०५६, बेस)

कमैया प्रथाको अन्तका लागि संयुक्त रूपमा सरकारी, गैर सरकारी स्तरबाट प्रयास भए जसमा विशेष गरी मुक्ति आन्दोलनको मुख्य शक्ति बेसको अगुवाईमा कमैया मुक्ति आन्दोलनलाई अगाडि बढाइयो जुन गेटा गाविसका जमिनदार शिवराज पन्तका १९ कमैयाहरूले मे दिवसका दिनबाट बाधा जीवनबाट मुक्ति, सौंकि मिनाहा र न्यूनतम् ज्याला पाउनु पर्ने मुख्य मागका साथ अघि बढेको थियो । (कान्तिपुर, वैशाख १९, वि.स.. २०५७) उक्त आन्दोलन विस्तारै यो समस्या रहेका पाँचै जिल्लामा फैलिएको थियो । (कान्तिपुर, असार ३०, वि.स.. २०५७)

अन्ततः प्रजातन्त्र पुनःस्थापनाको दश वर्षपछि सरकारी स्तरबाटै २०५७ साउन २ गते कमैयाहरू मुक्त भएको घोषण गरिएको थियो । कमैयाहरूको मुक्ति जति आवश्यक छ, त्यो भन्दा बढी आवश्यक छ, व्यावहारिक रूपमा भविष्यमा कमैयाहरू जन्मन नसक्ने वातावरणको निर्माण । (हिमालय टाइम्स, साउन ४, वि.सं. २०५७)

स्वतन्त्रता भन्ने कुरा दासताको सर्वव्यापी तथा स्वाभाविक विरोध होइन जो एउटा घोषण वा वक्तव्यद्वारा सिर्जना होस् । त्यस्तो स्वतन्त्रता र बहिस्कारलाई हटाउने क्रमवद्ध प्रयास, जमिन र परिवारमाथि स्वामित्वको मान्यता, मालिकहरूको आधारमा हुने पहिचानको विपरीत समुदायमा आफ्नै पहिचान कायम गर्ने जस्ता आधारहरूमा स्थानीय रूपमा वास्तविक स्वतन्त्रताको परिभाषा गर्नुपर्छ । (पीटर, २००१)

उचित पुनःस्थापना पुनःवासको योजना बिना गरिएको कमैया मुक्ति चुनौतिपूर्ण थियो । मुक्तिको घोषणा भएको केही दिन पछि कान्तिपुर दैनिकमा दिइएको कार्टून आज पनि याद आउँछ जसमा जमिनदारले मुसलधारे पानी परिरहेको बेला बँधुवा मजदूरहरूका परिवार सहित ( बालक, वृद्ध, महिला) उनीहरूको थान्का- मान्का, पोका-पुन्तरा सहित "बधाई छ, तपाईहरू सब

मुक्त हुनुभो भनी घरबाट निकालेको" । (कान्तिपुर, साउन ८, वि.सं. २०५७) "मुक्त भएका कमैया छानो र मानोको पीरमा" शीर्षक हिमालयन टाइम्समा डी.आर. पन्तले महेन्द्रनगर कञ्चनपुरबाट पठाएको समाचार पढ्दा मुक्त कमैयाहरू बँधुवा जीवनबाट मुक्ति पाएपछिका दुःख र पीडा कम छैनन्, न बस्नलाई छानो, न खानलाई मानो नै छ । (हिमालय टाइम्स, असार २१, वि.सं. २०५७) मुक्त कमैयाहरू पुनः कमैया बन्न बाध्य भन्ने शीर्षकमा नेपाल समाचारपत्रमा छापिएको लेखमा बर्दियामा ८ महिना अघि मुक्त घोषित गरिएका मुक्त कमैयाहरू आफ्नो स्थायी बसोबासको व्यवस्था हुन नसक्दा पुनः जमिनदारकहाँ नै कमैया बस्न बाध्य भएका थिए । (नेपाल समाचारपत्र, फाल्गुन १७, २०५७) न्यायका लागि काठमाडौं आएका कमैयाहरूले सिंहदरबार अगाडि भद्रकालीमा विहीबारदेखि धर्ना शुरू गरेका थिए । (कान्तिपुर, असार २९, २०५७) तीन दिनसम्मको धर्ना पछि पहिलो पटक मुक्तिको आन्दोलन लिएर काठमाडौं आएका कमैयाहरूले सिंहदरबारको ढोकाबाटै आफ्नो मुक्तिको खबर सुन्न पाएका थिए । (गोरखापत्र, साउन ३, २०५७)

कमैया मुक्तिका ५ वर्ष बितिसक्दा पनि कमैयाहरूको पुनःस्थापना, पुनःवास र दीर्घकालीन रोजगारीको समुचित व्यवस्था नहुँदा सरकार माथि नै प्रश्न चिन्ह लाग्न खोजेको देखिन्छ । नेपाल पत्रकार महासङ्घले आयोजना गरेको भेटघाट कार्यक्रममा मुक्त कमैयाका प्रतिनिधिहरूले अब सिंहदरबार घेराउ गर्ने कार्यक्रम ल्याउने बताएका थिए । (अन्नपूर्ण पोष्ट, पुष ३१, २०६२)

यसप्रकार कमैया मुक्त हुनु पूर्वका र कमैया मुक्त भइसकेका ५ वर्षपछिका एकैनासका सिंहदरबार घेर्ने कार्यक्रमहरूले सरकारी र गैर सरकारी संस्थाहरूबाट चालिएका पुनःस्थापना र पुनःवासका कार्यक्रमहरूको अध्ययन एक रोचक विषय बनेको छ । कमैया आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको अध्ययन र वर्तमान मुक्त कमैयाहरूको वासस्थान, खानपीन, शिक्षा, स्वास्थ्य सेवा र रोजगारीको अवस्था तथा त्यसमा आएको परिवर्तनको अध्ययन झनै रोचक विषय बनेको छ ।

## १ .३ अध्ययनको उद्देश्य

कुनै पनि विषयवस्तु अध्ययनको उद्देश्यले मौलिक पहिचान दिने गर्दछ । यस अध्ययनको सामान्य उद्देश्य कृष्णपुर गाविस-२ वाणी कञ्चनपुर जिल्लाका मुक्त कमैयाहरूको पुनःवास र पुनःस्थापना कार्यक्रमको अध्ययन गर्नु हो । अध्ययनका विशिष्ट उद्देश्य यस प्रकार छन् :

क) सरकारी तथा गैर सरकारी स्तरबाट मुक्त कमैयाहरूको पुनःवास र पुनःस्थापनार्थ सञ्चालित कार्यक्रमहरूको अध्ययन गर्ने ।

ख) कमैया प्रथाको अन्तका लागि चालिएको आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्ने ।

ग) वर्तमान समयमा मुक्त कमैयाहरूको बासस्थान, खानपीन, शिक्षा, स्वास्थ्य सेवा र रोजगारीको अवस्था तथा त्यसमा आएको परिवर्तनको बारेमा व्याख्या गर्ने ।

घ) वस्तुस्थिति पत्ता लगाएर सरकार वा सम्बन्धित निकायलाई सुझाव दिने ।

## १ .४ अध्ययनको औचित्य र महत्व

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरूले थारु जनजातिहरूको भन्दा हिमाली भेगका जनजातिहरूको सन्दर्भमा धेरै अध्ययन गरेका छन् जसमा पनि कमैया प्रथाको अध्ययनका सम्बन्धमा झनै थोरै अध्ययनहरू भएको पाइएका छन् । देशमा प्रजातन्त्र पुनःस्थापना पछि राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको अध्ययनको विषय कमैया प्रथा बनेको थियो । यसै सन्दर्भमा २०४८ मा इन्सेकले, २०५१ मा बेसले, २०५२ सालमा सुकुम्बासी आयोगले ५ जिल्लाहरुमा कमैया प्रथा रहेको सार्वजनिक गरेका थिए । २०५६ सालमा तत्कालिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले पनि कमैयाहरूको सामाजिक तथा आर्थिक अवस्थाको प्रतिवेदन पेश गरेको थियो । त्यसैगरी आइ.एल.ओ. लगायत अन्य गैर सरकारी संस्थाहरूले अध्ययन गर्दै आएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले कमैया मुक्तिका लागि गरिएका पुनःवास र पुनःस्थापनाका प्रयासहरूको अध्ययन कमै भएको खास गरी कञ्चनपुर जिल्लाको कृष्णपुर-२ वाणीको अध्ययन नभएको सन्दर्भमा नै यो अध्ययन केन्द्रित छ । त्यसकारण ती प्रयासहरूले ल्याएको परिवर्तन र वर्तमान समयमा तिनीहरूका समस्याहरूको समाजशास्त्रीय अध्ययन साथै कमैया आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको अध्ययन तथा यसले उनीहरूमा ल्याएको परिवर्तन र परिवर्तित सम्बन्धहरूको गहन अध्ययन गर्नु मह□वपूर्ण कुरा हो, जुन अध्ययनको मुख्य उद्देश्य पनि हो ।

## १ .५ अवधारणा र परिभाषा

यस अध्ययनमा प्रयोग हुने अवधारणा र परिभाषाहरू यस खण्डमा वर्णन गरिएको छन् ।

**पुनःवासः** सामान्य शब्दमा पुनःवास भनेको विस्थापित जनसमुदायको पुनः स्थापना हो । तसर्थ पुनःवास यस्तो उद्देश्यमूलक कार्यक्रम हो, जसअन्तर्गत विस्थापित जनसमुदायलाई कुनै नयाँ

भूभागमा पुनः व्यवस्थित ढङ्गले बसोबास गराइन्छ । साधारणतया यसको प्रकृति अनुरूप पुनःवासलाई दुई भागमा विभाजित गर्न सकिन्छ, इच्छित र अनिच्छित । मुक्त कमैयाहरूको पुनःवास अनिच्छित किसिमको पुनःवास हो, किनभने समाजको अन्तरनिहित संरचनाका कारण मुक्त कमैयाहरू दिनप्रति दिन विस्थापित तथा भूमिहीन भइरहेका छन् र पूर्व कमैयाहरूको स्थान परिवर्तन सरकारको मातहतमा नियोजित गराइन्छ । मुक्त कमैयाहरूको पुनःवास सरकारको अदूरदर्शिताका कारण अप्रभावकारी बन्न पुगेको छ । (पौडेल, २००२)

**पुनःस्थापना**: साधारणतया पुनःस्थापना भन्नाले स्थापित व्यक्तिहरूको सामाजिक तथा आर्थिक जीवनका साथै व्यक्तिको कमाउन सक्ने क्षमतालाई ध्यानमा राखी सम्पत्तिको पुनर्बहाली तथा पुनःसंरचनाको प्रकृतिलाई जनाउँदछ । गृहस्थी मात्रै नभएर समुदायलाई पनि समावेश गरेर कुनै नयाँ ठाउँमा विकासलाई निरन्तरता दिँदै वा सन्तुलित गर्दै सम्बर्द्धन तथा सुनिश्चित गर्नुलाई पुनःस्थापना भन्दछन् । त्यसकारण पुनःस्थापना एक प्रक्रिया हो जसअन्तर्गत आय, जीविकोपार्जन, जीवन तथा सामाजिक पद्धतिको पुनःस्थापना गरिन्छ । मुक्त कमैयासम्बन्धी सबै प्रकारका सामाजिक तथा आर्थिक क्रियाकलाप सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरूद्वारा उद्धार गर्ने गरिएको छ । यसै प्रक्रियालाई मुक्त कमैयाहरूको पुनःस्थापना भनिन्छ । (पौडेल, २००२)

## १.६ शोधपत्र प्रस्तुतीकरण

यो शोधपत्र ६ अध्यायमा विभाजित गरिएको छ । पहिलोमा अध्ययनको परिचय, पुनःस्थापना र पुनःवास, समस्याको कथन र अध्ययनको उद्देश्य, औचित्य र मह□व समावेश गरिएको छ । अध्याय- २ मा साहित्य समीक्षा प्रस्तुत गरिएको छ । अध्याय- ३ मा अध्ययन विधि, अध्याय- ४ मा अध्ययन क्षेत्रको साथै कमैया प्रथाको परिचय समावेश गरिएको छ । अध्याय- ५ प्राप्त आँकडाहरूको विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ । अध्याय- ६ मा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय- २

# साहित्य समीक्षा

## २ .१ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको पूर्व सिमानादेखि पश्चिम सिमानासम्म फैलिएर बसेका थारुहरू नेपालको आदिकाल देखिका बासिन्दा हुन् । यिनीहरूको उत्पत्ति बारे एउटै धारणा छैन । दक्षिण थार मरुभूमिबाट आएका हुनाले थारु नामकरण भएको भन्ने तर्क कसैले दिन्छन् भने कसैले मुसलमानी हमलाबाट भागेर आएका आइमाईका सन्तान भन्दछन् । (विष्ट, २०३०)

राना थारुहरू आफूलाई राजपूत भन्दछन् । भारतमा मुगलबाट राजपूत पराजित हुँदै गएपछि यिनीहरूका पत्नीहरू नोकरलाई लिएर उत्तर भारत हुँदै यस भेगमा आए । यिनीहरूका पति लडाइँमा मारिएकाले यिनीहरू नोकरसँग सम्बन्ध बनाई बस्न बाध्य भए । राजपूत नोकरबाट जन्माएका सन्तान नै राना थारु हुन् भन्ने जनश्रुति छ । यी घरका आइमाईले लोग्नेलाई भान्सामा जान नदिने, भात दिँदा भान्साबाट बाहिर ल्याएर दिने गर्दछन् र यसैलाई उक्त कुराको प्रमाणको रूपमा लिने गरेको मान्दछन् । (इन्सेक, २०४९)

तर उनीहरूको बनोटमा देखिने मङ्गोलियन आकृतिको प्रत्यक्ष असरलाई हालसालैको कुरासँग जोड्न मिल्दैन । यसकारण डोरबहादुर विष्टले थारुहरू शाक्य वंशज हुन् भनेर यिनीहरूलाई यही क्षेत्रकै आदिवासीको रूपमा किटान गरेका छन् । (विष्ट, २०३०) थारुहरू शक (शाक्य) हरूसित आफ्नो सम्बन्ध बताउँदै यसको समर्थनमा उनीहरू आफ्नो मङ्गोल आकृतिमा जोड दिन्छन् र देवी सहोदरा (बुद्ध-पत्नी यशोधरा) प्रति आदर गर्छन् । थारु महिलाहरूको भनाइ छ, यशोधरा ‘थारु’ थिइन् । (घिमिरे, २०५२) यस प्रकार थारु जाति नेपालका बहुसङ्ख्यक आदिवासी हुन् । औलोको प्रकोप र जङ्गली जनावरको जगजगीका बावजूद अत्यधिक सङ्ख्यामा रहिरहन सफल भएका थारुहरू नेपालको तराईका पूर्वदेखि पश्चिमसम्मका जिल्लाहरूमा सबभन्दा पुराना बासिन्दाका रूपमा स्थापित छन् । थारु जातिलाई केन्द्रबिन्दु बनाएर अनेकौं मानवशास्त्रीहरूले अध्ययन गरेका छन् । यस्ता अध्ययनहरू प्रायः संस्कृति, धर्म र परम्परासँग सम्बन्धित भएको पाइन्छ । ती मध्ये प्रमुख अध्ययनहरू यी हुन् : म्युलर-बोकर (१९९३), क्राउसकोफ (१९९५), म्याकडोनाल्ड (१९८०), रजौरे (१९८१) तथा प्याकुच्याल (१९८२) । (शर्मा र अन्य, १९९९)

थारुहरू को हुन् भन्ने कुरामा इतिहासकारहरूमा मत ऐक्यता नभए पनि थारुहरू नेपालका आदिवासी हुन् भन्ने कुरा विवाद देखिँदैन । त्यसैगरी दाङ्ग थारुहरूको मूल थलो हो र दाङ्ग उपत्यकामा थारु राजाहरूले राज्य गर्दथे भन्ने कुराका विभिन्न प्रमाण छन् । थारुहरूका अन्तिम राजा दङ्गीशरण थिए । उनले राज्य सञ्चालन गर्दाको दरबार रहेको ठाउँमा भग्नावशेषहरू अद्यापि भेटिन्छन् । थारु राज्यको शुरूवात र विस्तार बारे प्रशस्त प्रमाण नभेटिए पनि पतनको इतिहासलाई अध्ययन गर्दा जुम्लाका बली राजाभन्दा पनि पछिसम्म थारु राज्य थियो भन्ने कुरा थारुहरूको इतिहास थारु-पुराणबाट थाहा लागेको छ । १४६५ वि.सं. ताका पहाडी सामन्तहरूको गुटबन्दी बढ्दै जाँदा जुम्ला सिंजा राज्य शक्तिशाली हुँदै गयो । त्यसै ताका धेरै थारु राज्य सिंजा राज्यका राजा अशोक चल्लको अधीनमा भए । दाङ्गको सुकौराकोट राज्यलाई पहाडी सामन्त रतन पाण्डेले आक्रमण गरी सत्ताच्युत गराएका थिए । यसरी थारु राज्यको पतन पछि थारुहरू हरेक दृष्टिकोणबाट पछाडि पर्दै गए । समाजशास्त्र र वैज्ञानिक राजनीतिशास्त्रको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तअनुसार “जुन समुदाय राज्य सत्ता कब्जा गर्न सफल हुन्छ, त्यो समुदाय राज्य सत्ताको आडमा आर्थिक रुपले सम्पन्न हुंदै जान्छ र जुन समुदाय राज्य सत्ताबाट बञ्चित हुन्छ त्यो समुदाय राज्य सत्तामा रहने समुदायबाट हुने उत्पीडन र शोषणका कारण आर्थिक रूपमा विपन्न हुँदै जान्छ । यसरी आर्थिक रूपमा भएको अन्तरले कालान्तरमा त्यसबाट उचनीचको विभाजन हुन्छ । साँस्कृतिक रूपले सभ्य असभ्य भनेर चिनाइन्छ । यसो हुँदा भाषा, संस्कृति, रंग, नस्ल, पेशा, व्यवसायको क्षेत्रमा समेत जातीय शोषण हुँदै जान्छ । यस्तै शोषणमा परेका थारु जातिहरू राजाबाट रैतिमा परिणत भएर कमैया बन्न पुगे ।” (बेस, २०५६)

नेपालकै प्रथम मानवशास्त्रीका रूपमा परिचित मानवशास्त्री डोरबहादुर विष्टले आफ्नो जातीय अध्ययन *पीपल अफ नेपालमा* थारुहरूको सम्बन्धमा यसरी व्याख्या गरेका छन्- थारुहरू परम्परागत रूपमै किसान हुन् । यिनीहरूमध्ये केही धनी मालिकहरू पनि छन् भने केही अल्पसङ्ख्यक थारुहरूले पूर्वी तराईमा सफलताका साथ व्यापार गरिरहेका छन् । बहुसङ्ख्यक थारुहरू अति मेहनती र ज्यालामा खनजोत गर्दछन् । मध्य-पूर्वी तराईमा खनजोतको काम गर्ने थारुहरू अति प्राचीन तरिकाद्वारा खनजोत गर्दछन् । धेरैजसो थारुहरू जुन दाङ्ग-देउखुरीमा बसोबास गरिरहेका छन् । तिनीहरू निर्दयी जमिनदार, मालिकहरू र राजश्व असूली गर्नेहरूबाट शोषित भएका छन् । वस्तुतः तिनीहरू जमिनदारहरूका दास भएर रहेका छन् र तिनीहरू जमिनदारको इच्छाअनुसार खरिद-विक्री हुन्छन् । तिनीहरूमध्ये धेरै जसो भूमिहिन र अधियार किसान भएकोले तिनीहरूले पूर्ण रूपमा जमिनदारको दयामा नै

बाँच्नुपर्छ । प्रत्येक वर्ष तिनीहरू ऋणमा डुब्दै जान्छन् र अन्त्यमा तिनीहरू अर्को जमिनदारसँग नयाँ ठाउँमा खनजोतको लागि बेचिन्छन् ।

सन् १९६० को शुरूवातमा औलो उन्मूलनको कार्यक्रम लागू नहुँदासम्म पश्चिमी तराईमा थारु जाति मात्रै वर्षभरि रैथाने बासिन्दा थिए । यद्यपि कम्तीमा पनि चौधौं शताब्दीदेखि नै पश्चिमी तराईमा विभिन्न बाहिरिया शक्तिहरूको आधिपत्य रहँदै आए पनि थारुहरू आफ्नो स्थानीय मामिला सञ्चालन गर्न धेरै हदसम्म स्वतन्त्र थिए । तर विगतको अन्तिम एक शताब्दीभित्र थारुहरूको स्वशासन निरन्तर कमजोर हुँदै गयो । नेपाली राज्य सत्ताको तराई क्षेत्रमा आफ्नो प्रशासकीय संयन्त्र विस्तार गर्ने स्पष्ट नीति अनुरूप नै पहाडी क्षेत्रका उच्च जात भनिने हिन्दूहरू (जसलाई थारुहरूले अहिलेसम्म पनि 'पहाडी' भन्दछन्) ले स्थानीय थारुहरूको अधिकारलाई क्रमशः विस्थापित गर्दै लगे । यो अधिकारको विस्थापनले थारुहरूले ओगटेको जमिनमा पहाडीहरूको अतिक्रमण शुरू भयो । (फुजीकुरा, वि.सं. २०६१) दाङ्ग उपत्यकाको *क्रिश्चियन म्याकडोनाल्ड*को अध्ययन रिपोर्टमा भएको *म्याकडोनाल्ड*को सर्वेक्षणको सन्दर्भमा भनिएको छ- सन् १९१२ मा कर बुझाउँने धेरै जसो जग्गाधनी थारुहरू थिए । सन् १९६० को अन्त्यतिर आई पुग्दा बहुसङ्ख्यक जग्गाधनी पहाडी पाइए । दाङ्गमा त्यसबेलासम्म करिब ८० प्रतिशत थारुहरू मोही भइसकेका थिए । ती मध्ये बहुसङ्ख्यकको स्वामित्वमा कुनै जमिन नै नभएको वा भए पनि अति थोरै अनुपातमा थियो । थारुहरूले खेती गर्ने लगभग ९० प्रतिशत जमिन पहाडीहरूको स्वामित्वमा थियो । (फुजीकुरा, वि.सं. २०६१)

कमैया शब्दको आधुनिक अर्थ बँधुवा मजदुर हो । नेपालमा विभिन्न प्रकारका बँधुवा मजदुरहरू छन्, ती मध्ये कमैया प्रथा सम्भवतः सबैभन्दा बढी शोषणकारी रूप थियो । कमैया प्रथा कृषि मजदुर र जमिनदार बीच हरेक वर्ष हुने करारमा आधारित हुन्थ्यो । कमैयाले हरेक माघी अर्थात् नववर्षमा जमिनदारसँग करार गर्थ्यो । जमिनदारले एउटा निश्चित पारिश्रमिक दिने वाचा गर्नुपर्थ्यो । यस्तो पारिश्रमिक धेरैजसो धानको रूपमा हुन्थ्यो । यसको बदलामा कमैयाले जमिनदारको लागि वर्षभरी काम गर्नुपर्थ्यो । (पीटर, २००१) कमैया भन्नाले परिवारको गुर्धरिया (परिवारको मूली अर्थात् प्रायः जेठो दाजु) बाहेक अन्य सबै वयस्क पुरुष सदस्यहरू भन्ने बुझिन्थ्यो । कमैया तथा उसकी श्रीमती (कमलहरी) परिवारको लागि धान लगायत अन्य खाद्य उत्पादन गर्न मुख्य जिम्मेवार हुन्थे । थारुहरूको ठूलो पारिवारिक संरचनामा गुर्धरिया बाहेकको विवाहित छोराहरूलाई भाइ बुक्राहा भनिन्थ्यो भने उनीहरूकी श्रीमतीलाई बुक्रही भनिन्थ्यो । (फुजीकुरा, वि.सं. २०६१) कमैया परिवारका केटाकेटीले पनि जग्गाधनीको लागि काम गर्नुपर्ने बाध्यता भएको पाइन्थ्यो । जग्गाधनीको घरधन्दाको काम गर्नुपर्थ्यो । एकसरो लुगाफाटो र बिहान बेलुकाको खाना खाएर काम गर्नुपर्ने हुँदा

केटाकेटीहरूले परिवारको आयमा योगदान गर्न सक्दैनथे । यसरी कमैया परिवारअन्तर्गत सिङ्गै परिवार नै बाँधिएको हुन्थ्यो । न्यूनतम् ज्यालादार र मालिककोमा बाहेक अन्यत्र काम गर्न स्वतन्त्र नहुनाले कमैयाहरू दैनिक खर्च र अड्को पड्को टार्न मालिकबाटै ऋण काढ्न बाध्य हुन्थे । चुलिंदै गएको ऋणले कमैयालाई बँधुवा बनाउँथ्यो । एउटा मालिकबाट अर्को मालिककहाँ सर्नुपर्दा नयाँ मालिकले पुरानो मालिकको ऋण तिरी दिनुपर्ने हुन्थ्यो र यसैलाई “सौंकी” या “भोटो” भन्ने चलन थियो । मालिक परिवर्तन गर्ने निर्णय माघी अर्थात् माघको पहिलो हप्ता भित्र लिइन्थ्यो । यो बेला कमैयाहरूको किनमेल हुन्थ्यो । सौंकि तिरी दिने मालिकले कमैयालाई आफूतिर आकर्षित गर्दथे । मालिक परिवर्तन भए पनि कमैयाको दुःख र कामको चाप यथावत् हुन्थ्यो, बरु सौंकिसँगै कमैयालाई खानपिन र किनमेलका लागि अझ बढी ऋण लिएर बाँधा भइरहने प्रक्रियालाई मजबूत बनाउँथ्यो । कमैयालाई घर (बुक्रा) र तरकारी बारीको रूपमा एक दुई कट्टा जग्गा काम गरुञ्जेलसम्मको लागि दिने चलन पनि थियो । यस्तो जग्गालाई “छेउटी” भनिन्थ्यो । (शर्मा र अन्य, १९९९)

कमैया प्रचलनमा विविधताबारे छलफल गर्दा कुनै व्यक्ति केही वर्ष कमैयाको रूपमा काम गरेर आफ्नो सौंकि या त आफै या परिवारको अन्य सदस्यको सहयोगमा तिर्न सकेका केही घटनाहरू थिए । केही परिवारहरूले दुई तीन पुस्तादेखि एउटै जमिनदारको लागि कमैयाको रूपमा काम गरेका पनि थिए । कुनै पनि व्यक्ति मात्र जमिनदारकहाँ काम गर्ने कमैया भएको (एकसरो कमैया) वा पूरै परिवारलाई नै जमिनदारले कमैयाको रूपमा राखेको ( बुक्राइ कमैया) सबै किसिमका उदाहरणहरू पनि प्रशस्त थिए । अझ कुनै एउटै परिवारका दुई जना सदस्य एउटै जमिनदारकोमा कमैया बसेका पनि हुन्थे । जस्तै बाबु र एउटा छोरो कुनै जमिनदारकोमा कमैया भए पनि अरु छोराहरू कमैया नभएका पनि हुन्थे । ठूलो ऋण भएका कमैयादेखि एक थोपा ऋण नभएका कमैयासम्म हुन्थे । जग्गा जमिन तथा घरबार केही नभएका अर्थात् बासको लागि जमिनदारमा पूर्ण रूपले आश्रित कमैयादेखि जमिनदारकोमा काम गरे पनि आफ्नो घरसम्म भएका कमैया पनि हुन्थे । धेरै जसो कमैयाले प्रत्येक वर्ष बालीनाली वा नगदको निश्चित परिमाण पाउँथे भने कसै कसैले उत्पादनको निश्चित अंश नै प्राप्त गर्थे । *स्पेस*ले खेतीका लागि काम गर्ने कामदारलाई ५ किसिममा वर्गीकरण गरेको छ- खेतीको निश्चित अंश पाउँने अंशियार, किसान (बँटैया), ज्यालादारीमा काम गर्ने कामदार, एकसरो कमैया, सौंकि नभएको बुक्राही कमैया र सौंकि भएको बुक्राही कमैया । बँटैयाले खेतीपातीमा आफ्नो तर्फबाट उल्लेख्य रूपमा आधा जस्तो बिउ र मल, एक हल गोरुको लगानी गरेको हुन्थ्यो र उत्पादनको आधा भाग प्राप्त गर्दथ्यो । तर खेतीको केही भाग पाउँने कमैयाले आफ्नो तर्फबाट केही यस्तो लगानी गरेको हुँदैनथ्यो र उत्पादनको एक तिहाइ वा एक चौथाइ मात्र प्राप्त गर्थ्यो । अर्कोतिर ज्यालादारीमा काम गर्ने कामदारले काम

लगाएको पारिश्रमिक भने त्यही दिन प्राप्त गर्दथ्यो । तर कमैयाको सम्झौता भने एक वर्षको हुन्थ्यो । बँटैया र ज्यालादारी कामदारभन्दा फरक कमैयासँग स्वतन्त्र समय हुँदैनथ्यो । बँटैया र ज्यालादारी कामदारले घुमफिर/मनोरञ्जनको लागि फुर्सत निकाल्न सक्छन् तर कमैयाहरूलाई फुर्सतको समय निकाल्न सम्भव हुँदैनथ्यो । (फुजिकुरा, वि.सं. २०६१)

"कैलाली गेटाका डोठेराम चौधरी जमिनदारकहाँ कमैया बसिरहेका छन् । उनको परिवारका केटाकेटी, बूढाबूढी काम गर्छन्, दिनको चौध घण्टासम्म । आफ्नो चाडपर्व माघीको बेला बाहेक अरु दिन अर्थात् वर्षको झण्डै ३५० दिन उनीहरूले काम गर्नुपर्छ । डोठेरामको परिवारले तीन पुस्तादेखि यसरी काम गर्दा धन हैन ऋण कमाएका छन्" (हिमाल, वि.सं. २०५७) यसरी कमैया प्रथामा श्रमको अत्याधिक शोषण हुन्थ्यो । "कम आय र बढ्दो ऋणले उनीहरू झन्झन् गरिबीको खाडलमा उम्किनै नसक्ने गरी भाँसिदै जान्छन् ।" (शर्मा र अन्य, १९९९) यसरी उनीहरूको आर्थिक चरम शोषणको प्रक्रिया अगाडि बढ्थ्यो । कमैयाहरू जमिनदारको धन वा पैतृक सम्पत्तिको रूपमा गणना हुन्थे र अंश बण्डा हुँदा कमैयाहरू छुट्याउँने क्रममा भाइ-भाइ बीच झगडा समेत हुन्थ्यो । (फुजिकुरा, वि.सं. २०६१) आफ्नो ऋण र गरीबीले गर्दा धेरै जसो कमैयाहरू जमिनदारमाथि सम्पूर्ण रूपमा निर्भर हुन्थे । एकैछिन बजारमा जान पनि मालिको आज्ञा चाहिन्थ्यो, शायद उसले भाडा माग्नुपर्थ्यो अथवा उसले कामबाट छुट्टी पाउँन उसको आज्ञा लिनुपर्थ्यो । यसप्रकार कमैयाका सामाजिक जीवनका धेरै पक्षहरू जस्तै घुमफिर गर्ने स्वतन्त्रता, औषधोपचारको पहुँच, सम्पत्तिमा अधिकार र विशेष गरी उनीहरूको आफ्नो बालबच्चाहरूमाथि अधिकार उनीहरूको मालिकको नियन्त्रणमा हुन्थ्यो कम्तीमा सामाजिक प्राणीको रूपमा कमैयाको अस्तित्वमाथि कमैयाको नाताले जमिनदारले अधिकार जनाउँथे । कोही बेचिन्थे भने कोही किनिन्थे । यसको चरम अवस्थाको रूपमा कमैया यस्तो मान्छेको रूपमा परिणत हुन्थे, जो सामाजिक मृत्युका बावजूद पनि काम गरिरहन्थे, बाँचिरहन्थे, शायद सपना पनि देख्थे । (पीटर, २००१)

स्थानीय रूपमा चुनिएको गाउँको व्यक्ति (भला मन्सा वा महतो) ले बोलाएको गाउँले सभामा समेत कमैयाहरू सहभागी हुन पाउँदैनथे । तसर्थ गाउँको कुनै पनि राजनीतिक, आर्थिक, कानूनी मामिलामा कमैयाहरूको आवाज पुग्दैनथ्यो । (फुजिकुरा, वि.सं. २०६१) थारुहरू, अझ गरीब थारुहरू र कमैया परिवारबीच निरक्षरता व्यापक छ । यसले बैकल्पिक रोजगारका अवसरलाई सीमित तुल्याउँछ र लेनदेनको क्रममा मालिकले के गरे भन्ने उनीहरूलाई पत्तै हुँदैन । नक्कली तमसुक र कागजपत्रहरूले पिरोलिएका कमैया परिवारका उदाहरण कति छन् कति । यस्तो थिचोमिचोबाट बचावटका लागि सरकारले थारुहरूले जग्गा

बेच्दा नजिकको नातेदारले साक्षी बस्नुपर्ने बनाएको प्रावधान अझै लागू छ । यस्ता साक्षीले प्रमुख जिल्ला अधिकारी समक्ष "मेरो मिलेमतोमा कारोबार भएको हो" भनी बयान नदिउञ्जेल जग्गाको किनबेच हुँदैन । (शर्मा र अन्य, १९९९) यसप्रकार कमैयाहरू श्रम, आर्थिक, राजनैतिक, सामाजिक तथा यौन शोषणको मारमा परेका थिए । यस्तो किसिमको प्रबन्धले शोषणलाई कुन हदसम्म लैजान सक्छ भनेर हामी भन्न सक्छौं । इन्सेकले २०४८ मा पश्चिम तराईका तीनवटा जिल्लाहरू बर्दिया, कैलाली र कञ्चनपुरमा क्रमशः ९,१२५ जना, ६,९६४ जना र १,५७९ जना कमैयाको अन्तर्वार्ता लियो तथा तथ्य सङ्कलन गर्‍यो जस अध्ययनले नेपालमा कमैया प्रथा भित्र बँधुवा मजदुर दास प्रथाको अवशेषको रूपमा देखाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सबैको ध्यान खिँच्दै सबैलाई चकित पार्‍यो । (इन्सेक, वि.सं. २०४९) यसपछि २०५१ मा बेसको तथ्याङ्क अनुसार कमैया बस्ने गरेका ९८ प्रतिशत थारु जातिका मानिस छन् । पाँच जिल्लामा कूल कमैया सङ्ख्या लगभग ३६,००० भएको कुरा उल्लेख गरिएको छ । सुकुम्बासी आयोगले २०५२ मा ५ जिल्लाहरूमा सर्वेक्षण गर्‍यो र कमैया परिवार १७,४३५ रहेको तथ्याङ्क अघि सार्‍यो । यो सर्वेक्षणले जम्माजम्मी कमैया सङ्ख्या २५,७३२ रहेको अनुमान प्रस्तुत गर्‍यो । (शर्मा र अन्य, १९९९, कार्यपत्र, वि.सं. २०५६, बेस) २०५६ सम्म गरिएका विभिन्न सर्वेक्षणअनुसार यसरी जम्मा कमैया परिवारको कूल सङ्ख्या ८३,३७५ देखि दुई लाखसम्म भएको देखाएको थियो ।

नेपालको संविधान २०४७ को धारा २० मा लेखिएको थियो- "मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमको निजको इच्छा विरुद्ध काम लगाउन निषेध गरिएको छ । यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।" मुलुकी ऐन भाग ४ को महल ११ मा "कसैले कसैलाई कमारा कमारी बनाउँन, दास तुल्याउँन वा बाँधा बनाउँनु हुँदैन । त्यसरी कमारा कमारी बनाउँने, दास तुल्याउँने वा बाँधा बनाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद हुन्छ र अदालतले त्यस्तो व्यक्तिलाई उचित क्षतिपूर्ति समेत भराई दिन सक्नेछ" भनिएको छ । साथै नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय मानव अधिकार घोषणा-पत्रअन्तर्गत दासत्व विरुद्ध सम्बन्धी दफा ४, १३, २३ ले पनि बाँधा राख्न नपाउँने व्यवस्था गरेका छन् । ऐतिहासिक काललाई हेर्ने हो भने थारुहरू सामाजिक, आर्थिक र राजनैतिक शोषणमा परेका थिए । शोषणले उनीहरूमा विद्रोह जन्माएको थियो । उनीहरूले दाङ्गमा धेरै विद्रोह गरेका थिए । दाङ्गको बेलुवा बञ्जाडी काण्ड यसको ज्वलन्त उदाहरण हो । विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिरहेको बेलामा नेपालमा अठारौं शताब्दीको दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथा नेपालका मध्य-पश्चिम एवं सुदूरपश्चिम क्षेत्रका पांच जिल्लाहरू दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा अद्यावधि विद्यमान छ । राष्ट्रिय,

अन्तर्राष्ट्रिय कानूनमा बाँधा बनाउन नहुने उल्लेख भइसकेको परिप्रेक्ष्यमा नेपालमा कमैया प्रथा रहिरहनु नेपाल र नेपालीको गौरव एवं प्रतिष्ठामाथि प्रश्न चिन्ह खडा हुनु थियो । (बेस, २०५६)

## २.२ मुक्ति आन्दोलनका प्रयासहरू

दास प्रथाको अवशेषका रुपमा रहेको कमैया प्रथाको अन्त्यका लागि सरकारी र गैर सरकारी स्तरबाट तीब्र प्रयास हुंदै आएको हो र कमैया मुक्तिको घोषणालाई त्यही प्रयासको परिणामको रूपमा स्वीकार गरिनुपर्दछ । (हिमालय टाइम्स, २०५७ साउन ४) जमिनदारले तीब्र शोषण गरेका, बाँधा बनाएका एक दुई जना कमैयालाई मुक्त गराउने योजना राखेर रातरातभर कमैयाकहाँ र मौका परेका बेला जमिनदारसँग कुरा राख्ने गरेका यज्ञराज चौधरी मुक्ति आन्दोलनका एक मुख्य पात्र हुन् । उनैले 'कन्भिन्स' गरेका कमैयाहरूको जमिनदार विरुद्ध मुद्दा हाल्ने हिम्मतिलो निर्णयले मुक्ति आन्दोलन शुरू हुन सकेको हो । (कान्तिपुर, २०५७ साउन ४) कमैयाहरूको मुक्तिका लागि सबैभन्दा बढी जस कसैलाई दिने हो भने त्यो *ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस)* ले पाउँछ र त्यस सङ्गठनलाई यति सक्षम बनाउँने कामको नेतृ□व गरेका छन् डिल्लीबहादुर चौधरीले । २०४३/४४ तिर दाङ्गको एउटा गाउँमा तरकारी खेती र साक्षरता कक्षा जस्ता काम गर्ने चारपाते क्लबलाई 'बेस' को रूपमा विकसित गरेर उनले सुदूरपश्चिमका ६ जिल्लाका एक लाखभन्दा बढी मानिससम्म पुर्‍याए । मुक्तिका लागि कमैयाहरूमा आएको चेतना र राजनीतिक दलहरूको समर्थनका निम्ति 'अशोका फेलो' डिल्लीले 'बेस' मार्फत डेढ दशकदेखि त्यस क्षेत्रमा चलाएको व्यापक साक्षरता अभियानलाई नै मुख्य कारण ठान्न सकिन्छ । (गोरखापत्र, २०५७ साउन १९) चौधरीहरूको बलियो प्रतिनिधित्व रहेको गैरसरकारी संस्था बेसका अध्यक्ष डिल्लीबहादुर चौधरीको बलियो समर्थनका आडमा आन्दोलनको आगो सल्किए पछि डिल्लीकै राष्ट्रिय, अन्तर्राष्ट्रिय चिनजान, 'लबिइङ्ग' ले आन्दोलन चर्किंदै गयो । झण्डै एक दर्जन गैरसरकारी समूहको समर्थन रहेको आन्दोलन करिब साढे दुई महिनामा सफल भयो । कैलालीको गेटाका यज्ञराजले आफ्नो नजिकका सबैभन्दा बढी कमैया राख्ने मध्ये शिवराज पन्तका कमैयाहरूलाई सचेत बनाउने योजना बनाए । पहिलो चरणमा उनले कमैयाहरूलाई माघीका बेला जमिनदारसँग 'ज्याला पुगेन, बढाइ देऊ' भन्न सिकाए । कमैयाहरू पन्तकहाँ पुगे पनि बोली फुट्न सकेन । साविकको ज्यालामा टाउको हल्लाएर उनीहरू घर फर्के । दोस्रो वर्ष महिलाले पनि पुरुष बराबर धान पाउनुपर्ने, सित्तैमा काम नगर्ने भन्न सिकाए । त्यस वर्ष पनि 'मन्त्रीजी' पन्तका अगाडि कमैयाहरूको केही लागेन । तेस्रो वर्ष ठ्याक्कै माघीका दिनदेखि लागू हुने गरी सरकारले कृषि

मजदुरको दैनिक न्यूनतम् ज्याला तोक्यो । लगातार तीन वर्ष छलफल गरिसके पछि कमैयाहरूबीच आफू शोषित भएको महसुस भएको थियो । पहिले आफू-आफूबीच झगडा गर्ने कमैयाहरू अब सरसल्लाह गर्न थालेका थिए । जमिनदारको अगाडि कसरी मुख खोल्ने भन्ने योजना बनाइरहेका थिए । उनीहरूले अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारी वैशाख १९ गते गाउँ विकास समितिमा न्यूनतम् ज्याला पाउँनुपर्ने निवेदन दर्ता गर्न खोजे । गाविस अध्यक्ष नभएकोले उनीहरूको निवेदन दर्ता गरिएन । केही दिन पछि साउन २३ गते गाउँ फर्केका गेटा गाविस अध्यक्ष सन्त बहादुर कार्कीले निवेदन दर्ता गरे । न्यूनतम ज्यालाको निहूँ पारी शुरू गरिएको आन्दोलनले नयाँ मोड लियो । उनीहरूले बाँधा, मुक्ति, सौकि खारेजी, बसोबास र शान्ति सुरक्षाको माग गर्दै गाविसमा निवेदन दिए । गाविसले न्यूनतम ज्याला निश्चित गर्ने बाहेक अरु गर्न नसक्ने बताए पछि उनीहरू जिल्ला प्रशासन कार्यालय पुगे । ( कान्तिपुर, २०५७ साउन ४) पीडितहरूका समस्या समाधान गर्नुको साटो प्रमुख जिल्ला अधिकारी ताना गौतमले त्यहाँ पुगेका कमैयाहरूलाई असभ्य र अभद्र व्यवहार गरेकाले न्याय खोज्न जाँदा न्यायकर्ताबाट भएको अभद्र व्यवहारले आक्रोशित कमैयाहरूले तत्काल नारा जुलुश गर्दै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए । (जनएकता साप्ताहिक, जेठ ९) "कांग्रेस कार्यकर्ताले कमैयालाई यातना दिने गरेको आरोप" भन्ने शीर्षकमा *कान्तिपुर*मा छापिएको लेखमा भनिएको छ, "प्रमुख विपक्षी दलका नेता माधवकुमार नेपालले सत्तारुढ नेपाली काङ्ग्रेसका कार्यकर्ताले कमैया राखी यातना दिने गरेकोले सरकार त्यस्ता व्यक्तिलाई कारवाही गर्न हिच्किचाएको आरोप लगाउनु भएको छ । नेकपा एमालेका महासचिव नेपालले भन्नुभयो- 'कैलालीको धनगढीमा एक सामन्तीले राज्य सत्ताको आड लिएर कमैयालाई यातना दिइरहेका छन् काङ्ग्रेस समर्थित ती सामन्तीको अगाडि प्रशासन पनि निरीह बनेको छ । स्वयं प्रधानमन्त्री समेत कारवाहीको लागि निरीह बनिरहनुभएको छ ।'" (कान्तिपुर, २०५७ जेठ १) सरकारले आर्थिक वर्ष २०५७/५८ मा कमैया ऋण मोचन कोषमा एक करोड एकचालिस लाख रूपैंयाँ जम्मा गरिसकेको जानकारी बजेट वक्तव्यमा दिइएको छ । अस्ति सोमबार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा उठाएका प्रश्नहरूको स्पष्टीकरण दिँदै प्रतिनिधि सभामा कमैया प्रथाको अन्त गर्न सरकारद्वारा कमैया मालिकहरूका लागि केही न केही क्षतिपूर्ति रकम प्रदान गरिने कुरा बताउनु भएको थियो । ( बुधबार साप्ताहिक, २०५७ जेठ २५) यसरी विभिन्न घटनाहरू हेर्दा राज्यले पनि सामन्तहरूको पक्षमा उभिएर शोषितहरूमाथि थप शोषण गरेको देखिन्छ । यसै सन्दर्भमा नेपालमा बाँधा मुक्तिसम्बन्धी अहिलेसम्म भएका प्रयासहरूको बाटो नै गलत भएको कुरा अन्तर्राष्ट्रिय दासता

विरोधी पुरस्कार १९९९ द्वारा सम्मानित व्यक्तित्व विवेक पण्डितले बताउनुभएको छ । "मालिकलाई माला लगाएर सम्मान गर्ने प्रक्रियाबाट बाँधा मजदुरको मुक्ति हुन सक्दैन । सानो चोरी गर्नेलाई कानूनी कारवाही हुन्छ, तर जिन्दगी भर रगत चुस्नेलाई माला लगाएर सम्मानित गरेको देखेपछि बाँधाहरूको मनोवैज्ञानिक मुक्ति कसरी सम्भव हुन सक्छ ?" (नेपाल समाचारपत्र, २०५७ वैशाख १७) आन्दोलनमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समर्थन र सहभागिता बढ्दै गयो ।

### २.२.१ कमैयाहरूको तर्फबाट चालिएका प्रयासहरू

कञ्चनपुर जिल्लामा वि.सं. २०४८ साल माघमा कमैयाहरूले मुक्तिको प्रयास गर्दै जुलुस निकाल्ने र स्थानीय प्रशासनलाई घेराउ गरी सरकारको ध्यान आफूतर्फ तान्न प्रयत्न गरे । वि.सं. २०४९ सालको वर्षाकालीन अधिवेशनमा नै कमैया प्रथा उन्मूलन ऐन बनाइयोस् भनी कञ्चनपुर नेकपा (एमाले) का कार्यकर्ताहरूले २७ दिनसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए । (कमैया र इन्सेक, २०५०) त्यसैगरी, कैलाली जिल्लाअन्तर्गत गेटा गा.वि.स. का भूतपूर्वमन्त्री शिवराज पन्तको घरमा रहेका कमैयाबाट मुक्तिको लागि शुरूवात गरेको आन्दोलन नै सम्भवत कमैयाको तर्फबाट भएको पहिलो आन्दोलन हो भन्न सकिन्छ । वि.सं. २०५७ साल वैशाख १९ गते (मे. १) अन्तर्राष्ट्रिय श्रमिक दिवसको दिन निवेदन दर्ता गराउन गए । वैशाख २८ गते गैर सरकारी संस्था, सरकारी निकाय, जमिनदार तथा स्वतन्त्र व्यक्ति गरी सय जना जति गेटा गा.वि.स. मा उपस्थिति भए, सो सम्बन्धी जमिनदारले निर्णय नदिए पछि नौ सदस्यीय दबाब समूह खडा गरे । वैशाख २९ गते १९ जना कमैयाले आफ्नो उजुरी निवेदन जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता गराउन गए । तर प्रमुख जिल्ला अधिकारीले निवेदन अस्वीकार गरे, किनकि त्यो निवेदन गैर सरकारी संस्थाको नाममा थियो तर निवेदन अस्वीकार भएपछि कमैया र अरु सहयोगी संस्थाका प्रतिनिधि जिल्ला प्रशासनमा धर्ना दिए ।

वि.सं. २०५७ साल जेष्ठ १ गते ८,००० जनताको जुलुस र धनगढी बजार बन्द पछि जेष्ठ ८ गते भूमिसुधार तथा व्यवस्था राज्य मन्त्री गोपाल राई कैलालीमा भ्रमण गरे । भ्रमण पश्चात् उनले रेडियोमा मानवाधिकारवादीहरूले भने जस्तो समस्या नभएको भन्ने आफ्नो वक्तव्य दिए । जसअन्तर्गत सरकारले ती १९ जना कमैयालाई गेटा गा.वि.स. अन्तर्गत ३ बिगाहा जमिन दिने निर्णय गरे । त्यसैगरी जेष्ठ ८ गते भूमिसुधार कार्यालय कञ्चनपुरद्वारा झलारी गाउँ विकासमा सञ्चालित सीपमूलक तालिमका सहभागी कमैयाहरूलाई सम्बोधन

गर्दै भूमिसुधार तथा व्यवस्था मन्त्री राईले पनि तत्कालिनले कमैयाहरूको आर्थिक विकासका लागि विभिन्न किसिमका कार्यक्रम सञ्चालन गर्दै आईरहेको बताए । भूमिसुधार कार्यालय कञ्चनपुरको निरीक्षण गरी तत्कालीन सरकारको नीति अनुरूप जिल्लामा छरिएर रहेका कमैयाहरूलाई जिल्ला कमैया बसोबास कार्यक्रमअन्तर्गत देखतभुली गाउं विकास समिति वडा नं. ६ मा प्रतिव्यक्ति २/२ कट्ठाका दरले ४० घरवार विहीन कमैयाहरूलाई निःशुल्क जग्गा उपलब्ध गराएको छ । आ.व. २०५२/२०५३ मा भूमिसुधार कार्यालयले कमैया बसोबास समितिका नाममा रु.११ लाख २५ हजारमा पाँच बिघा जग्गा सो ठाउंमा किनेको थियो । उक्त जग्गा मध्ये चार विघामा कमैयाहरू बसाउने र एक बिघामा बाटो-घाटो, स्कूल, खानेपानी, मन्दिर, उद्यान र पाटीपौवा निर्माण गर्ने योजना रहेको छ । कमैयाले प्राप्त गरेको जग्गा २५ वर्षसम्म बेच्न नपाइने व्यवस्था मिलाइएको थियो । यो कमैयाका लागि ऋण मोचन कार्यक्रमअन्तर्गतको थियो (हिमालय टाईम्स, जेष्ठ ८ वि.सं. २०५७) । त्यस्तै जेष्ठ २६ गते नेपाल कम्युनिष्ट पार्टी एमालेको कैलाली जिल्ला समितिले आफ्नो कार्यकर्ताहरूले कमैया राख्न नपाउने निर्णय गरे ।

यसरी सल्कदै गएको आन्दोलनरुपि आगो वरिपरिका क्षेत्रमा फैलदै गयो । यसै बीच कञ्चनपुरमा जमिनदार विरुद्ध कमैयाहरूद्वारा सङ्घर्ष शुरू भयो । असार ४ गते आइतबार जिल्लाका विभिन्न गा.वि.स. बाट यहाँ आएका ७३ जना कमैयाहरूले जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा निवेदन दर्ता गरे ।

नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ, कञ्चनपुरद्वारा कार्यक्रम संचालन भइरहेको जिल्लाको दक्षिणी भाग परासन, त्रिभुवनबस्ती, कालिका, लक्ष्मीपुर र शङ्करपुरका ४८ जना, मानव अधिकार तथा वातावरण संरक्षण मञ्चको कार्यक्षेत्र (सुडा, दैजी र पीपलाडी) का २५ जना कमैया आइतबार उजुरी दर्ता गराउने मध्ये रहेका छन् । जसमा ९ वर्षदेखि १५ वर्षीयासम्मका  बालबालिका समावेश थिए ।

यसरी जिल्ला प्रशासन कार्यालयमा कमैयाहरूद्वारा उजुरी दर्ता गर्ने क्रममा जिल्ला विकास समितिका सभापति ऋषिराज लुम्साली, उप-सभापति राजेन्द्र रावल र नेपाली काङ्ग्रेस कञ्चनपुरका सचिव यज्ञराज चटौतको उपस्थिति थियो । उजुरी दर्ता सम्पन्न भएपछि जिल्ला प्रशासन कार्यालयको हाता नजिक कमैयाहरूको समर्थनमा कोणसभा सम्पन्न भएको थियो (कान्तिपुर दैनिक असार ४ वि.सं. २०५७) ।

असार ३ गते कमैया पुनःस्थापनाको योजना तैयार गर्न अपिल जारी गऱ्यो । नेपालमा कार्यरत तीनवटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संयुक्त अपिलमा भनिएको छ "यी कमैयाहरू नेपालमा प्रजातन्त्र पुनःस्थापना भएको १० वर्ष र दास प्रथा उन्मूलन गरिएको ७० वर्ष पछि पनि दासत्व अभिसन्धि सन् १९४८ को संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार घोषणापत्रजस्ता अन्तर्राष्ट्रिय सन्धिहरूले गैरकानुनी घोषित गरिसकेका छन् । सन् १९९० को नेपालको संविधानले कमारा कमारी बनाउन दास वा यस्तै किसिमले जबरजस्ती श्रममा लगाउने कामलाई निषेध गरेको छ । मुलुकी ऐनले यस्तो प्रतिबन्ध उल्लङ्घन गर्नेलाई दण्ड सजाएको व्यवस्था गरेको थियो ।

## २.२.२ सरकारको तर्फबाट चालिएका प्रयासहरू

कमैया मुक्ति गर्ने सरकारी प्रयास स्वरूप प्रतिनिधि सभामा २०४९ साल भदौ १० गते नेकपा (एमाले) का सांसद केशवप्रसाद वडालले "कमैयाहरूलाई ऋण मुक्त गरी उनीहरूको बसोबास र रोजगारीको व्यवस्था गरियोस्" भनेर राखेको प्रस्तावमा छलफल गरियो । सो छलफलमा कैलाली, कञ्चनपुर र बर्दियाका सांसदहरूको कमैया प्रथा उन्मूलन गर्न आवश्यक छ भन्ने राय व्यक्त गरे । तात्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री जगन्नाथ आचार्यले सरकार कमैया प्रथा उन्मूलन गर्ने दिशामा कार्यरत छ, भन्ने बचन दिए । वि.सं. २०५१ साल भदौ १ गतेका दिन प्रतिनिधि सभामा यस विषयमा छलफल भयो र राष्ट्रिय सभामा पनि यो प्रथा उन्मूलन हुनुपर्छ भन्ने माग गरे । त्यसैगरी वि.सं. २०५१ सालमा नेकपा (एमाले) को सरकारले कमैयाहरूका आवासका लागि रु.१ करोड विनियोजन र तत्सम्बन्धमा प्रतिवेदन सार्वजनिक गऱ्यो । २०५२ साल आश्विन महिनामा तात्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाको प्रधानमन्त्रित्व कालमा गठित नेका र राप्रपाको संयुक्त सरकारले नीति र कार्यक्रममा कमैया मुक्ति विकास कार्यक्रम शुरू गर्ने निर्णय गरे । २०५२ सालको तथ्याङ्कअनुसार तत्कालीन सरकारले कमैया ऋण मोचन कार्यक्रम ल्याएको थियो । तर त्यसको विरोध गैर सरकारी संस्थाले गरे किनकी यिनी कमैया प्रथा उन्मूलन नै चाहन्थे ।

त्यसपछि सरकारको तर्फबाट वि.सं. २०५५ साल कार्तिक १६ गतेका दिन तत्कालिन सरकारको निर्णयअनुसार श्री पुष्कर ओझाको अध्यक्षतामा गठित शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तार जग्गा समस्या समाधान समिति कञ्चनपुरले आरक्ष विस्तार क्षेत्र भित्र कमैयाहरूलाई पुनःवास गर्ने गऱ्यो । (इन्सेक, २०५७)

मुक्त कमैया परिवारहरूलाई सरकारद्वारा ५ कट्टा जमिन दिने घोषणा गरियो । त्यसै प्रक्रिया अन्तर्गत भूमिसुधार मन्त्रालयहरूले कमैया पहिचान पत्र बाढ्दै गए । जस अन्तर्गत पहिलो चरणमा कञ्चनपुर जिल्लामा २६९२ मुक्त कमैयाहरूलाई पहिचान पत्र प्रदान गरियो । (भूमिसुधार कार्यालय कञ्चनपुर, २०६०)

कैलालीमा भूमिसुधार कार्यालयले जम्मा ५६७९ कमैयाहरूमध्ये २५०० भूमि हीन मुक्त कमैयाहरूको पहिचान गर्दै उनीहरूलाई रातो पत्र वितरण गरियो । भूमिसुधार कार्यालयले प्रारम्भिक चरणमा छुटेकाहरूको लागि पुनः प्रक्रिया सुरू गऱ्यो । जसका लागि कमैयाहरू पूर्व मालिकबाट हस्ताक्षर ल्याउनु पर्ने व्यवस्था गरियो । जसमा धेरै जसो मालिकहरूले कागज पत्रमा हस्ताक्षर गर्न अनेच्छा देखाए । विभिन्न ठाउँमा मुक्त कमैयाहरू भूमिहीन श्रेणीमा दर्ता भएका र रातो पत्र नपाएका व्यक्तिहरू पनि भेटिए । (भुषाल र ह्वाइट टि., २००१)

पुनःस्थापना कार्य धेरै कमजोर देखियो । केही कमैयाहरू पुनःस्थापना सूचीमा दर्ता नभएका थिए । केहीले लाल पूर्जा पाए तर जमिन पाएनन् । केहीलाई नगद दिइने बाचा गरियो तर उनीहरुलाई जमिन नपाइने सूचीमा राखियो । धेरै जसोले अनउत्पादक (बालौटे, ढुङ्गे र नदीको किनार) जमिन प्राप्त गरे जहाँ उत्पादन हुन सक्दैन् । (फाइन, २००५)

सरकारले पूर्व कमैयाहरुलाई धेरै ठाउँमा ५ कट्टाभन्दा थोरै जमिन दिएको थियो । सम्पूर्ण शिविरहरू ३ कट्टाका दरले योजना गरिएका थिए । (भुसाल र ह्वाइट, २००१)

### २.२.३ गैर सरकारी सङ्घसंस्थाबाट गरिएका प्रयासहरू

कमैया मुक्त गर्न चालिएका प्रयासहरू मध्ये इन्सेकको भूमिकालाई नर्कान सकिन्न । इन्सेकले २०४८ सालमा कमैया प्रथाअन्तर्गत नेपालमा बाधा श्रमबारे पुस्तक प्रकाशित गऱ्यो, जसमा ३६,००० व्यक्तिलाई आफ्नो अध्ययनको घेरामा समेटिएको थियो । जसअनुसार ९३.२५ कमैया थारु जातिका छन् भनेर भनिएको छ । इन्सेकले नेपालमा लगभग १८,००० कमैया छन् भनेर सर्वेक्षण सार्वजनिक गरेको थियो ।

त्यसैगरी सुकुम्बासी समस्या समाधान आयोगले २०५१ सालमा स्थलगत सर्वेक्षण गरेको थियो । तर यसमा सबै गा.वि.स. का कमैया परे परेनन भन्ने कुरा प्रष्ट छैन ।

श्रम मन्त्रालयद्वारा वि.सं. २०५२ सालमा कमैयाहरूको सामाजिक, आर्थिक अवस्थाको प्रकाशित प्रतिवेदन कञ्चनपुर, कैलाली र बर्दियाको प्रारम्भिक सर्वेक्षणको तथ्याङ्कमा आधारित थियो ।

वि.सं. २०५४ सालमा इन्सेकबाट कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ्ग गरी पाँच जिल्लामा नमुना सर्वेक्षण गर्‍यो । कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लामा पनि यो प्रथा रहेको विश्वास गरिन्छ, तर नमुना सर्वेक्षणमा कमैया प्रथा बारे केही पनि जानकारी पाइएन । विगतका ७-८ वर्षदेखि कमैया समस्या र बाधा श्रम सम्बन्धतर्फ सरकार र गैर सरकारी सङ्गठनहरूको ध्यानाकर्षण भएको थियो । यी सङ्गठनहरूले मुख्यतः साक्षरता, सचेतना अभिवृद्धि, सीप विकास र प्रचारमूलक कामहरूमा केन्द्रित गर्दै आएका छन् । यी नरम खाले कार्यक्रमहरू जटिल कमैया प्रथाको समस्या साँच्चै समाधान गर्न त्यति उपयोगी भएन । संयुक्त अपिल प्रकाशित गर्ने ती अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा संयुक्त एड नेपाल, अक्सफाम नेपाल, सेभ द चिल्ड्रन नर्वे रहेका छन् । त्यस्तै सेभ द चिल्ड्रन यु.एस., प्याक्ट नेपाल, एम एस नेपाल, प्लान ईन्टरनेशनल नेपाल, भि यस ओ नेपाल, शाप्ला निर नेपाल, इको हिमाल नेपाल, वाटर एड नेपाल, वल्ड नर्वस नेपाल, सेभ द चिल्ड्रन थु.के. र हेलन केयर इन्टरनेशनल नेपालले पनि संयुक्त अपिलमा हस्ताक्षर गरेका छन् ।

कैलाली, कञ्चनपुरबाट फैलिएको आन्दोलन बर्दिया, बाँके, दाङ्ग हुँदै काठमाडौंसम्म आइ पुगेको थियो । वि.सं. २०५७ असार २९ गतेदेखि १५० जना भन्दा बढी कमैयाहरू काठमाडौं आई भद्रकालीमा धर्ना दिइरहेका थिए । श्रावण २ गते कमैयाहरूले सिंहदरबार घेर्ने निर्णय गरे । तर तीन दिनसम्म उनीहरूले सिंहदरबारलाई टुलुटुलु हेरेर बसिरहे । पर्ख र हेर भने झैं उनीहरू त्यही सिंहदरबारको गेट हेर्थे र त्यो बाटो भएर कुद्ने प्रधानमन्त्री र मन्त्रीका मोटर देख्थे । आश भने कमै थियो, कत्तिले त धेरै कुरा पहिलो पटक देखेका थिए । काठमाडौं आएको पहिलो पटक, सिंहदरबार देखेको पहिलो पटक, प्रधानमन्त्री र मन्त्रीका मोटर देखेको पहिलो पटक, धेरै कुरा पहिलो पटक । के आशीर्वाद लिएर आएका थिए कुन्नि ? पहिलो पटक मुक्तिको आन्दोलन लिएर काठमाडौं आएका कमैयाहरूले सिंहदरबारको ढोकाबाटै आफ्नो मुक्तिको खबर सुन्न पाए ।" (गोरखापत्र, साउन ३, वि.सं. २०५७)

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृ□वमा प्रतिनिधि सभाको आजको बैठकमा सार्वजनिक मह□वको वक्तव्य दिँदै भूमिसुधार तथा व्यवस्था मन्त्री सिद्धराज ओझाको कमैया मुक्तिसम्बन्धी मन्त्री परिषद्को निर्णय सदन समक्ष प्रस्तुत गर्नुभयो । कमैया मुक्तिसम्बन्धमा

सरकारले गरेको निर्णयमा भनिएको छ, "नेपाल अधिराज्यको संविधान २०४७ तथा प्रचलित कानूनले मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन पूर्णतः निषेध गरेको र प्रचलित कानून मुलुकी ऐनको जिउ मास्ने, बेच्नेको महलले त्यस्तो कुनै पनि काम कारवाहीलाई दण्डनीय समेत घोषित गर्दै तीन वर्षदेखि दश वर्षसम्मको कैदको सजाय हुने व्यवस्था भए पनि अधिराज्यका केही भागहरूमा कमैया प्रथाको नाममा आज पनि कमैयाको रूपमा असहाय तथा अशिक्षित श्रमिकहरूलाई काममा लगाई शोषण गर्ने सामन्ती परिपाटी कायमै रहेको छ । यसै सन्दर्भमा तत्कालिन मन्त्री परिषद्ले आजको मितिदेखि नेपाल अधिराज्यभर कुनै पनि क्षेत्र वा भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरिकाले काममा लगाउन पूर्णतः निसिद्ध र गैर कानूनी घोषित गरेको छ । कमैया श्रमिकका रूपमा काम गर्न बाध्य बनाइएको व्यक्तिले आजकै मितिदेखि कमैया श्रमिकबाट छुट्कारा पाउँने छ । कमैया वा बाँधा वा त्यस्तो कुनै पनि नामबाट लिखित वा मौखिक रूपमा प्रचलित कानून विपरित श्रम लिने दिने कार्य निषेधित र दण्डनीय मानिने छ । प्रचलित कानून विपरीत साविकमा कुनै पनि कमैया वा निजको परिवारको कुनै सदस्यसँग श्रम गराउने वा त्यस्तै कुनै प्रयोजनका लागि कुनै सम्झौता लिखित गराएको भए सो समेत आजकै मितिदेखि अमान्य तथा दण्डनीय हुने कुरा समेत घोषणा गरिएको छ ।" उक्त निर्णयमा स्पष्ट पारिएको छ, "कमैया श्रमबाट आजका मितिदेखि छुटकारा पाएको कमैया श्रमिकले ऋणदातालाई बाँकी रहेको कुनै पनि रकम तिर्न, बुझाउनु पर्ने छैन । प्रचलित कानून अथवा घोषित नीतिको विपरीत कसैले काम गरे गराएमा कडा तथा प्रभावकारी कानूनी कारवाही समेत गरिने छ । यस सम्बन्धमा घरेलु तथा कृषिलगायत कुनै पनि क्षेत्रमा न्यायोचित ज्याला लिने-दिने, काम गर्ने-गराउने विषयमा तथा श्रमिकहरूको हकहित संरक्षणको लागि आवश्यक एवं उपयुक्त कानूनी कार्यविधि तथा संस्थागत व्यवस्थाका लागि आवश्यक विधेयक संसद सचिवालयमा दर्ताका निम्ति तत्कालीन सरकारले पठाउने निर्णय गरेको छ ।" (गोरखापत्र, २०५७ साउन ४)

यस परिप्रेक्ष्यमा एउटा कुरा के छ भने समस्याको अन्त यहीं आएर मात्र हुँदैन, कानून बनाएर घोषणा गरेर मात्र समस्याको समाधान नहुने कुरा विगतका हाम्रा व्यवहारले प्रष्ट्याएका छन् र हामीसँग त्यस्ता प्रशस्त उदाहरण छन् । कमैयाहरूको मुक्ति जति आवश्यक छ, त्यो भन्दा बढी आवश्यक छ, व्यावहारिक रूपमा भविष्यमा कमैयाहरू जन्मन नसक्ने वातावरणको निर्माण । सरकार लगायत राजनीतिक दल तथा गैरसरकारी निकायहरू

भावी दिनमा यो वातावरण निर्माण गर्न कति हदसम्म सक्षम हुन्छन्, कमैया मुक्तिको घोषणाको प्रभावकारिता त्यसैमा निर्भर गर्दछ । (हिमालय टाइम्स, २०५७ साउन ४)

सरकारी सर्वेक्षण प्रति उनीहरूको विरोध थियो जसमा उनीहरूको नाम समावेश नगरिएको दावी उनीहरूको थियो । स्थानीय गैर सरकारी संस्थाहरूले प्रत्येक कमैयाहरूको छाप्रोमा पुगेर ५ जिल्लामा सर्वेक्षण गऱ्यो । तिनीहरूले ५ जिल्लामा जम्मा २२६६७ घरपरिवार रहेको पत्ता लगाए । सरकारी सर्वेक्षण र गैर सरकारी सर्वेक्षण बीचमा २५.९ प्रतिशतको फरक भेटियो । सामान्यतया पुनःस्थापना कार्यमा दीर्घकालीन सोचको कमि देखिन्छ । यद्यपि ५ कट्टा उपलब्ध गराएको जमिन सम्पूर्ण परिवारको जीविकोपार्जन गर्नको लागि प्रयाप्त थिएन । बजार नजिक भएका पुनःवास केन्द्रहरूमा ज्यालादारीले उनीहरूलाई सहयोग गरेको भेटियो । तर धेरैजसो पुनःवास केन्द्रहरू जङ्गलहरूमा गाउँहरूबाट टाढा जहाँ जीविकोपार्जन गर्न साह्रै कठिन थियो । यहाँ सरकारको नीतिले अवैधानिक जंगल फडानी र वैदेशिक सहयोग कार्यक्रममा परनिर्भरता बढाउने कार्य भयो ।

पुनःस्थापना कार्यक्रम अन्तर्गत जमिन वितरणमा सरकारबाटै ढिलाई भएको थियो । हामी हेर्न सक्छौ जि.टि.जेड द्वारा खानाको लागि काम भन्ने र अरू कार्यक्रमहरू एक वा दुई शिविरहरूमा लागु गरिएको थियो । धेरैजसो शिविरहरूमा खाना, खानेपानी, शिक्षा पुऱ्याउने जस्ता कार्यक्रमहरू नपुऱ्याइएका थिए । (भुसाल र ह्वाइट, २००१)

# अध्याय- ३

## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्रको छनौट

मुक्ति कमैयाहरू रहेका जिल्लाहरूमध्येको एक मुख्य कञ्चनपुर जिल्लालाई छनौट गरिएको छ । विगतमा कमैया प्रभावित जिल्ला र हाल पनि व्यवस्थित पुनःस्थापना नहुँदा मुक्त कमैयाको दयनीय स्थिति भएको जिल्ला समेत कञ्चनपुर भएको विभिन्न अनुसन्धान पत्रपत्रिका मार्फत जान्नमा आएको र शोधकर्ता स्वयं पनि प्रत्यक्षदर्शी भएकोले समेत यस जिल्लालाई अध्ययन क्षेत्र छानिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धानको ढाँचा अन्वेषणात्मक साथै वर्णनात्मक रहने छ । किनभने यस अध्ययनमा समस्या र समस्याका कारक तत्वहरूको खोज गर्ने जमर्को गरिएको छ ।

अध्ययनका लागि कृष्णपुर-२ वाणीका पुनर्स्थापित कमैयाहरूलाई प्रश्नावलीको माध्यमबाट उनीहरूको पहिलेको अवस्था, अहिलेको अवस्थासँग तुलना गर्ने खालका प्रश्नावली भराई वा पढेर सुनाएर प्रश्न सोधी, उत्तर भराइएको छ । साथै गैरसरकारी क्षेत्रबाट वा स्थापित संस्थाहरूबाट उनीहरूले पाएको सहयोगको सम्बन्धमा आवश्यकता अनुसार अन्तर्वार्ता पनि लिई तथ्याङ्क सङ्कलन गरिएको छ । द्वन्द्वको प्रभावका बारेमा पनि छलफल गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको क्रममा अध्ययन क्षेत्रमा गई तीन चार पिढीदेखि कमैया भएर बसेका व्यक्ति र जग्गा-धनीमा लगभग तीसौं वर्षसम्म कमैया राखेर खेती गराएका र अन्य जग्गा-धनी, सम्बन्धित सरकारी निकायका अधिकारी, राजनीतिक व्यक्तित्वहरू, बुद्धिजीवीहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू र सर्वसाधारण जनतासँग अन्तर्वार्ता लिइएको छ । वर्तमानमा उनीहरूले भोगिरहेका समस्याहरूको अध्ययन गरी प्रश्नावली र अन्तर्वार्ता लिइएको छ ।

### ३.३ नमूना छनौट विधि

२०५७ साउन २ गते मुक्त भएका र हाल व्यवस्थित गरी सकिएका घर परिवार सङ्ख्या २,६९२ र २०५९ असोजतिर लगत पारिएका छुट मुक्त कमैया तर व्यवस्थित नभएका १,४६१ छन् । (भूमिसुधार कार्यालय, २०६०)

तथ्याङ्क सङ्कलन गर्ने क्रममा सम्पूर्ण जिल्लाका मुक्त कमैयाको अध्ययन गर्न निकै गाऱ्हो पर्ने भएको हुनाले २०५७ साउन २ गते मुक्त भई हाल पुनःस्थापित गरिएका कृष्णपुर गाविस-२ वाणी आलाका ५४९ परिवारमध्ये ७० घर परिवारलाई सर्वेक्षणको लागि छानिने छ । यी ७० घर परिवारका व्यक्तिलाई नमूना छनोट विधि अनुरूप साधारण दैविक छनौटका आधारमा नमूना छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययनका लागि दुई प्रकारको तथ्याङ्कलाई प्रयोगमा ल्याइएको छ । प्राथमिक स्रोत अनुसार सरकारी, गैरसरकारी सङ्घसंस्था, घरपरिवार र स्थानीय व्यक्ति रहेका छन् । द्वितीय स्रोत अनुसार कमैया प्रथा सम्बन्धी विभिन्न प्रकारका पत्र-पत्रिका, पुस्तक र लेख रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन गर्ने तरिका

यस अध्ययनलाई तथ्यपूर्ण बनाउनको लागि विशेष गरी प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्नका लागि सहभागी, प्रश्नावली, अन्तर्वार्ता आदिलाई प्राथमिकता दिइएको छ । सरकारी र गैरसरकारी क्षेत्रबाट चालिएका पुनःस्थापना कार्यक्रमहरूको बारेमा छलफलद्वारा अध्ययन गरिएको छ । कमैया आन्दोलनले ल्याएको परिवर्तन र परिवर्तित सम्बन्धहरूको गहन अध्ययन गरिएको छ । हालमा उनीहरूले सामना गरिरहेका समस्याहरूको पनि गम्भीरतापूर्वक अध्ययन गरिएको छ ।

यो शोधपत्रका लागि निम्न विधिहरू अपनाइएका छन् ।

### ३.५.१ असंरचित अन्तर्वार्ता

अध्ययनलाई बढी गहनतम बनाउन उत्तरदातालाई उत्प्रेरणा प्रदान गर्दै प्रश्न प्रति प्रश्न गर्दै बढीभन्दा बढी सूचना सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

सहभागी अवलोकनद्वारा मुक्त कमैयाहरुको वर्तमान अवस्थालाई उनीहरू बीचमा रहेर हेरिएको छ । उनीहरूको विभिन्न क्रियाकलापहरूको प्रत्यक्ष अवलोकन गरिएको छ । उनीहरूको वर्तमान स्वास्थ्य, शिक्षा, आवास रोजगारीको अवस्थाको व्याख्या गरिएको छ ।

साथै विभिन्न तथ्याङ्कहरू सङ्कलन गरिएको छ । मुक्त कमैयाहरूको मुक्ति आन्दोलनमा सहभागिता, आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनको पनि अध्ययन गरिएको छ ।

### ३.५.३ मुख्य सूचनादाता अन्तर्वार्ता

मुख्य सूचनादाताहरूमा यसै समुदायबाट जसको सम्बन्ध फराकिलो छ, जो कमैया आन्दोलनमा र पुनःस्थापनाका कार्यमा प्रत्यक्ष संलग्न छन्, उनीहरूलाई लिइएको छ र बढीभन्दा बढी सूचना सङ्कलन गरिएको छ ।

## ३.६ विषयवस्तु विश्लेषण

अनुसन्धान गर्ने विषयसँग सम्बन्धित विगतका लेख, रचना, पत्र-पत्रिका आदिलाई तथ्याङ्कका विशेष स्रोत मानिएको छ । यसैका आधारमा विषयवस्तुको समीक्षा गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण र विवेचना

तथ्याङ्क विश्लेषण गर्ने प्रक्रिया पछि तिनीहरूको प्रस्तुतीकरण गरिएको छ, जसको लागि साधारण तालिका, साधारण सांख्यकीय विधिहरू, प्रतिशत, अनुपात, तालिका र रेखाचित्र आदिको प्रयोग गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

सम्पूर्ण कमैया प्रभावित जिल्लाहरूको समष्टिगत अध्ययन सम्भव नहुने भएकोले कमैया प्रभावित जिल्लाहरूमध्ये कञ्चनपुर जिल्लाको कृष्णपुर-२ वाणी छानिएको छ । त्यस क्षेत्रमा पुनःस्थापित मुक्त कमैयाहरूको गहन अध्ययन गर्न यो क्षेत्र छानिएको हो । यो शोधपत्र त्रि.वि.वि. सामाजिक तथा मानविकी सङ्कायअन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने हेतुले लेखिने हुँदा सीमित समय र स्रोत साधन भित्र पूरा गर्नुपर्ने हुनाले केही त्रुटिहरू रहे पनि यस अध्ययनले अन्यत्रका कमैयाहरूको स्थितिलाई पनि केही हदसम्म पक्कै झल्काएको छ ।

# अध्याय- ४

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कञ्चनपुर जिल्लाको परिचय

कञ्चनपुर जिल्ला सुदूरपश्चिाञ्चल विकास क्षेत्रको पश्चिमी भागमा अवस्थित छ । यो महाकाली अञ्चलमा पर्ने ४ जिल्लामध्येको एक जिल्ला हो । यसमा एउटा नगरपालिका र १९ वटा गा.वि.स. पर्दछन् । यसको पूर्वमा कैलाली, उत्तरमा डडेल्धुरा पर्दछन् भने पश्चिम र दक्षिणमा क्रमशः भारतको उत्तराञ्चल र उत्तरप्रदेश रहेको छ । यो २८°३५' देखि २९°०४' उत्तरी अक्षाशदेखि ८०°०७' देखि ८०°३५' पूर्वी देशान्तरसम्म रहेको छ । यसको उचाई १७६ मि. देखि १५२५ मि. र कूल क्षेत्रफल १६१० वर्ग कि.मी. रहेको छ जहाँ ७०१५८ घरपरिवारमा कूल ३७७८९९ जनसङ्ख्या बसोबास गर्दछन्, जसमध्ये पुरुष जनसङ्ख्या १९१,९१० र महिलाको जनसङ्ख्या १८५९८५ छ भने लैङ्गिक अनुपात १०३ रहेको छ । त्यसैगरी जिल्लाको औसत परिवार सङ्ख्या ६.२८ रहेको छ भने साक्षरता ५९.६५ प्रतिशतमा सीमित रहेको छ । ( स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०५८)

## ४.२ अध्ययन क्षेत्र- कृष्णपुर गा.वि.स.- वाणी

### ४.२.१ भौतिक संरचना

कृष्णपुर गा.वि.स. कञ्चनपुर जिल्लामा अवस्थित १९ वटा गा.वि.स. मध्येको एक हो । यो कञ्चनपुर जिल्लाको पूर्वी सिमाना हो । यो कैलाली र डडेल्धुरा जिल्लाको सिमानामा अवस्थित छ । यसलाई ९ वटा गा.वि.स.- जोगबुडा, झलारी, पिपलाडी, देखतमुलि, रैकबार, बिछवा, गीता, मालाखेती, गोदाबारी, आलिताल (घेरियर रहेको) को बीचमा अवस्थित छ । यसले लगभग १७७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यो जिल्ला सदरमुकामबाट झन्डै ३७ कि.मी. टाढा रहेको छ । यहाँ विभिन्न जातजाति, धर्म, समुदायको बसोबास रहेको पाइन्छ ।

### ४.२.२ जलवायु

यस क्षेत्रमा उष्ण मनसुनि जलवायु पाइन्छ । यहाँ गर्मीमा सूर्यको प्रचण्ड तापका कारण अत्याधिक गर्मी हुने र जाडो मौसममा बढी चिसो हुने गर्दछ । यहाँको तापक्रम सबभन्दा बढी ४३.६ङ्ग से. र कम ४.२ङ्ग से. सम्म रेकर्ड गरिएको छ, भने वर्षा यथेस्ट मात्रामा हुने गरेको पाइन्छ ।

### ४.२.३ जनसङ्ख्या वर्गीकरण

केन्द्रीय तथ्याङ्क विभाग २०५८ अनुसार, यस गा.वि.स. मा ४०५६ घर परिवारमा २५४४२ जनसङ्ख्या रहेको पाइन्छ, जसमा पुरुषको सङ्ख्या १२८३८ र महिलाको सङ्ख्या १२६०४ छ भने औसत परिवार सङ्ख्या ६.२७ छ। एउटा वडा २, वा ३ गाउँ मिलेर बनेको छ। यस गा.वि.स. को वडा अनुसारको जनसङ्ख्या र घरपरिवार सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.१ : वडा अनुसार जनसङ्ख्याको वर्गीकरण**

| वडा नं. | परिवार सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | कूल |
| १ | ७३५ | २४७७ | २३७६ | ४८५३ |
| २ | ९३२ | २५९५ | २५२० | ५१८ |
| ३ | ३४४ | ९९० | ९६८ | १९५८ |
| ४ | ५८८ | १७६५ | १८४४ | ३६०९ |
| ५ | २९५ | १०५३ | ९८८ | २०४१ |
| ६ | ५३६ | १७३० | १६५ | ३३८५ |
| ७ | ८५ | ३६२ | ३६९ | ७३१ |
| ८ | ३९५ | १९३ | १२१४ | २४०७ |
| ९ | १४६ | ६६३ | ६७० | १३३ |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८)।*

माथिको तालिका अनुसार कृष्णपुर गा.वि.स. को कूल जनसङ्ख्यामा पुरुषको तुलनामा महिलाको जनसङ्ख्या कम रहेको पाइन्छ।

त्यसैगरी अध्ययन क्षेत्रको कूल जनसङ्ख्या मध्ये विभिन्न उमेर समूहमा विभाजित जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ४.२: उमेर अनुसार जनसङ्ख्याको वितरण**

| उमेर समूह | जनसङ्ख्या | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| ४ भन्दा कम | ३५९६ | १४.१४ |
| ५ - १९ | १०१४९ | ३९.८९ |
| २० - ५९ | १०४४३ | ४१.०५ |
| ६० भन्दा माथि | १२५४ | ४.९२ |
| कूल | २५४४२ | १००.०० |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८)।*

माथिको तालिका अनुसार कूल जनसङ्ख्या मध्ये १४.१४ प्रतिशत ४ वर्षभन्दा कम उमेर समूहका छन् भने ३९.८९ प्रतिशत ५ देखि १९ वर्ष उमेर समूहका छन् । त्यसैगरी ४१.०५ प्रतिशत २० देखि ५९ उमेर समूहमा रहेको देखिन्छ भने ४.९२ प्रतिशत ६० वर्षभन्दा माथि उमेर समूहका रहेको देखिन्छ । सक्रिय जनसङ्ख्या २० देखि ५९ को प्रतिशत सबैभन्दा बढी ४१.०५ रहेको छ, जसमा परिवार निर्भर रहने गरेको पाइन्छ ।

### ४.२.४ जातजातिको बनौट

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक पक्षको धनी भए झैं यस अध्ययन क्षेत्रमा पनि विभिन्न जातजाति र समुदायको बसोबास रहेको पाइन्छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३: जाति अनुसार जनसङ्ख्याको वितरण**

| क्र.सं. | जातजाति | कूल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ८९३१ | ३५.१० |
| २ | थारु | ७४१३ | २९.१३ |
| ३ | ब्रह्मण-पहाड | ३३७८ | १३.२७ |
| ४ | कामि | १६३८ | ६.४३ |
| ५ | नरकलेका दलित | ८३१ | ३.२७ |
| ६ | ठकुरी | ५४८ | २.१५ |
| ७ | मगर | ५४७ | २.१४ |
| ८ | नखुलेका जाति | ४८३ | १.८९ |

| | | | |
|---|---|---|---|
| ९ | सन्यासी | ४२२ | १.६५ |
| १० | सार्की | ३१७ | १.२४ |
| ११ | दमाह/ढोली | २५६ | १.०१ |
| १२ | आदीबासी जनजाति | १४७ | ०.५७ |
| १३ | बादी | ८६ | ०.३३ |
| १४ | लोहार | ६६ | ०.२५ |
| १५ | सोनार | ६० | ०.२३ |
| १६ | ब्रह्माण-तराई | ५१ | ०.२० |
| १७ | कुमाल | ४७ | ०.१८ |
| १८ | राजपुत | ४५ | ०.१७ |
| १९ | नेवार | २९ | ०.१७ |
| २० | गुरुङ्ग | २६ | ०.१० |
| २१ | बनिया | २५ | ०.०९ |
| २२ | राजी | २५ | ०.०९ |
| २३ | भोटे | २१ | ०.०८ |
| २४ | लिम्बू | १५ | ०.०५ |
| २५ | कोरी | ९ | ०.०३ |
| २६ | कुर्मी | ७ | ०.०२ |
| २७ | कायस्थ | ६ | ०.०२ |
| २८ | अन्य | १४ | ०.०५ |
| | जम्मा | २५४४३ | १००.०० |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८)।*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा क्षेत्रीको जनसङ्ख्या सबैभन्दा बढी (३३.१०%) रहेको देखिन्छ। त्यसैगरी थारुको जनसङ्ख्या (२९.१३%), ब्रह्मण-पहाड (२३.२७%) रहेको देखिन्छ भने सबैभन्दा कम जनसङ्ख्या क्रमशः लिम्बूको जनसङ्ख्या (०.५%), कोरी ( ०.३%), कायस्थ (०.२%) रहेको देखिन्छ।

### २.४.५ पेशा

यस गा.वि.स.का मानिसहरू विभिन्न पेशा तथा व्यवसायमा आवद्ध रहेको पाइन्छन् । तर पनि बहुसङ्ख्यक मानिसहरू कृषि पेशामा नै आवद्ध भएका पाइन्छन् । तसर्थ, कृषि नै रोजगारी र आयस्रोतको प्रमुख स्रोत मानिन्छ, कृषि व्यवसाय बाहेक केही मानिसहरू गैर कृषि क्षेत्रसँग पनि आवद्ध रहेका छन्, जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४: गैर कृषि क्षेत्रमा संलग्न घरपरिवारको विवरण**

| घरपरिवार सङ्ख्या | | | क्रियाकलापका विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल | आर्थिक क्रियाकलापमा आवद्ध | गैर आर्थिक क्रियाकलापमा आवद्ध | कूल | उत्पादक मुलक | व्यापार | यातायात | रोजगारी | अन्य |
| ४०५६ | ६५० | ३४०६ | ६५० | ६८ | १४२ | १३ | १९५ | २३२ |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।*

प्रस्तुत तालिका अनुसार कूल ४०५६ घरपरिवारमध्ये ६५० आर्थिक क्रियाकलापमा संलग्न छन् भने ३४०६ गैर आर्थिक क्रियाकलापमा संलग्न छन् । आर्थिक क्रियाकलापमा संलग्न मध्ये पनि उत्पादनमूलक क्रियाकलापमा ६८, व्यापारमा १४२, यातयातमा १३, रोजगारी १९५ र अन्य २३२ रहेको पाइन्छ ।

### २.४.६ अर्थतन्त्र

अन्य ग्रामीण क्षेत्र झै यस गा.वि.स. मा बसोबास गर्ने बहुसङ्ख्यक मानिसहरूको आर्थिक क्रियाकलाप कृषिमा नै निर्भर रहेको पाइन्छ । झण्डै बहुसङ्ख्यक मानिसहरू कृषि क्रियाकलापमा आवद्ध रहेका छन् । यहाँको मुख्य कृषि उत्पादनमा- धान, गहुँ, मकै, आलु, तेलहन वालीहरू पर्दछन् । यसको अलावा यहाँका मानिसहरूको आयको अर्को स्रोत पशुपालन हो । यहाँ गाई, गोरु, भैंसी, बाखा, सुँगुर/वङ्गुर, कुखुरा आदि पाइन्छन् जसले कृषि क्षेत्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउँछ ।

कृषि भूमिको असमान वितरणका कारण यहाँका अधिकांश किसानहरूले उत्पादन गरेको कृषि उत्पादनले उनीहरूलाई वर्षदिनसम्म खान पुग्दैन । आर्थिक क्रियाकलापमा सक्रिय संलग्न १० वर्षभन्दा माथि उमेर समूहका जनसङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५: कृष्णपुर गा.वि.स. का आर्थिकरूपले सक्रिय जनसङ्ख्याको वितरण (१० वर्ष माथि)**

| कूल | | | आर्थिक रूपले सक्रिय | | | आर्थिक रूपले निष्क्रिय | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल | पुरुष | महिला | कूल | पुरुष | महिला | कूल | पुरुष | महिला |
| १७३२२ | ९०१३ | ८३०९ | १३२३१ | ६३८९ | ६८४२ | ४६९१ | २३२९ | २३६२ |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।*

माथिको तालिका अनुसार, आर्थिक रूपले निष्क्रिय जनसङ्ख्याको तुलनामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मात्रा बढी देखिन्छ । त्यसैगरी आर्थिक रूपले सक्रिय महिलाको तुलनामा पुरुष जनसङ्ख्या बढी रहेको देखिन्छ ।

### ४.२.७ शैक्षिक अवस्था

शिक्षा जीवनको एक पाटो हो । जसले जीवनलाई सुखमय बनाउँछ । यसैलाई मध्यनजर गर्दै यस अध्ययन क्षेत्रमा २ वटा प्रा.वि., १ वटा मा.वि. र १ वटा उच्च मा.वि. रहेका छन् । यहाँको साक्षरता ५२.९६% छ । यस गा.वि.स. को ६ वर्ष माथिको जनसङ्ख्याको शैक्षिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६: कृष्णपुर गा.वि.स. का शैक्षिक अवस्था (६ वर्षभन्दा माथि)**

| लिङ्ग | साक्षरता | प्रतिशत | निरक्षर | प्रतिशत | कूल जनसङ्ख्या | कूल प्रतिशत |
|---|---|---|---|---|---|---|
| पुरुष | ६९३२ | ६६.०० | ३६३३ | ३४.०० | १०५६५ | १००.०० |
| महिला | ४१३५ | ४०.०० | ६१९३ | ६०.०० | १०३२८ | १००.०० |

*(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।*

माथिको तालिका अनुसार कृष्णपुर गा.वि.स. को पुरुष साक्षरता ६६ प्रतिशत छ भने महिलाको साक्षरता ४० प्रतिशत मात्र छ, जुन पुरुषको तुलनामा महिलाको कम देखिन्छ । समाजमा पाइने अन्धविश्वास, परम्परागत सोच जस्तै छोरीलाई पढाउन हुन्न, अर्काको घर जाने जात, पढाएर के काम भन्ने मान्यताले अझै नछाडेका कारण पनि महिलाको साक्षरतामा कमी आएको अनुमान गर्न सकिन्छ ।

### ४.२.८ स्वास्थ्य सुविधा

नेपालको अन्य ग्रामीण इलाकामा झैं यस गा.वि.स. मा पनि स्वास्थ्य सुविधा प्रर्याप्त मात्रामा पुग्न सकेको छैन । यहाँ एउटा उपस्वास्थय चौकी छ । मानिसहरू स्वास्थ्य सुविधा उक्त उपस्वास्थ्य चौकी लगायत आर्यूवेदिक कार्यकर्ता, ग्रामीण स्वास्थ्य कार्यकर्ता, परम्परागत उपचारक जस्तै-धामी/झाक्री, वैद्य, गुरुवाबाट लिने गरेका छन् ।

उपस्वास्थ्य चौकीमा दर्ता भए अनुसार यहाँका अधिकांश मानिसहरूमा साधारणतया झाडापखाला, निमोनिया, म्यादी ज्वरो, ज्वरो, आउँ, जुका, आदिबाट सङ्क्रमित भएको पाइएको छ ।

### ४.२.९ यातायात

यस अध्ययन क्षेत्र जिल्ला सदरमुकाम महेन्द्रनगरबाट ३७ कि.मी. टाढा अवस्थित छ । जिल्ला सदरमुकामबाट बस सेवा सञ्चालन भए पनि यो पर्याप्त मात्रामा हुन सकेको छैन । यहाँका अधिकांश सडक उचित मर्मतका अभावमा व्यवस्थित हुन सकेका छैनन् भने कतिपय सडकमा ग्राभेल (रोडा बिछ्याएको) छन् । तर गा.वि.स. भित्र चल्ने यातायातका साधन सीमित छन्, जसको कारण यहाँका मानिस गोरुगाडा, रिक्सा, साईकिल आदिमा सीमित हुन पुगेका छन् ।

## ४.३ मुक्त कमैयाको संक्षिप्त परिचय

### ४.३.१ कञ्चनपुर जिल्लाका मुक्त कमैयाको उत्पत्ति र विभाग

कञ्चनपुरमा चालिस पैतालीस वर्ष अघि रौतेलि बिचवा, रैकवार बिचवा र बाईसी बिचवाका फाँटहरूमा थारु समुदायको बसोबास बाहेक सम्पूर्ण जिल्ला नै वन जङ्गलले ढाकिएको थियो भने यहाँ प्रमुख रूपमा राना जातिका थारुको बसोबास थियो । जङ्गलकटान गरेर बसोबासको व्यवस्थाको लागि सरकारबाट पटवारीको नियुक्ति हुन्थ्यो ।

कञ्चनपुर जिल्लामा वि.सं. १९७०-८० को दशकबाट जङ्गल कटान गरेका मौजा आवाद गरी जमिन खेती योग्य बनाइएको थियो । त्यतिखेरका प्रमुख पटवारी महानन्द पाठक थिए । यहांका नाति देवराज पाठकका अनुसार निज पटवारीको काम नै जग्गा व्यवस्था सम्बन्धी थियो । थारु जातिका व्यक्ति प्रकृतिसंग सङ्घर्ष गरेर बसोबास र खेतीयोग्य जमिन बनाउँदै गए । वि.सं. २०१८ सालमा सरकारले बर्माबाट फर्केका प्रवासीलाई कञ्चनपुरमा बसोबासको व्यवस्था गरेको थियो । वि.सं. २०२० सालमा औलोको उन्मूलन

भयो तत्पश्चात पहाड जस्तै डडेल्धुरा, बैतडी, डोटी, अछाम आदि ठाउँतिरबाट जाडोमा जाडो छल्न केही व्यक्तिहरूको आवागमन बढ्न थाल्यो । छिमेकी पहाडी जिल्ला डडेल्धुरामा त कम खेती भएका किसानहरू गाई, भैंसी, बाख्रा लिई मालजाने (स्थानीय भाषामा माल भन्नाले तराईलाई बुझाउंछ) भन्दै जाडो महिना मङ्सिर, पौष, माघ, फागुनका लागि कञ्चनपुरमा आउन थाले यिनीहरूले थारुहरूकै घर (बरण्डा) मा बास मागी बस्ने गर्दथे । थारुहरू मिलनसार र सोझा भएकै नाताले यिनीहरू थारुको परिवारसँग मितेरी नाता समेत जोड्ने गर्दथे । (ओझा, २०५९)

त्यसबेला कुटानी-पिसानी उद्योग नभएको कतै कहीं भएमा निक्कै टाढा पर्ने हुँदा उनीहरू परम्परागत धान कुट्न ढिक्की र पिस्न जाँतो प्रयोग गर्दथे । पहाडीयाहरूले थारुलाई कुट्न पिस्न सघाए वापत चार भागको एक भाग चामल वा कनिका दिने चलन थियो विस्तारै पहाडेहरू तराईतिर बस्ने गरी आए । त्यतिखेर कञ्चनपुर ६ तप्कामा विभाजित थियो । बाईसि, रैकवार, तिलाचौर, सेली पहाड, रौतेलि र बैतोला । यी तप्का मौजावालहरू बहादुर शमशेर (बाईसी र तिलाचौर) तारानाथ भट्ट (रैकवार) जयदेब भट्ट (रौतेली) पण्य शमशेर (बैतोडा) धर्मराज शर्मा (तिलाचौर) आदिले दाङ्ग जिल्लाबाट मानिसहरू ल्याई त्रिकुट, चौकुर, पाँचकुर, पोतियात आदि विभिन्न शर्तमा खेती कमाउन शुरूवात गराएका उत्तरदाताहरू बताउँछन् ।

त्यस बखत यस जिल्लामा जमिनको कुनै मूल्य नै थिएन र त्यसैले जमिन नहुनुको कारणबाट कमैया भईहाल्नु पर्ने स्थिति त्यतिखेर देखिँदैन । तर थारुहरू अशिक्षित सोझा थिए साथै उनीहरू भोजभतेर र जाँड रक्सीको अत्याधिक प्रयोग गर्दथे जसले गर्दा भूमिहीन बन्दैगए अन्ततः कमैया बन्न बाध्य भए ।

### ४.३.२ कमैया बसी जिविकोपार्जन गर्ने जातिहरू

कञ्चनपुर जिल्लामा कमैया भई जिविकोपार्जन गर्ने जातिहरूमा अधिकांश थारहरू नै थिए । थारुहरूमा धेरै सङ्ख्यामा डंगौरा र राना, नगन्य सङ्ख्यामा खुना पर्दछन् । थारु बाहेकका अन्य जातिहरूमा कमैया भई बसेका कमै भेटिन्छन् । केही सङ्ख्यामा पहाडी मूलका निम्न जाति सार्की, मौर, कोली, लोहारहरू कमैया छन्, तर यिनलाई हलिया भनिन्छ ।

### ४.३.३ कमैयाको प्रकार

कमैया भन्ने शब्दअन्तर्गत भैंसवार, गैवार, बर्दियाजस्ता काम गर्नेलाई पनि समेट्दछ । भैंसबार भैसी चराउने, गैवार गाई चराउने र बर्दिया भन्नाले गोरु चराउनेलाई जनाउँछ ।

प्रायः हलो जोत्ने र खन्न सक्षम बलियो भएको जवान व्यक्तिलाई कमैयामा राखिन्छ । बुकहरि हुनुपर्ने अनिवार्य हुन्छ । मालिकले दिएको बुक्रामा बसेर घरायसी काम गर्ने स्वास्नी मानिसलाई बुकहरि भनिन्छ । कमैया र उसका जहान परिवार बस्नका लागि बनाइएको घरलाई बुक्रा भनिन्छ । राना र कठरिया थारु जातमा बुकहरि चाँहिदैन । बुकहरि सामान्यतः स्वास्नी नै हुन्छे । तर स्वास्नी नहुने कमैयाले दिदी, बहिनी, भाउजु वा आमालाई बुकहरि बनाउने चलन पनि छ । केटाकेटीलाई भैंसवार, गौरवारको रूपमा राखिन्छ । कमैयाका छोराछोरीलाई मालिकले त्यही काम दिएसम्म अन्यत्र काम खोज्न पाउंदैनन् । कञ्चनपुरमा धेरै यस्ता समस्या भेटिए जहाँ स-साना केटाकेटीलाई घरायसी काम काजको लागि बिना तलवमा पनि जग्गा धनीले आफ्नो परिवारको सदस्य कहां (अन्यत्र) बस्ने ठाउँमा पठाएका छन् । आफ्नो छोरीलाई साहुकहाँ घरेलु कामदारको रूपमा वर्षभरि राख्ने चलनलाई कम्लरि प्रथा भनिन्छ । यस प्रथामा माघे सक्रान्तिमा किशोरीहरू वर्ष भरिमा लागि एक देखि छ हजारसम्मको सम्झौता गरी कम्लर पठाउने गरिन्छ । कम्लर भन्नाले बसेको ठाउंबाट अन्यत्र पठाउनु हो ।

कमैयाहरू मुख्यतः खेतीको काममा प्रयोग गरिन्छन् । जस्तैः खेत जोत्ने, खेती लगाउने, खेती थुपार्ने आदि काममा प्रयोग गरिन्छ । खेती बाहेक उनीहरूले घरका विभिन्न कामहरू जस्तैः गोबर सोहोर्ने, घाँस काट्ने, वनकस चिर्ने, दाउरा काट्ने, खेत जोत्ने, लगायत स-सानादेखि लिएर ठू-ठूला कामसम्म सबै गर्नु पर्दछ । यिनको श्रीमतीले घरायसी काम देखि लिएर खेतीसम्म सबै काम गर्नुपर्छ । सुत्केरी भएमा पनि लगभग १५ दिनपछि सबै काम गर्नुपर्छ ।

## ४.३.४ कमैया राख्ने प्रक्रिया

कमैया राख्ने बस्ने निश्चित प्रक्रिया स्थापित भएका पाईन्छन् । कमैया राख्ने वा बस्ने सम्बन्धमा स्थापित मान्यता एवं प्रक्रियाहरू निम्न छन् । माघी कमैया सम्बन्धी कारोबार गरिने दिन हो । औपचारिकताको दृष्टिबाट हेर्ने हो भने अधिकांश कमैयाहरू करारद्वारा काममा लागेको पाइन्छन् । सामान्यतः एक वर्षे करारको यस्तो औपचारिकता हरेक वर्षको माघे संक्रान्तिमा (जसलाई थारु भाषामा माघी भनिन्छ) समाप्त हुन्छ र त्यहाँबाट अर्को एक वर्षको निमित्त नयाँ करार गर्ने वा भै राखेको करारलाई मौखिक नविकरण गर्ने भन्ने कुरा तय गरिन्छ । दुई पक्ष बीच सम्झौता हुनुपूर्व खुजुनी पुजुनी (पक्का पक्की) हुन्छ र करार मौखिक हुन्छ । उसले सेवा शर्तमा सौदाबाजी गर्न पाउँछ । इच्छा नलागे करार नर्गन पनि सक्दछ तर परिस्थितिले अर्थात उसको सामाजिक आर्थिक तथा अन्य वाध्यताले गर्दा उसले मालिकको

शर्तमा काम गर्न बाध्य हुनु पनि पर्दछ । अर्को विकल्प छँदै छैन । ऋण चुक्ता गर्ने सामर्थ नभएर वा मिल्दो रोजगारीको अवसर नभएको स्थिति र अनपढ भएका कारण आफू र आफ्नो परिवार पाल्न कमैया बस्नु बाहेक अर्को बिकल्प नभएपछि उसले कमैया बस्नै पर्छ । माघ १ गतेको दिन थारु जातिका कमैयाहरू आफूलाई वर्षभरि काम गर्दा लागेका तीता क्षण बारे जाँड, रक्सी खाए पछि आफ्नो मालिकलाई सुनाउने समेत गर्दछन् । त्यहीँ दिन यस पालोदेखि अन्यत्र घर खोज्छु भनी खोजीमा निक्लन्छन् । सुहाउँदो घर पाएपछि नयाँ मालिक आफैले या कमैया मार्फत सौंकी रकम बुझाउँन ल्याउँछ र सामान ओर्सान गाडी साधारणतया (गोरुगाडामा) नयाँ मालिकको घरबाट ल्याई नयाँ मालिक कहाँ स-परिवार जान्छन् ।

### ४.३.५ कमैया हुनुपर्ने कारणहरू

थारु जातिका व्यक्तिहरू नै बढी कमैया किन बस्दछन् ? कुनुकुन कारणले कमैया बस्नु पर्‍यो भनि सोधेको प्रश्नमा धेरै जसोको जवाफ थियो हामी त जन्मे देखिनै कमैया नै थियौं । हाम्रो बाबा, बराज्यूले पनि यस्तै बसेका थिए, दैनिक जीवन निर्वाहको लागि कमैया भएर बस्नु पर्‍यो । आफ्नो सम्पत्ति छैन के गर्ने त ? अध्ययनको सिलसिलामा कमैया, जग्गाधनी, स्थानीय बुद्धिजीवि, सामाजिक कार्यकर्ता, राजनैतिक पार्टीका कार्यकर्ता लगायत सबैसँग ग्रुप छलफल गर्दा कमैया थारु जातिको व्यक्तिनै हुनु पर्ने कारणहरू निम्न बताएका छन् ।

#### ४.३.५.१ सोझा र सरल प्रवृत्ति

प्राचीनकालदेखि नै यो जाति नेपालको अन्य जातिहरूको प्रत्यक्ष सम्पर्कबाट (घना जङ्गल, औलोको प्रकोप, महाकाली र कर्णालीजस्ता नदीहरूको उपस्थिति, यातायातको असुविधा आदि विभिन्न कारणहरूबाट) अलग रह्यो । उनीहरूमा आफ्नै समुदाय भित्र मात्र बस्ने, समुदायमै रमाउने र आफ्नै समुदायको सहयोगबाट खेतीपाती गर्ने जस्ता प्रवृत्तिहरू विकास भएर आए । जसले गर्दा उनीहरूले बाहिरी समाजको व्यवहार जान्न र कहिल्यै प्रतिस्पर्धाको वातावरणमा घुलमेल गर्न पाएनन्, कानून सम्बन्धी केही ज्ञान भएन, आफ्नै समुदाय भित्र रमाएर बसेका हुनाले अन्य जातिका व्यक्तिको कुराबाट प्रभावित हुने, कुनै सरकारी कर्मचारी वा शहरी व्यक्ति देखेमा आवश्यकताभन्दा बढी मान दिने प्रवृत्ति हुनाको कारण अरुको चतुर्‍याई, ठगी र धूर्तता जान्न सकेनन् ।

उनीहरूको सोझोपनको कारणबाट उनीहरूको मूल सम्पत्ति नासिदै गयो र क्रमशः उनीहरू विस्थापित हुँदै गए । जग्गाको लेनदेनमा मूल्य लिएको जमिन भन्दा श्रेस्तामा धुत्याई गरेर बढी पास गराउने, थोरै लिएको ऋणमा चर्को ब्याज जोडी धेरै जमिन आफ्नो कब्जामा लिने, ऐलानी भनी बेच्ने र पछि हकवाला निक्लेर किनिएको जमिन छिनि दिने, ऋण पहाडीले लिने धरौटी थारुले बस्ने आदि विभिन्न तरिकाबाट ठगिएको कथाहरू कृष्णपुरका धेरै थारु परिवारमा सुन्न पाइन्छ । यस्ता गुण र व्यवहारको कारण थारु विस्थापित हुँदै जानु र विकल्पमा कमैया भएर बस्नु परेको पाइन्छ ।

### ४.३.५.२ निरक्षरता

प्रायःजसो थारुहरू अशिक्षित र निरक्षर नै देखिन्छन् । धेरैलाई साधारण अक्षर लेख्न र जोड घटाउ पनि आउँदैन जसले गर्दा त्यसको फाइदा पहाडी मूलका व्यक्तिले लिए । मालपोत तिर्न समेत आफू जान गाह्रो मान्ने र पहाडीलाई लगाउने गर्दथे । मालपोत तिरे वापत केही जमिन उसकै नाममा दर्ता समेत गरी दिन्थे । जालझेल षड्यन्त्रबाट हडप भएको जग्गा फिर्ता गर्न नसक्नु र आफूले बनाएको जग्गा समेत खोसी आफै बाधा कमैया भएर खेती गर्न बाध्य भए ।

### ४.३.५.३ जाँड रक्सीको अत्याधिक प्रयोग

थारु समाजमा खुशी व्यक्त गर्दा, चाँडपर्वमा, पाहुना सत्कारमा, पूजापाठ गर्दा जाँड रक्सीको अत्याधिक प्रयोग भएको पाइन्छ । जाँडरक्सीको अत्याधिक आवश्यकता र प्रयोगले गर्दा नै होला थारुहरू प्रायः डंगौराको घरमा जाँडरक्सी बनाउने गर्दछन् । राना थारुहरू पनि अत्याधिक प्रयोग गर्दछन् । रक्सीले गर्दा नै आफूसँग भएको सम्पत्ति पनि सबै गुमाई कमैया भएका छन् ।

### ४.३.५.४ महाजनी प्रथा

कञ्चनपुरमा महाजनी प्रथाको पनि व्यापक चलन थियो महाजन भन्नाले घुमन्ते व्यापारीलाई जनाउँछ । यी महाजन मुसलमान हुन्थे र भारतको उत्तर प्रदेश राज्यको न्यूरिया भन्ने ठाउँबाट आउँथे । न्यूरिया करिब-करिब गड्डा चौकी नाकाबाट ५० कि.मी. टाढा पर्दछ । त्यहाँका महाजन बैलागाडा (गोरुगाडा) मा आवश्यक कपडा, चुडि, पोते, नुन, गुड, सखरखण्ड ल्याउँथे र महँगो मूल्यमा अन्नसँग साट्दथे । यिनीहरू प्रायशः हिउँदतिर आउँने गर्दथे । यिनीहरू गाउँको कुनै उच्च प्रतिष्ठित थारु कहाँ बस्दथे । यी मुसलमान हुनाले छुट्टै खाना पकाउने, अलग बस्ने गर्दथे, यी महाजनले जरुरत पर्दा थारुलाई नगद रकम समेत

चर्को व्याजदरमा दिएर जान्थे । जस्तैः रु.५०० दिएमा नगद फिर्ता नलिई खाद्यान्नको रूपमा त्यो पनि स्थानीय बजारमा रु.८० प्रति ४० किलो (एक मन) धान भए उनी रु.४० प्रति मनका दरले अर्को वर्ष धान लिने हिसावमा ऋण दिने गर्दथे । बिना धितो ऋण पाइने सजिलोले गर्दा ऋण लिन सोझा थारु कुनै अप्ठ्यारो मान्दैनथे, तर तिर्दा भएको उब्जनी पनि महाजनले लान्थे, जसले गर्दा पनि जमिन बेच्नु बाहेक अरु बिकल्पनै रहँदैनथ्यो । जमिन बेच्दा समेत टाठा-बाठा पहाडीयाको छलकपटमा परी प्रचलित मूल्यभन्दा निक्कै कम मूल्यमा बेच्दथे ।

### ४.३.५.५ भविष्यप्रति नसोच्ने प्रवृत्ति

थारु जातिका व्यक्तिहरू आज खान पुगे भौलीको चिन्ता नगर्ने प्रवृत्तिका देखिन्छन् । जति भए पनि सञ्चय नगर्ने, खर्च गरेर सक्ने तथा चाँडपर्वमा पनि अत्याधिक खर्च गर्ने, कुनै पाहुना सत्कारमा पनि आफूसँग नभएपनि ऋण लिएर भए पनि खर्च गर्ने आदि कारणले गर्दा बाध्यतावश जग्गा बेची ऋण तिर्ने र स्रोत सकिएपछि कमैया बस्न बाध्य भए । उधारो पाए जति पनि लिने । एक किलो वङ्गुरको मासु भए खानपुग्ने भए पनि ४ किलोसम्म किन्ने खाने, चामलको जाँड बनाएर खाने आदिले ती जाति भविष्यको कुनै पिर नगर्ने जस्ता लाग्दथे । जन्म, विवाह, मृत्यु संस्कार खर्च, भोजभतेर, विवाहमा जारी तिर्नु पर्ने आदि खर्चहरूले गर्दा पनि गरिब बनायो ।

### ४.३.५.६ हिन्दू संस्कृतिको प्रभाव

हिन्दू संस्कृति अनुसार उच्च ब्राह्मण जातिका व्यक्तिहरूमा "हलो जोत्नु हुँदैन" भन्ने मान्यता छ । हिन्दू संस्कृतिको आधारमा नै विकास भएको यी मान्यतालाई अहिले परम्पराको रूपमा स्वीकार गरिन्छ । यसरी जनसङ्ख्या बाहुल्यता रहेको यो जातिहरूमा यस्ता मान्यता हुर्की दिंदा हलो जोत्ने जातिको विकल्पको रूपमा अन्य जातिहरूको खेतिपाती गराउन सजिलो थारुहरू र निम्न जातिका व्यक्ति नै हुन पुगेका हुन् । कञ्चनपुरमा धेरै यस्ता जग्गाधनीहरू भेटिए तिनको एक विगाहा जग्गा भएता पनि कमैया वा हलिया राखेका थिए । गरिब भए पनि उच्च ब्राह्मण कूलका हुनाले आफै खेत जोत्दैनथे । जसले गर्दा थारुहरूको सङ्ख्या अत्याधिक हुनाले यी जातिका व्यक्ति नै प्रायशः कमैया भएका हुन् । रानाहरू थारु जातिमा कम जग्गा भएर पनि कमैया राखेर खेती गरेका भेटिए ।

### ४.३.५.७ जारी तिर्ने प्रथा

थारुहरूमा (विशेषगरी रानाहरूमा) बालविवाह र अनमेल विवाह अध्यावधिक छँदैछ । उनीहरूले साना छोराछोरी हुँदा नै औपचारिक तथा अनौपचारिक रूपमा मंगनि गरिदिने गर्दछन् । अनौपचारिक मगनिमा केटाकेटीको विधिवत भोजभतेर गरी लेनदेन हिसाब गरी रहोबरमा निर्णय गर्ने गर्थे भने अनौपचारिकमा बच्चा छोरा भएमा तिम्रो छोरीसँग, छोरी भए तिम्रो छोरासँग बिहे गर्ने भनी जन्मनु भन्दा पहिले नै बाचा गर्ने गर्दछन् । यसरी मंगनी गर्दा साटासाट बिहेको चलन छ । छोरालाई बुहारी ल्याउने र छोरीलाई दिने सटनी मंगनी प्रथामा व्यवस्था थियो । मंगनी भइसकेकी केटीको अर्कोसँग विवाह भएमा पुरानो लोग्नेलाई जारी तिर्नुपर्ने हुन्छ । डंगौरा थारुमा जारीको रकम साधारणतया रु.५,००० सम्म देखिन्छ भने रानाहरूमा रु.१०,००० भन्दा बढी हुने गर्दछ । जारी तिर्ने प्रथा थारुहरूको जीवन अभ्यासको अभिन्न अङ्ग र गाउँघरको प्रतिष्ठाको विषय हुने हुँदा आफ्नो क्षमता नभए पनि जारी तिर्नै पर्छ । स्वास्नी अरुसँग छोरा छोरी समेत लिई भागेमा जारी रकम एक्लै भाग्दाको भन्दा बढी हुन्छ । छोरा छोरीको समेत हिसाब किताब गरिन्छ । जारी तिर्ने परम्पराले गर्दा जारी तिर्दा जारीको रकमले सौंकी ज्यादा भएका कमैयाहरू पनि ठूलै सङ्ख्यामा कञ्चनपुरको कृष्णपुरमा भेटिन्छन् ।

### ४.३.५.८ बैकल्पिक रोजगारीको कमी

शुरूदेखि नै कृषि पेशा गरिराखेको हुनाले अरु व्यवसाय बारे त्यति ज्ञान छैन । धेरे समय-सम्म यातायातको साधन सडकसम्म पनि नहुँदा यस क्षेत्रमा कृषि बाहेक अन्य व्यवसायको विकल्प नै भएन ।

कञ्चनपुर जिल्लामा उद्योगधन्दा कलकारखाना धेरै नभएकोले रोजगारीको अवसर कम छ । घर निर्माण कार्यमा समेत प्रायः भारतीयहरू नै कामदार भएकोले बैकल्पिक कार्य नभएर नै यि थारु जातिहरू परम्परागत खेती व्यवसाय नै अंगाल्नु पुगेका छन् ।

### ४.३.५.९ परिवार नियोजन सम्बन्धी ज्ञानको अभाव

थारुजाति अशिक्षित, परिवार नियोजनसम्बन्धी अनभिज्ञ आदि कारणले परिवार ठूलो हुने जसले गर्दा पनि एक जनाको दैनिक ज्यालादारी गरेर कमाएको कमाईले नपुग्ने । कसैकहाँ कमैया भए ऋण थपिएतापनि स-परिवारलाई पुग्ने खाद्यान्न नियमित रूपमा पाई राख्ने सुविधाले समेत यिनीहरू आफ्नो थोरै जमिन भएतापनि अधियाँ लगाई आफू स-परिवार अरुको घरमा कमैया बस्ने गरेका समेत पाइए ।

यी कारण बाहेक आफ्नै सामाजिक मर्यादाले गर्दा पनि थारु जातिका व्यक्ति कमैया हुन पुगेका छन् । यहाँसम्मकि विवाह गर्दा ससुरालाई दिनुपर्ने खर्च (भ्हागण) तिर्न नसक्नेले ससुराको घरमा कमैया बसेर त्यस्तो ऋण सघाउने गर्दछन् । आफन्त कहाँ पनि कमैया बस्ने चलन छ । नातेदार कहाँ बस्न हुन्न भन्ने केही छैन । यति सम्म कि मामा कहाँ भानिज कमैया बसेका हुन्छन् ।

त्यस बाहेक मूल्य लिएको जमिनभन्दा श्रेस्तामा धुत्याई गरेर बढी पास गराउने, थोरै लिएको ऋणमा चर्को ब्याज जोडी धेरै जमिन आफ्नो कब्जामा लिने, ऐलानी भनी जमिन बेच्ने र पछि हकवाला निक्लेर किनिएको जमिन छिनी दिने ऋण पहाडीले लिने, धरौटी थारुले बस्ने आदि विभिन्न तरिकाबाट ठगिएको कथाहरू यहाँका वृद्धहरू सुनाउँछन् । यसरी धेरै थारु विस्थासित हुँदै जानु र विस्थापन पछिको विकल्प कमैया मात्र हुनाले गर्दा कमैया हुने कारण यो पनि भएको छ ।

# अध्याय- ५

# आंकडाहरुको विश्लेषण र प्रस्तुतीकरण

यस अध्यायमा मुक्त कमैयाको सामाजिक-आर्थिक तथा जनसाङिख्यक साथै मुक्ति आन्दोलनका प्रयास र आन्दोलनबाट प्राप्त उपलब्धिको विश्लेषण प्रस्तुत गरिएको छ ।

## ५.१ सामाजिक-आर्थिक तथा जनसांख्यिक विश्लेषण

### ५.१.१ घरपरिवारको सङ्ख्या र आकार

यस अध्ययन क्षेत्रको नमुना उत्तरदाताको घर र परिवारको आकार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१ : घर र परिवारको सङ्ख्या र आकार**

| घर परिवारको सङ्ख्या | कूल जनसङ्ख्या | कूल पुरुष | प्रतिशत | कूल महिला | प्रतिशत | औसत परिवारको आकार |
|---|---|---|---|---|---|---|
| ७० | ३७२ | १८४ | ४९.४७ | १८८ | ५०.५३ | ५.३१ |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

माथिको तालिका अनुसार मुक्त कमैयाको ७० घरपरिवारमा कूल जनसङ्ख्या ३७२ छ, जसमा पुरुष सङ्ख्या १८४ (४९.४७%) र महिला सङ्ख्या १८८ (५०.५३%) छ भने औसत परिवार सङ्ख्या ५.३१ छ । परिवारको अधिकांश जनशक्ति ज्यालादारी र मजदुरीमा संलग्न छन् जसको कारण उनीहरूको स्वास्थ्य कमजोर छ । कमजोर स्वास्थ्यको कारण गरिबी, बेरोजगारी, अशिक्षा आदिलाई निम्त्याएको पाइन्छ ।

### ५.१.२ उत्तरदाताको उमेर समूह

उमेरको आधारमा उत्तरदाता मुक्त कमैयाको स्थिति अध्ययन क्षेत्रमा विभिन्न उमेर समूहमा रहेको पाइन्छ । कोही आफ्नै पालामा मात्रै कमैया भएका थिए भने कोही बाउ बाजेका पाला देखिनै कमैया बस्दै आएका थिए । अध्ययन क्षेत्रमा रहेका विभिन्न उमेर समूहमा मुक्त कमैयाको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२: उमेरको आधारमा उत्तरदाता कमैयाको स्थिति**

| उमेर समूह | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| २० वर्षभन्दा कम | ९ | १२.८५ |
| २१ - २३ | २२ | ३१.४३ |
| ३० - ३९ | १५ | १८.५७ |
| ४० - ४९ | १२ | २१.४३ |
| ५० वर्षभन्दा माथि | १२ | १५.७३ |
| जम्मा सङ्ख्या | ७० | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

यस तालिका अनुसार, कृष्णपुर गा.वि.स. मा २० वर्षभन्दा कम उमेर समूहका मुक्त कमैयाको सङ्ख्या थोरै छ भने ३० देखि ३९ वर्ष समूहको सङ्ख्या बढी रहेको छ । कमैया करारको मुख्य उमेर १५-४० वर्ष हो । धेरैजसो मुक्त कमैया उत्तरदाताहरू यही उमेर समूहमा पर्दछन् । प्रायः ५० वर्षको उमेर नाघेपछि शारीरिक शिथिलता बढ्दै जाने हुँदा काम गर्ने शक्ति घट्दै जान्छ जसको प्रत्यक्ष असर उत्पादनमा पर्ने हुँदा उनीहरूलाई पशु चराउने, घर, खेतीपातीको हेरचाह गर्ने जस्ता हल्का काममा संलग्न गराइन्छ ।

## ५.१.३ उमेर र लिङ्गको बनावट


कृष्णपुर गा.वि.स.मा रहेका मुक्त कमैया उत्तरदाताहरूको जनसङ्ख्याको उमेर र लिङ्गको बनावटलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. ५.३: उत्तरदाता मुक्त कमैयाहरूको उमेर र लिङ्गको बनावट**

| उमेर समूह | पुरुष | | महिला | | कूल | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ० - ९ | ४९ | २७.६३ | ५४ | २८.७३ | १०३ | २७.६९ |
| १० - १४ | २९ | १५.७६ | २७ | १४.३६ | ५६ | १५.०५ |
| १५ - ४९ | ८८ | ४७.८२ | ८२ | ४३.६१ | १७० | ४५.७० |
| ६० भन्दा माथि | १८ | ९.७९ | २५ | १३.२९ | ४३ | ११.५६ |
| **जम्मा** | १८४ | १००.०० | १८८ | १००.०० | ३७२ | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

चित्र नं. ५.१: उत्तरदाता मुक्त कमैयाहरूको उमेर र लिङ्गको बनावट




माथिको तालिका र चित्रमा उमेर र लिङ्गका आधारमा कृष्णपुर गा.वि.स.को मुक्त कमैयाहरूको वर्गीकरण गरिएको छ । जसको आधारमा उमेर समूह (१५-४९) सबैभन्दा बढी देखिन्छ जसले (४५.७०%) स्थान ओगटेको छ, जसमा पुरुष प्रतिशत (४७.८२%) र महिला ४३ प्रतिशत छ । त्यसैगरी ६० वर्षभन्दा माथि उमेर समूह सबैभन्दा कम देखिन्छ, जसले ११.५६ प्रतिशत स्थान ओगटेको छ, जसमा पुरुष ९.७९ प्रतिशत र महिला १३.२९ प्रतिशत छ । त्यसैगरी (०-९) र (१०-१४) उमेर समूह दोस्रो र तेस्रो बढी स्थानमा छन् जसले क्रमशः २७.६९ (पुरुष २७.६३%) र महिला २८.७३%) प्रतिशत र १५.०५ (पुरुष १५.७६% र महिला १४.३७%) छ ।

## ५.१.४ परिवारको प्रकार

सर्वेक्षण अनुसार कमैयाहरूको पहिलेको पारिवारिक स्थिति हेर्दा संयुक्त परिवारको चलन पाइन्छ । घरको सम्पूर्ण रेखदेख घरमूलीले गर्दछ । घरमुली जेठो वा पुरुष नै हुनुपर्छ भन्ने अनिवार्यता हुँदैन घर विशेष गरी जेठो शारीरिक वा मानसिक कारणले अयोग्य भएमा सबैको राय सल्लाहले काम चलाउने योग्य सदस्यलाई जिम्मा दिने व्यवस्था हुन्छ । यस काममा महिला पनि घर मुखिया बन्न सक्छन् । परिवारका घरमुखियाले सबै सदस्यलाई जम्मा गरेर कामको बाँडफाँड लगाई दिन्छन् । तर सामान्यतया लोग्ने मानिसनै घरमूली हुने परम्परा छ ।


डंगौरा थारु जातिमा लोग्ने मानिस प्रमुख हुन्छ भने राना थारुहरूमा महिलाको स्थान प्रमुख हुन्छ । एकै परिवार भित्र दुई तीन पिढीका व्यक्ति बस्दछन् । केहीलाई भान्से बनाएको हुन्छ । उनीहरूमा पकाउने पालो बाँधिएको हुन्छ । एउटा भान्सेको जिम्मामा दिएको काम अरु भान्सेको सहयोग बिना उसैले गर्नुपर्छ । घरमा पाहुना आउँदा घरमुखियालाई सूचना दिनुपर्छ र उनले भान्सेलाई खबर गर्छन् । डगौरा जातिमा प्रायजसो श्रीमान श्रीमती कमैया भएका पाइन्छन् भने राना थारुमा आफूमात्र कमैया भएर श्रीमतीलाई सुख सयलका साथ राखेका पनि पाईन्छन् । अध्ययन क्षेत्रको उत्तरदाताको परिवारको प्रकारलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.४: उत्तरदाताको परिवारको प्रकार**

| परिवारको प्रकार | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| एकल | ६३ | ९०.०० |
| संयुक्त | ७ | १०.०० |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.२: उत्तरदाताको परिवारको प्रकार**




माथिको तालिका र चित्रको आधारमा ९०.०० प्रतिशत मुक्त कमैयाहरू एकल परिवारमा बसोबास गरेको पाइन्छ भने मात्र १०.०० प्रतिशत संयुक्त परिवारमा बसेको पाइन्छ । जब सरकारले कमैया मुक्त गरी प्रत्येक परिवारलाई जग्गा, जमिन प्रदान गर्ने कुराको

घोषणा गऱ्यो, तब कमैयाहरू संयुक्त परिवारबाट एकल परिवारमा रूपान्तरण भएको पाइन्छ ताकि उनीहरूको उद्देश्य बढी भन्दा बढी जमिन प्राप्त गर्नु थियो ।

## ५.१.५ शैक्षिक अवस्था

शिक्षा ज्ञानको ज्योति (दिप) हो, जसले जीवनलाई सधैं उज्यालो तर्फ डोऱ्याउन मद्दत गर्दछ । शिक्षाको माध्यमबाट मानिसले आफ्नो जीवनलाई चाहे अनुसार जिउन सक्छ । त्यसैले भन्ने गरिन्छ, शिक्षामा भएको विकास नै सम्पूर्ण क्षेत्रको विकास हो ।


मुक्त कमैयाहरूको सन्दर्भमा शैक्षिक उन्नति राम्रो भएको देख्न पाइँदैन । विविध कारणहरूमध्ये मुख्यतः गरिबी, जसले गाँस, बास र कपासकै निम्ति आफ्नो रगत र पसिना अरुको भूमिमा बगाउनु पर्ने हुन्छ जसले गर्दा उनीहरू आफ्ना छोराछोरीलाई शिक्षाको उज्यालो घामबाट बञ्चित पार्न बाध्य छन् । तलको तालिकामा कृष्णपुर गा.वि.स.को मुक्त कमैयाको शैक्षिक स्थिति देखाइएको छ ।

**तालिका नं. ५.५: मुक्त कमैयाको वर्तमान शैक्षिक स्थिति**

| शैक्षिक स्तर | जनसङ्ख्या | | | | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | |
| प्राथमिक | ४२ | २२.८३ | १६ | ८.५१ | ५८ | १५.६० |
| निम्न मा.वि. | ५ | २.७२ | १५ | ७.९८ | २० | ५.३७ |
| मा.वि. | ४ | २.१७ | ० | ०.०० | ४ | १.०७ |
| उच्च मा.वि. | १ | ०.५४ | ० | ०.०० | १ | ०.२७ |
| निरक्षर | १३२ | ७१.७४ | १५७ | ८३.५१ | २८९ | ७७.६९ |
| कूल | १८४ | १००.०० | १८८ | १००.०० | ३७२ | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.३: मुक्त कमैयाको वर्तमान शैक्षिक स्थिति**




माथिको तालिका र चित्र अनुसार, कृष्णपुर गा.वि.स. का मुक्त कमैयाहरूको शैक्षिक स्थिति दयनीय छ । कूल जनसङ्ख्याको १५.६० प्रतिशत प्राथमिक स्तरसम्म मात्र देखिन्छ जसमा पुरुष २२.८३ प्रतिशत र महिला ८.५१ प्रतिशत मात्र छन् । त्यसैगरी, नि.मा.वि. स्तरसम्म अध्ययन जनसङ्ख्या ५.३७ प्रतिशत छ जसमा पुरुष प्रतिशत २.७२ र महिला प्रतिशत ७.९८ छ भने मा.वि. अध्ययन गर्ने पुरुष जनसङ्ख्या २.१७ प्रतिशत छ भने महिला जनसङ्ख्या शून्य छ । त्यसैगरी उच्च शिक्षा अध्ययन पुरुष ०.५४ प्रतिशत छ भने महिला प्रतिशत शून्य नै छ । यस बाट के प्रष्ट हुन्छ भने मुक्त कमैया समुदायमा शिक्षाले प्रसय पाउन सकेको छैन । त्यसमा पनि पुरुषको तुलनामा महिलाको साक्षरता अत्याधिक कम देखिन्छ । जसको मुख्य कारण मुक्त कमैया समुदायमा टड्कारो रूपमा देखिएको गाँस, बास र कपास कै कारण हो भन्न सकिन्छ ।

## ५.१.६ घरको प्रकार

घर भनेको साधारणतया घाम र पानी छल्न ठाउँ हो भन्ने कुराको चरितार्थ कृष्णपुर गा.वि.स. का मुक्त कमैयाहरूको स्थिति हेरेर थाहा पाउन सकिन्छ । सरकारले मुक्त घोषण गरे पनि उचित व्यवस्थापन गर्न नसकेका कारण उनीहरू दयनीय स्थितिमा बाँच्न विवस छन् । एकातिर कति खेर हुरी बतास आउँछ र उडाएर लैजान्छ । उनीहरूलाई नै थाहा छैन भने अर्कोतिर कहिले पानी पर्छ र घर भित्रै प्लास्टिक, घुम (पानी पर्दा ओड्ने एक प्रकारको सामग्री), छाता ओडेर जागा बस्नु पर्ने हो त्यो पनि पत्ता छैन । तलको तालिकामा कृष्णपुर गा.वि.स.का मुक्त कमैयाहरूको घरको प्रकार देखाइएको छ ।

**तालिका नं. ५.६: अध्ययन क्षेत्रमा रहेका मुक्त कमैयाहरूको घरको प्रकार**

| घरको प्रकार | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| दहनीय | ७ | १०.०० |
| फुस | ११ | १५.७२ |
| कच्चा | ५२ | ७४.२८ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

माथिको तालिका अनुसार कूल जम्मा घरमध्ये ५२ (७४.२८%) घरहरू बच्चा प्रकृतिका छन् जुन स-साना काठका टुक्रा र टाईलहरूद्वारा छाइएका छन् । त्यसैगरी ११(१५.७२%) बाँस र झिंगटिद्वारा छाइएका छन् भने ७(१०.००%) घरहरु दयनीय अवस्थामा गुज्रिरहेका छन् जसमा घाम पानी बाहिर जाँदैन ।

## ५.१.७ उत्तरदाताहरूको पेशा


अध्ययन क्षेत्रका मानिसहरू विविध पेशामा आवद्ध भएको पाइन्छ, तर पनि यस क्षेत्रका अधिकांश मुक्त कमैयाहरू कृषिमा नै निर्भर रहेको देखिन्छ । तर पर्याप्त कृषि भूमिको अभावको कारण यहाँका मुक्त कमैयाहरू वर्षभरि पुग्ने कृषि उत्पादन गर्न असक्षम छन् । अध्ययन क्षेत्रका मुक्त कमैयाहरूले अपनाएको मुख्य पेशालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.७: मुक्त कमैयाहरूको मुख्य पेशा**

| मुख्य पेशा | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| कृषि | ४९ | ७०.०० |
| ज्यालादारी | २० | २८.५७ |
| अन्य (अध्यापन) | १ | १.४३ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६३५ ।*

**चित्र नं. ५.४: मुक्त कमैयाहरूको मुख्य पेशा**




माथिको तालिका र चित्रको अनुसार ४९(७०.००%) मुक्त कमैयाहरूको मुख्य पेशा कृषि हो भने २०(२८.५७%) ले ज्यालादारी गर्दछन् । त्यसैगरी १(१.४३%) ले अध्यापनलाई आफ्नो मुख्य पेशा बनाएका छन् । यस क्षेत्रमा अधिकांश मुक्त कमैयाहरूले कृषि पेशालाई आफ्नो मुख्य पेशा बनाए पनि वर्षभरि पुग्ने अन्न उत्पादन गर्न सकेको छैनन् ।


यहाँका मुक्त कमैयाहरू आफ्नो जिविकोपार्जनको लागि मुख्य पेशाका अतिरिक्त अन्य सहायक पेशा पनि अँगाल्ने गरेको पाइन्छ जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.८: मुक्त कमैयाहरूको सहायक पेशा**

| सहायक पेशा | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| मजदुरी | २५ | ३५.७२ |
| ज्यालादारी | २४ | ३४.२८ |
| कृषि | १८ | २५.७२ |
| रिक्साचालक | २ | २.८६ |
| अन्य (व्यापार) | १ | १.४३ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.५: मुक्त कमैयाहरूको सहायक पेशा**




माथिको तालिका र चित्रद्वारा के प्रष्ट हुन्छ भने जम्मा ७० उत्तरदातामध्ये २५(३५.७१%) ले आफ्नो सहायक पेशाको रूपमा मजदुरी गर्ने गरेको देखिन्छ भने २४(३४.२८%) ले ज्यालादारीलाई आफ्नो सहायक पेशाको रूपमा लिएको पाइन्छ । त्यसैगरी १८(२५.७२%) ले कृषिलाई आफ्नो सहायक पेशाको रूपमा लिएको देखिन्छ भने १(१.४३%) ले व्यापारलाई आफ्नो सहायक पेशा बनाएका छन् ।

## ५.१.८ बिरामीका कारणहरू


उत्तरदाता मुक्त कमैयाहरूलाई सोधिएको एक प्रश्न "गत ६ महिनामा तपाईको परिवारमा कोही बिरामी पर्नु भएको थियो" भनेर सोधिएको प्रश्नमा ६९ प्रतिशत कमैयाले थिए भन्ने जवाफ दिए भने ३१ प्रतिशतले भएका छैनन् भन्ने जवाफ दिए । त्यसैगरी सबै मुक्त कमैयाहरूलाई बिरामीको कारणबारे प्रश्न सोधिएको थियो । उनीहरूको विचारमा मानिसहरू बिरामी पर्नुका विविध कारणहरू भेटिन्छन् जुन तलको ताकिलामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.९: उत्तरदाताका अनुसार बिरामी पर्नुका कारणहरू**

| कारणहरू | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| सरसफाई नहुनु | ३१ | ४४.२८ |
| कुपोषण | १६ | २२.८५ |
| किटाणु, जीवाणु | ९ | १२.८६ |
| बोक्साबोक्सी | ६ | ८.५७ |
| भुतप्रेत | ४ | ५.७२ |
| अस्वच्छ खानेपानी | ४ | ५.७२ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.६: बिरामी पर्नुका कारणहरू**




माथिका तालिका र चित्र अनुसार, कूल उत्तरदातामध्ये ३१(४४.२८%) उत्तरदाता बिरामी पर्नुको मुख्य कारण सरसफाई नभएर हो भन्छन् भने १६(२२.८५%) ले कुपोषण हो भन्छन् । त्यसैगरी ९(१२.८६%) ले किटाणु/जीवाणु ६(८.५७%) ले बोक्साबोक्सी, ४(५.७२%) ले स्वच्छ खानेपानी र ४(५.७२%) ले भूतप्रेतले गर्दा हो भन्नेमा विश्वास राख्छन् । यसबाट के प्रष्ट हुन्छ भने मुक्त कमैया समुदायमा अझ पनि भुतप्रेत, बोक्सीजस्ता अन्धविश्वासले जरा गाडेको पाइन्छ ।

## ५.१.९ उपचारार्थका लागि जाने ठाउँ


ग्रामीण समुदायहरूमा अझ पनि मानिस बिरामी पर्दा सर्वप्रथम धामीझाँक्रीकोमा जाने चलन अध्यावधि छँदैछ । कतिपय ठाउँमा त धामीझाँक्रीले उपचारको क्रममा दिइने यातनाले मानिसको मृत्यु भएको घटना पनि सुन्नमा आएका छन् । यही अवस्था कृष्णपुर गा.वि.स. का मुक्त कमैया पनि विद्यमान छैन भन्न सकिन्न । यस गा.वि.स. का मुक्त कमैयाहरू पनि बिरामी पर्दा उपचारका लागि अझ पनि गुरुवा, वैद्य, आदिकोमा जाने गरेको पाइन्छ, जुन तलको ताकिलामा देखाइएको छ ।

**तालिका नं. ५.१०: उपचारार्थका लागि जाने स्थान**

| स्थान | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अस्पताल | ३४ | ४८.५७ |
| गुरुवा | २६ | ३७.१४ |
| गुरुवा, अस्पताल | ६ | ८.५७ |
| वैद्य | ४ | ५.७२ |
| जम्मा | ७० | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.७: उपचारार्थका लागि जाने स्थान**




माथिको तालिका र चित्रको आधारमा अधिकांश ३४(४८.५७%) मुक्त कमैयाहरू बिरामी पर्दा अस्पताल जाने गर्दछन् भने २६ (३७.१४%) गुरुवाकोमा जाने गर्दछन् । त्यसैगरी ६ (८.५७%) सर्वप्रथम गुरुवा र त्यसपछि अस्पताल जाने गर्दछन् भने ४(५.७२%) वैद्यकोमा जाने गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने मुक्त कमैयाहरू अझ पनि गुरुवा, वैद्यप्रति आश्वस्त छन् । उनीहरू परम्परागत मान्यताबाट माथि उठ्न सकेका छैनन् ।

## ५.२ कमैया मुक्ति आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको अध्ययन, आन्दोलनका प्रयास र उपलब्धिहरूको विश्लेषण

### ५.२.१ कमैया बसेको अवधि

थारु जातिहरू नेपालका आदिवासीहरू हुन् । पहिले पहिले तराईका धनाढ्य वर्गमा पर्ने थारु जातिहरू पछि पहाडीयाहरूको सम्पर्कमा आउँदै जाँदा विस्तारै-विस्तारै पछि पर्न थाले । क्रमशः पहाडीहरूको तराई बस्ने (झर्ने) क्रममा थारु जातिहरू ओझेल पर्दैगए । टाठा-बाठा पहाडी मूलका मानिसहरूले सोझा, सिधा, भोजभतेरमा रमाउने थारु जातिहरूको धन सम्पत्ति कब्जा गर्दै, पछि उनीहरूलाई नै कमैयाको रूपमा राख्ने गरेको कुरा उत्तरदाताहरू बताउँछन् । यसरी कमैया बस्दै आएका कृष्णपुर गा.वि.स.का थारुहरू मध्ये कोही पुस्तौदेखि कमैया भएको बताउँछन् । यी मध्ये कतिलाई कहिलेबाट कमैया भएको नै थाहा छैन भने कोही आफ्नै पालामा कमैया बस्दै आएको थियो ।


जमिनदारले तीव्र शोषण गरेका, बाँधा बनाएका, एक दुई जना कमैयालाई मुक्त गराउने योजना राखेर रातभर कमैया कहाँ र मौका परेका बेला जमिनदारसँग कुरा राख्ने गरेका यज्ञराज चौधरी मुक्ति आन्दोलनका मुख्य पात्र थिए । उनले ‘कन्भिन्स’ गरेका कैलाली जिल्लाअन्तर्गत गेटा गा.वि.स. का भूतपूर्व मन्त्री शिवराज पन्तका घरका १९ जना कमैयाले वि.सं. २०५७ साल वैशाख १९गते (मे. १) अन्तर्राष्ट्रिय श्रमिक दिवसको दिन जिल्ला प्रशासन कार्यालय कैलालीमा निवेदन दर्ता गराई कमैया मुक्ति आन्दोलनको विधिवत् सुरुवात गरेका थिए । कमैयाहरूको मुक्तिका लागि सबैभन्दा बढी जस (बेस)ले पाउँछ । यस संगठनलाई यति सक्षम बनाउने कामको नेतृत्व गरेका थिए डिल्लीबहादुर चौधरीले । २०४३/४४ तिर दाङ्गको एउटा गाउँमा तरकारी खेती र साक्षरता कक्षा जस्ता काम गर्ने चारपाते क्लबलाई ‘बेस’को रुपमा विकसित गरेर उनले सुदूरपश्चिममा ५ जिल्लाका एक लाखभन्दा बढी मानिससम्म पुऱ्याए । चौधरीहरूको बलियो प्रतिनिधि□व रहेको गैर सरकारी संस्था बेसका अध्यक्ष डिल्लीबहादुर चौधरीको बलियो समर्पनका आडमा आन्दोलनको आगो सल्किए पछि डिल्लीकै राष्ट्रिय, अन्तर्राष्ट्रिय चिनजान, ‘लविङ्ग’ र राजनीतिक समर्थनले आन्दोलन चर्किंदै गयो । झण्डै एक दर्जन गैरसरकारी संस्थाको समर्थन रहेको आन्दोलन करिब साढे दुई महिनामा सफल भयो । २०५७ साउन २ गतेका दिन तत्कालीन सरकारद्वारा कमैया मुक्तिको घोषणा गरिएको थियो । तलको ताकिलामा कमैया बसेको अवधिलाई देखाइएको छ ।

**तालिका नं. ५.११: कमैया बसेको अवधि**

| अवधि | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| १० वर्षभन्दा कम | २३ | ३२.८५ |
| ११-२० वर्ष | १९ | २७.१५ |
| २१-३० वर्ष | १४ | २०.०० |
| ३१-४० वर्ष | ५ | ७.१४ |
| ४१-५० वर्ष | ७ | ८.५७ |
| ५० वर्षभन्दा माथि | ३ | ४.२९ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.८: कमैया बसेको अवधि**




माथिको तालिका र चित्रलाई मध्यनजर गर्दा कूल ७० जना उत्तरदाता मध्ये २३(३२.८५%) १० वर्षभन्दा कम समय कमैया भएको भेटिन्छ भने १९(२७.१५%) ११-२० वर्षसम्म कमैया जीवन बिताइएको पाइएको छ । त्यसैगरी १४(२०.००%) २१-३० वर्ष, ५(७.१४%), ३१-४० वर्ष, ७(८.५७%), ४१-५० वर्ष, र बाँकी ३(४.२९%) ५० वर्षभन्दा माथि कमैया जीवन बिताउन बाध्य भएको पाइन्छ । उमेरको उचाईसँगै कार्यमा शिथिलता देखापरी उत्पादकत्व घट्ने हुँदा कमैयाहरूलाई हल्का फुल्का काम जस्तै पशु चराउने, घर खेतबारीको हेरविचार गर्ने जस्तो जिम्मेवारी दिएको पाइएको छ ।

### ५.२.२ मुक्त भएको अवधि

वर्षौंदेखि नाटकीय जीवन व्यथित गरेका कमैयाहरू सरकारी तथा गैरसरकारी संस्थाका प्रयासले जमिन्दारको पञ्जाबाट फुत्कन सफल भए । तर सबै कमैयाहरू एकैपटक ( चरणमा) मुक्त हुन सकेनन् । राज्य पक्षले कमैयाहरूको ऋण साहु महाजन अर्थात जमिनदारलाई चुक्ता गरी मुक्त गरायो । उनीहरू मुक्त भएको अवधिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१२: उत्तरदाता मुक्त भएको अवधि**

| अवधि | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| ५ वर्ष | ४८ | ६८.५७ |
| ५ वर्षभन्दा माथि | २२ | ३१.४३ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

माथिको तालिका अनुसार अधिकांश ४८(६८.५७%) उत्तरदाता मुक्त भएको ५ वर्षमात्र भएको देखिन्छ भने २२(३१.४३%) उत्तरदाताहरू ५ वर्ष अगावै मुक्त भएका देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने कृष्णपुर गा.वि.स. का मुक्त कमैयाहरूले पटक-पटकको प्रयास पछि मात्र मुक्ति भएका हुन् ।

### ५.२.३ मुक्ति आन्दोलनमा सहभागिता

वर्षौंदेखिका कमैया भएर बस्नु परेको उकुसमुकुस लाग्दो जीवनबाट छुट्कारा पाउने मिठो सपनाका साथ अधिकांश कमैयाहरू मुक्ति आन्दोलनमा सहभागी भएको पाइन्छ । जम्मा उत्तरदाता मध्ये ५७(८१.४२%) कमैया आन्दोलनमा प्रत्यक्ष सहभागी थिए भने १३(१८.५८%) कमैया आन्दोनलमा प्रत्यक्ष सहभागी थिएनन् । सहभागी मध्ये पनि बहुसङ्ख्यक आफ्नै समूहका सचेत व्यक्तित्वको प्रेरणाले सहभागिता जनाएको उत्तरदाताहरू बताउँछन् ।

यसरी आन्दोलनमा सहभागिता जनाउने कूल ५७ मुक्त कमैया मध्ये, ४७(८२.४५%) जि.वि.स. स्तरसम्म सहभागी भएको, ६(१०.५३३%) केन्द्रीय स्तरसम्म र बाँकी ४(७.०२%) गा.वि.स. सम्म मात्र सहभागी भएको स्थलगत अध्ययनबाट थाहा भएको छ ।

## ५.२.४ कमैया र मालिक बीचको व्यवहार र सम्बन्ध


मुक्ति पश्चात कमैया र जमिनदार (जग्गाधनी) बीचको सम्बन्ध बारे कमैया, कमैया बीच भिन्न-भिन्न विचार पाइएको छ । कसैले मालिकसँग राम्रो सम्बन्ध बताएका छन् भने कसैले नराम्रो त कसैले ठीकै । तलको तालिकामा उत्तरदाताको विचार व्यक्त गरिएको छ ।

**तालिका नं. ५.१३: मालिक र कमैयाबीचको व्यवहार र सम्बन्ध**

| व्यवहार र सम्बन्ध | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| राम्रो | ३३ | ४७.१५ |
| ठीकै | २१ | ३०.०० |
| नराम्रो | १६ | २२.८५ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.९: मालिक र कमैयाबीचको व्यवहार र सम्बन्ध**




माथिको तालिका र चित्रको अनुसार बहुसङ्ख्यक ३३(४७.१५%) मुक्त कमैयाहरूको मालिकसँग राम्रो सम्बन्ध स्पष्ट हुन्छ भने २१(३०.००%) को मालिकसँग ठीकै सम्बन्ध रहेको र १६(२२.८५%) को मालिकसित नराम्रो सम्बन्ध रहेको प्रष्ट हुन्छ ।

### ५.२.५ मुक्ति आन्दोलनले जीवनमा ल्याएको परिवर्तन

पुस्तौपुस्तादेखि जमिनदारको कमैया भएर बस्नु परेको विवशताबाट माथि उठ्न बहुसङ्ख्यक कमैयाहरू मुक्ति आन्दोलनमा होमिए तर पनि यसले कसैको जीवनमा सकारात्मक परिवर्तन ल्यायो भने कसैको जीवनमा नकारात्मक त कसैको जीवनमा मिश्रित । तलको तालिकामा उत्तरदाताहरूले व्यक्त गरेको सकारात्मक प्रतिक्रिया देखाइएको छ ।


**तालिका नं. ५.१४: आन्दोलनले जीवनमा पारेको सकारात्मक परिवर्तन**

| सकारात्मक परिवर्तन | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| आत्मबलमा वृद्धि | ६६ | ४२.८६ |
| आर्थिक सुदृढीकरण | ३४ | २२.०८ |
| सामाजिक दृष्टिकोणमा परिवर्तन | ३२ | २०.७८ |
| शिक्षामा विकास | १४ | ९.०९ |
| राजनीतिक सचेतनामा वृद्धि | ८ | ५.१९ |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

नोटः उत्तरदाताबाट विभिन्न प्रत्युत्तर प्राप्त भएको हुँदा प्रतिशत १५४ लाई आधार मानेर लिइएको छ ।

**चित्र नं. ५.१०: आन्दोलनले जीवनमा पारेको सकारात्मक परिवर्तन**




माथिको तालिका र चित्र अनुसार कृष्णपुर गा.वि.स. का ४२.८५ प्रतिशत मुक्त कमैयाहरूको मुक्ति पश्चात सकारात्मक परिवर्तनको रूपमा आत्मबल वृद्धि भएको पाइन्छ

भने २२.०८ प्रतिशतको आर्थिक सुदृढीकरण भएको देखिन्छ । त्यसैगरी २०.७८ प्रतिशतको सामाजिक दृष्टिकोणमा परिवर्तन आएको, ५.१९ प्रतिशतको राजनीतिक सचेतनामा वृद्धि भएको र बाँकी ९.०९ प्रतिशतको शिक्षामा विकास भएको देखिन्छ ।


त्यसैगरी कतिपय उत्तरदाताहरूले आन्दोलनले जीवनमा नकारात्मक परिवर्तन ल्याएको कुरा व्यक्त गरेका छन् जुन तलको तालिका नं. ५.१४ मा देखाइएको छ ।

**तालिका नं. ५.१५: जीवनमा पारेको नकारात्मक परिवर्तन**

| नकारात्मक परिवर्तन | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| छानो र मानोको समस्या | ६५ | ६४.३५ |
| स्वास्थ्यमा नकारात्मक परिवर्तन | २५ | २४.७६ |
| शैक्षिक स्थितिमा कमजोरी | ११ | १०.८९ |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.११: जीवनमा पारेको नकारात्मक परिवर्तन**




माथिको तालिका अनुसार, यस अध्ययन क्षेत्रका ६४.३५ प्रतिशत उत्तरदाताको जीवनमा छानो र मानोको समस्या ल्याएको छ भने २४.७६ प्रतिशतलाई स्वास्थ्यमा नकारात्मक परिवर्तन ल्याएको र बाँकी १०.८९ प्रतिशतको शैक्षिक स्थितिमा कमजोरी पारेको

छ । यस बाट यो प्रष्ट हुन्छ कि मुक्ति आन्दोलनले कमैयाको जीवनमा सकारात्मक परिवर्तन मात्र ल्याएन यसले कतिपय कमैयाको रोजीरोटी समेत खोसेको छ ।

त्यसैगरी उत्तरदाताहरूलाई सोधिएको एक प्रश्न "के आन्दोलनबाट सोचेको प्रतिफल प्राप्त गर्नुभयो ?" भन्ने प्रश्न राख्दा ५८(८२.८५%) उत्तरदाताको सकारात्मक उत्तर दिइएका छन् भने १२(१७.१५%) ले सोचेको प्रतिफल प्राप्त नगरेको जनाए ।

त्यसैगरी अर्को एक प्रश्न "तपाईको विचारमा कुनचाँहि जीवन उत्तम लाग्छ पुनःस्थापना अघि या पुनःस्थापना पछि ?" भन्ने प्रश्नमा शतप्रतिशत उत्तरदाताले पुनःस्थापना पछिको जीवन उत्तम किनकि पुनःस्थापना अघि कसैको बन्धनमा रहेर काम गनुपर्दथ्यो भने पुनःस्थापना पछि खुल्ला रूपमा आफ्नो खुशीले काम गर्न पाइने विचार व्यक्त गरेका छन् ।

## ५.२.६ सरकारी तथा गैर सरकारी सहयोग


मुक्ति पश्चात् पनि सरकारी तथा गैर सरकारी संस्थाहरूले कमैयाहरूलाई विविध क्षेत्रमा सहयोग गर्दै आएका छन् जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१६: सरकारी तथा गैर सरकारी संस्थाका सहयोगका क्षेत्रहरू**

| सहयोगका शीर्षक | उत्तरदाताहरू | | |
|---|---|---|---|
| | सहयोगी संस्थाहरू | सङ्ख्या | प्रतिशत् |
| बसोबास | आइ.एल.ओ. र भूमिसुधार | ४५ | ३४.८८ |
| शिक्षा | वि.डब्लु बि. | २१ | १६.२७ |
| खाद्यान्न | जि.टि.जेड | १९ | १४.७२ |
| स्वच्छ खानेपानी | गरिवी निवारण र जिल्ला विकास | १६ | १२.४० |
| सरसफाई | गरिवी निवारण | १४ | १०.८७ |
| कृषि सामग्री | कृषि मन्त्रालय | ८ | ६.२० |
| औषधि उपचार | जनस्वास्थ्य मन्त्रालय | ६ | ४.६ |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.१२: सरकारी तथा गैर सरकारी संस्थाका सहयोगका क्षेत्रहरू**




*नोटः ८ उत्तरदाताबाट विविध प्रत्युत्तर प्राप्त गरिएको हुँदा प्रतिशत १२९ लाई आधार मानेर लिएको छ ।*

माथिको तालिका र चित्रबाट के प्रष्ट हुन्छ भने ३४.८८ प्रतिशत उत्तरदातालाई सरकारी तथा गैर सरकारी क्षेत्रबाट बसोबासका लागि सहयोग प्राप्त भएको छ भने १६.२७ प्रतिशतलाई शिक्षामा, १४.७२ प्रतिशतलाई खाद्यान्न, १२.४० प्रतिशतलाई स्वच्छ खाने पानीमा, १०.८७ प्रतिशत सरसफाईमा, ६.२० प्रतिशतलाई कृषि सामग्री र बाँकी ४.६६ प्रतिशतलाई औषधी उपचारमा सहयोग गरेको देखिन्छ ।

## ५.२.७ जग्गा प्राप्ति

वर्षौंदेखि कमैया भएर बसेका अध्ययन क्षेत्रका कमैयाहरूलाई मुक्त गर्ने क्रममा जग्गा वितरण गरिएको थियो तर प्रत्येक उत्तरदातालाई ५ कट्ठा भन्दा बढी जग्गा दिएको थिएन प्राप्त जग्गा पनि बालुवा युक्त उर्वरहीन भएको उत्तरदाताले गुनासो पोखेका छन् ।

शोधकर्ताले सोधेको एक प्रश्न “के तपाईसँग आफ्नो स्वामित्वको अन्य जग्गा छ ?” भनेर राखेको प्रश्नमा उत्तरदाताहरूले आफ्नो स्वामित्वको अन्य जग्गा नभएको बताएका छन् ।

त्यस्तै अर्को एक प्रश्न “तपाईलाई आफ्नो जग्गाको उत्पादनले वर्षभरि खान पुग्छ ?” भनेर राखेको प्रश्नमा शतप्रतिशत उत्तरदाताहरूले पुग्दैन भनेर प्रत्युत्तर दिएका छन् ।

### ५.२.८ बैकल्पिक उपाय


यस अध्ययन क्षेत्रका मुक्त कमैयाहरूले प्राप्त गरेको जग्गाको उत्पादनले उनीहरूको दैनिक जीवन चल्न नसक्ने हुँदा उनीहरूले दैनिक गुजारा चलाउन विविध वैकल्पिक कार्य गर्दै आएको पाईन्छ, जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१७: वैकल्पिक व्यवस्था (उपाय)**

| व्यवस्था (उपाय) | उत्तरदाताहरू | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| ज्यालादारी | ६१ | ८७.१५ |
| अरुको जग्गा कमाउने | ८ | ११.४३ |
| अन्य (पढाउने) | १ | १.४२ |
| जम्मा | ७० | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.१३: वैकल्पिक व्यवस्था (उपाय)**




माथिको तालिका र चित्र अनुसार, यस अध्ययन क्षेत्रका ६१(८७.१५%) मुक्त कमैयाहरू आफ्नो दैनिक गुजाराको निम्ति ज्यालादारी गर्ने गर्छन् भने ८(११.४३%) अरुको जग्गा कमाउने गर्छन् । त्यसैगरी बाँकी १(१.४२%) ले पढाउने पेशा अंगालेको पाइन्छ । ज्यालादारी गर्ने कमैयाले पनि भने सरकारले तोके जति पारिश्रमिक नपाउने गरेको कमैया बताउँछन् ।

### ५.२.९ सीपमूलक कार्यक्रम

सरकारद्वारा मुक्तिको घोषणा गरेपछि यस अध्ययन क्षेत्रमा सरकारी तथा गैरसरकारी संस्थाद्वारा विविध सीपमूलक तालिमहरू जस्तैः वायरिङ्ग, वाँसका सामग्री बनाउने, रेडियो, टि.भी. मर्मत, साइकल मर्मत, ईट बनाउने, सिकर्मी, डकर्मी, आदि तालिम गरिएको पाइन्छ । तर तालिम कार्यक्रम सबै उत्तरदाताले लिन पाएका छैनन् । कूल उत्तरदाता मध्ये १६(२२.८५%) ले मात्र उक्त तालिममा सहभागी हुन पाएका छन् भने बाँकी ५४(७७.१५%) ले उक्त तालिममा सहभागी हुन नपाएको बताएका छन् । तालिम लिने १६ जनामध्ये पनि ७(४३.७५%) जनाले उक्त सीपको प्रयोग गरेको तर बाँकी ९(५६.२५%) जनाले प्रयोग नगरेको देखिन्छ ।

### ५.२.१० २०६१/०६२ मा गैरसरकारी संस्था बेसद्वारा कञ्चनपुर जिल्लाका मुक्त कमैया क्षेत्रमा गरेका सहयोगहरूको विवरण

**२०६१/०६२ को प्रगति**

| लक्ष्य | कुल प्रगति | कैफियत |
|---|---|---|
| १०० जना बालबालिकाहरु | ९० जना बालबालिकाहरुलाई बाल कक्षा अध्यापन प्रश्चात् विद्यालय भर्ना गरिएको | बालक ४६ जना, बालिका ४४ जना बाल कक्षा अध्यापन गराई विद्यालय भर्ना गरिएको मुक्त कमैया शिविर किचाही, वाणी, नौखरी र धरमपुर |
| ९३३ जना बालबालिकाहरु | ८८२ जना बालबालिकाहरु | बालक ४३९ जना, बालिका ४४३ जना सिधै सिधैं विद्यालय भर्ना कार्यक्रम र बालकक्षा अध्यापन गराई विद्यालय भर्ना गरिएको, मुक्त कमैया शिविर किचाही, वाणी, नौखरी र नर्सरी |
| १७० जना कम्लहरी | १८१ जना कमलहरी | विभिन्न स्थानबाट कम्लहरीहरुलाई घरफिर्ता बोलाई विद्यालय भर्ना गर्नका साथै आयआर्जन सहयोग वितरण गरिएको |
| ६०० जना प्रौढ | ४३४ जना प्रौढलाई प्रौढ शिक्षा दिइएको | कृष्णपुरको किचाही, वाणी, झलारीको नौखरी र नर्सरीका साथै महेन्द्रनगरको वडा नं. १८ मा प्रौढ कक्षा संचालन गरिएको थियो |
| | ४८६ परिवारलाई | गैर खाद्य सामग्री वितरण गरिएको जस्तैः पाल, कम्बल, बाल्टी, जग, भाँडा, साबुन, मन्जन, ब्रस, सर्ट, पाईन्ट, चोली, मेडी आदि |
| | ११७ परिवारलाई | चामल, दाल, नुन वितरण गरिएको । |

*स्रोतः बेस, महेन्द्रनगर कञ्चनपुर, २०६३ ।*

### ५.२.११ जीवनस्तर सुदृढीकरणका लागि चालिएका प्रयासहरू


यस अध्ययन क्षेत्रमा कमैयाको मुक्ति पश्चात उनीहरूको जीवनस्तर सुदृढीकरणका लागि सरकारी तथा गैर सरकारी संस्थाले प्राथमिकताको आधारमा विविध क्षेत्रमा सहयोगको प्रयास गर्दै आएको पाइन्छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१८: सरकारी तथा गैर सरकारी संस्थाद्वारा चालिएका प्रयासहरू**

| सहयोगका प्रयासहरू | सरकारी क्षेत्रबाट | | गैर सरकारी क्षेत्रबाट | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| वासस्थान | ३० | ४२.८५ | ९ | १२.८५ |
| शिक्षा | १३ | १८.५७ | १६ | २२.८६ |
| खाद्यान्न | ११ | १५.७२ | २३ | ३२.८५ |
| स्वास्थ्य | ८ | ११.४३ | ७ | १०.०० |
| औषधि उपचार | ६ | ८.५७ | ११ | १५.७२ |
| लत्ताकपडा | २ | २.८६ | ४ | ५.७२ |
| जम्मा | ७० | १००.०० | ७० | १००.०० |

*स्रोतः स्थलगत अध्ययन, २०६५ ।*

**चित्र नं. ५.१४: सरकारी तथा गैर सरकारी संस्थाद्वारा चालिएका प्रयासहरू**



माथिको तालिका र चित्रलाई तुलनात्मक रूपमा अध्ययन गर्दा दुवै संस्थाको सहयोगको क्षेत्र उस्तै उस्तै देखिन्छन्, तर दुवैको प्राथमिकताको स्तरमा मेल खाएको देखिन्न । सबैभन्दा बढी ३०(४२.८५%) उत्तरदाताहरूले वास्थानको लागि सरकारी क्षेत्रबाट सहयोग पाएका छन् भने गैर सरकारी क्षेत्रले सबैभन्दा बढी २३(३२.८५%) लाई खाद्यान्नमा सहयोग गरेको देखिन्छ । त्यसैगरी सरकारी क्षेत्रले क्रमशः १३(१८.५७%) उत्तरदातालाई शिक्षामा, ११(१५.७२%) लाई खाद्यान्नमा, ८(११.४३%) लाई स्वास्थ्यमा, ६(८.५७%) लाई औषधि उपचारमा र बाँकी २(२.८६%) लाई लत्ताकपडामा सहयोग गरेको देखिन्छ भने गैर सरकारी संस्थाले क्रमशः १६(२२.८६%) उत्तरदातालाई शिक्षामा, ११(१५.७२%) लाई औषधि उपचारमा, ९(१२.८५%) लाई वास्थानमा, ७(१०.००%) लाई स्वास्थ्यमा र बाँकी ४(५.७२%) लाई लत्ताकपडामा सहयोग गरेको पाइन्छ । तर उक्त सहयोगको प्रयास मुक्त कमैयाहरूको लागि प्रयाप्त नभएको उत्तरदाता बताउँछन् । उनीहरूको अनुसार जसरी एउटा मानिसलाई माछा मारेर दियो भने उसले एक दिन मात्र खान पाउँछ तर उसलाई माछा मार्ने उपाय नै सिकाइदिएमा उसले मन लागेको बेला सधैं माछा खान सक्छ । ठीक त्यसैगरी उनीहरूलाई पनि खाद्यान्न दिएर सहयोग गर्दा दिउञ्जेल सम्म मात्र खान पाउँछन् तसर्थ खाद्यान्न उत्पादन गर्न जमिनको स्वामित्व नै उनीहरूलाई दिनुपर्छ, रोजगारमूलक कार्यको सिर्जना गरिनु पर्छ ताकि उनीहरूले अरुले कहिले देला र खाउला भन्ने वातावरण हैन आफ्नै मिहिनेतको कमाई चाहेको बखत खान पाउने वातावरणको सिर्जना हुनुपर्छ ।

# अध्याय- ६

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

कमैया प्रथा नेपालको मध्य पश्चिम र सुदूरपश्चिमका जिल्लाहरू दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा प्रचलित थियो । कञ्चनपुरको कृष्णपुर गा.वि.स.मा बसोबास गर्ने थारु जाति मध्ये डंगौरा, राना, खुना कमैया बसी जीविकोपार्जन गर्ने मुख्य जाति हुन् । थारुहरूले तराईको जर्जर र सुख्खा भू-भाग खेतीयोग्य बनाए तर समयक्रमसँगै तराईमा औलो उन्मूलन पश्चात छिमेकी पहाडी क्षेत्रबाट बसाई सर्नेहरूको लश्कर लाग्यो । यिनीहरू विस्तारै विस्थापित हुन थाले र हिजोसम्म भोजभतेरमा रमाउने जग्गावाल थारुहरू अन्ततः कमैया बन्न बाध्य भए ।

अधिकांश थारु जातिका मानिसहरू नै कमैया हुनुको प्रमुख कारण गरिबी, सोझा, सरल, अदूरदर्शी, मोजमस्ती (भोजभतेरमा) मा रमाउने आदि सर्वेक्षणको क्रममा भेटियो । कृष्णपुर गा.वि.स. का स्थानीय वृद्धहरूको भनाईलाई आधार मानेर हेर्दा ४०-४५ वर्ष अघिबाट यो प्रथा शुरू भएको भन्न सकिन्छ । औलो उन्मूलन पश्चात वि.सं. २०२० सालतिर यस प्रथाले जरो गाडिसकेको स्थानीय वृद्धहरू बताउँछन् ।

यस अध्ययन क्षेत्रमा नमुना सङ्कलन गरिएका ७० घरमा कूल ३७२ जनसङ्ख्या छन्, जसमा ४९.४७ प्रतिशत पुरुष जनसङ्ख्या र ५०.५३ प्रतिशत महिला रहेको छ भने औसत घरपरिवार ५.३१ छ ।

सबैभन्दा बढी ३१.४३ प्रतिशत २१-२९ वर्षको उमेरमा कमैया भएका थिए भने सबैभन्दा कम १२.८५ प्रतिशत २० वर्षभन्दा कम उमेरमा कमैया भएर बसेको पाइन्छ ।

उमेर र लिङ्गका आधारमा कृष्णपुर गा.वि.स. का मुक्त कमैयाको वर्गीकरण हेर्दा सबैभन्दा बढी ४५.७० प्रतिशत १५-५९ वर्ष उमेर समूहका छन् भने सबैभन्दा कम ६० वर्षभन्दा बढी उमेर समूहका ११.५६ प्रतिशत छन् ।

अध्ययन क्षेत्रमा रहेका अधिकांश परिवार ९०.०० प्रतिशत एकल परिवार रहेका छन् भने १०.०० प्रतिशत संयुक्त परिवार छन् ।

कुल जनसङ्ख्याको ३३.३१ प्रतिशत साक्षर छन् भने ७७.६९ प्रतिशत निरक्षर छन् । साक्षर मध्ये पनि १५.६० प्रतिशत प्राथमिक स्तरसम्म मात्र अध्ययन गरेका छन् जसमा

२२.८३ प्रतिशत पुरुष र ८.५१ प्रतिशत महिला छन् । त्यसैगरी, ५.३७ प्रतिशत नि.मा.वि. स्तरसम्म मात्र अध्ययन गरेका छन्, जसमा २.७२ प्रतिशत पुरुष र ७.९८ प्रतिशत महिला छन् । त्यसैगरी मा.वि. स्तरसम्म अध्ययन गर्ने पुरुष २.१७ छन् भने महिला शून्य । त्यस्तै उच्च शिक्षा पढ्ने पुरुष ०.५४ प्रतिशत छ भने महिला प्रतिशत शून्य देखिन्छ ।

अध्ययन क्षेत्रमा रहेका अधिकांश कमैयाहरूको घरमध्ये ७४.२८ प्रतिशत घरहरू कच्चा, १५.७२ प्रतिशत फुसका र १०.०० प्रतिशत दयनीय स्थितिका घरहरू छन् ।

यस अध्ययन क्षेत्रका कमैयाहरूमध्ये सबैभन्दा बढी ३२.८५ प्रतिशत कमैयाहरू १-१० वर्षसम्म कमैया भएर बसेका छन् भने सबैभन्दा थोरै ४.२९ प्रतिशत ५० वर्षभन्दा बढी समयसम्म कमैया भएर बसेको थिए भन्ने सर्वेक्षणबाट थाहा भएको छ ।

मुक्ति पश्चात ४७.१५ प्रतिशत कमैयाहरूको कमैयाको सम्बन्ध मालिकसँग राम्रो रहेको छ भने २२.८५ प्रतिशतको सम्बन्ध नराम्रो रहेको र ३०.०० प्रतिशतको सम्बन्ध ठीकै रहेको छ ।

मुक्ति आन्दोलनले ४२.८५ प्रतिशत उत्तरदाताको आत्मबलमा वृद्धि भएको छ भने २२.०८ प्रतिशतको आर्थिक सुदृढीकरण भएको छ । त्यसैगरी २०.७८ प्रतिशत उत्तरदाताको सामाजिक दृष्टिकोणमा परिवर्तन भएको, ५.१९ प्रतिशतको राजनीतिक सचेतनामा वृद्धि भएको र ९.०९ प्रतिशत शिक्षामा विकास भएको छ । त्यसैगरी मुक्ति आन्दोलनले उत्तरदातामा पारेका नकारात्मक प्रभावमध्ये ६४.३५ प्रतिशत उत्तरदाताले छानो र मानोको समस्या निम्त्याएको, २४.७६ प्रतिशतले स्वास्थ्यमा नकारात्मक परिवर्तन ल्याएको र १०.८९ प्रतिशतले शैक्षिक स्थिति कमजोरी भएको सर्वेक्षणको क्रममा बताउँछन् ।

सरकारी र गैर सरकारी क्षेत्रले गरेको सहयोग मध्ये सबैभन्दा बढी ३४.८८ प्रतिशत घरपरिवारले बसोबासको निम्ति सहयोग पाएको र सबैभन्दा कम ४.६६ प्रतिशत औषधि उपचारमा सहयोग पाएका छन् ।

मुक्त कमैयाले जीवन गुजारा गर्न अपनाएको वैकल्पिक व्यवस्था मध्ये ८७.१५ प्रतिशत उत्तरदाताले ज्यालादारी गर्छन् भने ११.४३ प्रतिशतले अरुको जग्गा कमाउँछन्, र बाँकी १.४२ प्रतिशत पढाउने काम गर्छन् ।

अध्ययन क्षेत्रमा सञ्चालित सीपमूलक तालिममा २२.८५ प्रतिशत उत्तरदाताले सहभागी हुने मौका पाएका छन् भने ७७.१५ प्रतिशतले सो अवसर पाएका छैनन् । सहभागी

मध्येपनि ४३.७५ प्रतिशतले उक्त सीप प्रयोगमा ल्याएका छन् भने ५६.२५ प्रतिशतले प्रयोगमा ल्याएको पाइँदैन ।

जीवनस्तर सुदृढीकरणका लागि सरकारी पक्षले सबैभन्दा बढी ४२.८५ प्रतिशत उत्तरदातालाई बासस्थानमा सहयोग पुऱ्याएको छ भने सबैभन्दा कम २.८६ प्रतिशतलाई लत्ताकपडामा सहयोग पुऱ्याएको छ । त्यसैगरी गैर सरकारी संस्थाले सबैभन्दा बढी ३२.८५ प्रतिशतलाई खाद्यान्नमा सहयोग पुऱ्याएको छ भने सबैभन्दा कम ५.७२ प्रतिशतलाई लत्ताकपडामा सहयोग गरेको छ ।

## ६.२ निष्कर्ष

कुनै समयका धनाढ्य वर्गमा पर्ने थारु जातिहरू सोझा अदूरदर्शी भोजभतेरमा रमाउने, अरुलाई सजिलै विश्वास गर्ने आदि कारणले आफ्नै भूमिमा जमिन विहीन हुन पुगे । दैनिक गुजारा गर्न कठिन भएको अवस्थामा कमैया बस्न सरल र समाजले स्वीकारेको हुनाले जीविकोपार्जनको लागि उनीहरूले कमैयाप्रथा अंगाले समयको क्रमसँगै विभिन्न विसङ्गति देखापर्दै गएपछि परिवर्तित समाजको परिवर्तनसँगै उनीहरूमा पनि परिवर्तनको विजारोपण भयो र सबै पक्षको सहयोग पाएर सङ्गठित भई आन्दोलित हुँदैगए । विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबमा परेर सरकारले ५ दशकभन्दा बढी समयदेखिको यो प्रथा हटायो । साहु महाजनलाई तिर्नुपर्ने रकम पनि मिनाहा गरियो । त्यसो गरेपछि उनीहरू ऋणबाट मात्र मुक्त भएनन्कि बासस्थान र रोजीरोटीबाट पनि सधैंका लागि मुक्त हुन पुगे ।

बिना अध्ययन बिना कार्यक्रम दबाबकै भरमा गरेको निर्णयले समस्या समाधान हुनु त कता हो कता झन जटिलता देखापऱ्यो रातारात गरेर सडकमा उत्रेका कमैयाहरूलाई न बस्ने ठेगान भयो न त काम गर्ने, न पेटभरि खाने नै । सरकारको यस घोषणाले कमैया र कृषक बीच अविश्वासको वातावरण पर्खाल बनेर ठडियो । कृषकहरूले सौकी त गयो अब जमिन चैं नजाओस् भन्ने ठानेर खेतीको काम मुक्ति कमैयालाई दिएनन् जसको कारण मुक्ति पश्चात पनि उनीहरूको जीवन जंञ्जीरमा परिणत भयो ।

मुक्ति पश्चात विदेशीहरूले नै सबै व्यवस्था गरिदेलान भन्ने सरकारी पक्षको सोच र गैर सरकारी संस्थाहरूको कमैया प्रथा दास प्रथाको अवशेष हो, जहाँ दमन शोषण अत्याचार सिवाय केही छैन भनी प्रतिवेदन तयार गरी दातृ संस्थाहरूबाट पैंसा असुल्ने सोचको मारमा कमैयाहरू परे भने अर्कोतिर थारु समुदाय कै टाठाबाठा व्यक्तिहरू कमैयाको नाम बेचेर रातारात धनाढ्य बन्नपुगे । त्यसैगरी राजनीतिक पार्टीहरूले त झन केवल भोट र नोटको

रणनीति मात्र गरे । यी सबै पक्षको मार केबल मुक्त कमैयाहरूले मात्र भोग्नु पर्‍यो । त्यसैले स्वतन्त्र भएको यत्तिका वर्ष बिति सक्दा पनि उनीहरूले स्वतन्त्रताको स्वाद चाख्न पाएनन् । यिनीहरूमा अहिले पनि रोग, भोक, अशिक्षा, र उत्पीडनले जरा गाड्न छोडेको छैन । मुक्त हुनु अघि साहु र जमिनदारका दास थिए भने अहिले आएर गैरसरकारी संस्थाका दास बन्न विवस छन् । सरकारले प्रदान गरेको पाँच कट्ठा जमिन उनीहरूलाई अहिले नेपाली उखान- “निल्नु न ओकल्नु” झैं भएको छ । उनीहरूले न भनेजस्तो खान पाएका छन्, न त मन लागेजस्तो लगाउन नै, न त रोजगारमूलक काम, न त औषधि उपचार नै ।

अहिले आएर देशमा लोकतन्त्र आएको छ देशको सबै क्षेत्रमा परिवर्तन छाएको छ तर मुक्त कमैयाहरूको जीवनमा न त लोकतन्त्र आयो न त परिवर्तन नै छायो । उनीहरू अहिले पनि देशमा आएको लोकतन्त्रको बहालीसँगै आफ्ना मागमा सङ्घर्षरत् छन् । आशा गरौ देशमा छाएको नौलो परिवेशसंगै उनीहरूको जीवनमा पनि सुनौलो बिहानीले चुम्न सकोस् ।

## ६.३ सुझाव

माथिका विविध तथ्यहरूलाई नजरअन्दाज गर्दा उनीहरूको सामाजिक आर्थिक अवस्थालाई माथि उकासी जीवन सुदृढीकरणका लागि निम्न सुझाव दिन सकिन्छ ।

- **जग्गाको हद बढाउने**

सरकारले कमैयाहरूलाई मुक्त गराउँदा प्रदान गरेको पाँच कट्ठा जमिन थोरै हुनका साथै बालुवा युक्त, अनुत्पादक भएको र उनीहरूसँग आफ्नो स्वामित्वको अन्य जग्गा जमिन नभएको हुँदा सरकारले मुक्त कमैयाहरूको परिवार सङ्ख्या हेरी कम्तीमा जीविकोपार्जन गर्न पुग्ने गरी जग्गा प्रदान गरिनु पर्छ ।

- **शिक्षामा विकास**

शिक्षा नै ज्ञानको ज्योति हो । तर अध्ययन क्षेत्रका मुक्त कमैयाहरूको शैक्षिक स्थिति अत्यन्त कम छ, जसले उनीहरूको प्रगतिमा बाधा पुर्‍याई रहेको छ । तसर्थ, स्कूल नपठाउने परिवारका केटा-केटीहरूलाई विविध छात्रवृत्तिको व्यवस्था गरी शिक्षामा विकास गर्न सकिन्छ साथै प्रौढ शिक्षा र अनौपचारिक शिक्षाका माध्यमबाट पनि शैक्षिक विकास गराइनु आवश्यक छ ।

- **सचेतना वृद्धि गर्ने**

शिक्षामा कम विकास भएपछि चेतनामा कमी हुनु स्वाभाविकै हो । शिक्षामा कम विकास भएको कारण यहाँका मुक्त कमैयाहरूलाई आफ्नो हक अधिकारका बारेमा ज्ञान छैन

जसको कारण उनीहरू शोषित र उत्पीडित भएका छन् । तसर्थ, उनीहरूको सचेतनामा वृद्धि गर्दै हक अधिकारको सुनिश्चित गरिनुपर्छ ।

- **सामुदायिक कार्यक्रमा जोड दिने**

नेपाली उखान- "एकले थुकी सुकी सबैले थुकी नदी" भने झैं एक्लैले गर्दा असम्भव हुने काम पनि समूहमा आवद्ध भई गर्दा सम्भव तुल्याउन सकिन्छ । यति मात्र नभएर समूहमा आवद्ध भई काम गर्दा सजिलो, सस्तो र भरपर्दो हुने कुरा समुदायमा बुझाउनु पर्छ । जस्तै सामुदायिक बचत, सामुदायिक लगानी र सामुदायिक व्यवसाय चलाउन सकेमा उनीहरूको जीवनमाथि उठाउन सकिन्छ ।

- **सीपमूलक तालिम प्रदान गर्ने**

समुदायमा रहेका मानिसहरूको अनुत्पादक समयको सदुपयोग गरी आयआर्जन बढाउन यस क्षेत्रका मुक्त कमैयाहरूलाई विभिन्न सीपमूलक तालिम जस्तैः रेडियो, टि.भी. बनाउने, साइकल मर्मत, सिलाई-कटाई, वायरिङ्ग, सिकर्मी, डकर्मी लगायतका विविध सीपमूलक तालिम प्रदान गरिनु आवश्यक छ ।

- **अनुत्पादक खर्च घटाउने**

विविध चाडपर्वहरू जस्तै माघी, फागु, तिहार, वडका ईतबार आदिमा ऋण काढेरै भएपनि खर्च गरिने प्रवृत्तिलाई घटाइनुका साथै जाँड, रक्सी खाने, जुवा, तास खेल्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्छ ।

- **उन्नत कृषि कार्यक्रम लागू गर्ने**

मुक्त कमैयाहरू पूर्खादेखि नै कृषि पेशा अपनाउँदै आएका थिए । परम्परागत खेती र पशुपालनसम्बन्धी अनुभवका धनी यी कृषि मजदुरलाई उन्नत कृषि कर्याक्रम जस्तैः कुखुरापालन, वङ्गुरपालन, माछापालन, बाखापालन, उन्नतखेती आदि सम्बन्धी तालिम प्रदान गरी कृषि पेशातिर आकर्षित गर्नुपर्छ ।

- **साना घरेलु उद्योगको स्थापना र विकास गर्ने**

सानास्तरको पूँजी लगानी गरी स्थानीय र साधनहरूको प्रयोग गरी स्थानीय जनशक्तिद्वारा स्थानीय स्तरमा सञ्चालन गरिने उद्योगहरू जस्तैः राढीपाखी, अगरबत्ती, मैनबत्ती, आदि बनाउने उद्योगहरूको स्थापना र विकास गरी मुक्त कमैयाको रोजगारी र आयआर्जन बढाउन सकिन्छ ।

- **विनाधितो ऋण प्रदान**

सीप सिकेर मात्र हुँदैन त्यसलाई व्यवहारमा उतार्न सक्नुपर्दछ । व्यवहारमा उतार्न लगानीको आवश्यकता पर्दछ । तसर्थ, रोजगारमूलक व्यावसायिक कार्यको थालनी गर्नका लागि सम्बन्धित पक्षले विना धितो ऋणको व्यवस्था गरिनुपर्छ, जसले मुक्त कमैयालाई आत्मनिर्भर हुन अभिप्रेरित गर्दै जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकोस् ।

- **भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गरी ग्रामीण पर्यटनको विकास गर्ने**

थारु जातिहरू विविध धर्म-संस्कृति, वेशभूषा आदिले धनी मानिन्छन् । उनीहरूलाई आफ्नो भाषा-संस्कृति, वेशभूषा, आभूषण, रहनसहन, खानपान आदिको संरक्षण र सम्वर्द्धन गर्दै कृष्णपुर गा.वि.स.लाई स्याङ्जाको सिरुबारी झैं बनाई ग्रामीण पर्यटन बढाउन अभिप्रेरित गरी मुक्त परिवारको जीवनस्तर माथि उठाउन सकिन्छ ।

- **नयाँ लोकतान्त्रिक सरकारमा सहभागिता**

निर्माणाधीन लोकतान्त्रिक सरकारमा मुक्त कमैयाको प्रतिनिधित्व हुने गरी सहभागिता गराउने, जसले उनीहरूको हक अधिकार सुनिश्चित गर्दै जीवन माथि उठाउन सहयोग पुऱ्याओस् ।

# सन्दर्भग्रन्थ सूची


इन्सेक, २०४९: **नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर** ।

कार्यपत्र, २०५६ : **कमैया समस्या र सम्भावित समाधानका उपायहरू सम्बन्धी**, बेस ।

घिमिरे, देवेन्द्र, २०५२: **थारु आदिवासी**, नेपाली सुनकोशी छापाखाना, काठमाडौं ।

ओझा, दिपज्योति, २०५९: **कञ्चनपुर जिल्लाका मुक्त कमैयाको सामाजिक आर्थिक अवस्थासम्बन्धी अध्ययन**, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

हमाल, विरेन्द्र, २०६१: **दाङ्ग जिल्ला सुधियार गा.वि.स.का थारु जातिहरूको सामाजिक-आर्थिक अवस्था**, ग्रामीण विकास केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

तिवारी, उषा, २०५६: **भू-स्वामित्वमा आधारित कमैया प्रथा, कमैया आनदोलन**, इन्सेक डकुमेण्ट ।

पौडेल, केशवप्रसाद, २०५९: **शोधपत्र**, भूगोल केन्द्रीय विभाग, त्रिविवि, कीर्तिपुर ।

फाइन इन्टरनेशनल, २००५: **राइट टु फुड अफ कमैया फ्यामिलीज् थ्रिटन्ड इन टिकापुर**, स्टन, कैलाली ।

वेभसाइटः एचटिटिपि.//डब्लुडब्लुडब्लु.फाइन.ओरजी ।

फुजिकुरा, तात्सुरो, २०६१: **नेपालमा गरीबीको बहस**, मार्टिन चौतारी ।

बिष्ट, डोरबहादुर, २०३०: **सबै जातका फूलबारी**, साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर, २०२४: **पिपुल अफ नेपाल**, रत्न पुस्तक भण्डार, काठमाडौं ।

भुषाल, शिवलाल र ह्वाइट, टिम, २००१: **फ्रिड कमैया स्टेटस रिपोट,** एम एस नेपाल ।

रेग्मी, महेश सी., १९०१: **एन इकोनोमिक हिस्ट्री अफ नेपाल** ।

लव पीटर, २००१: **स्लेभरी एण्ड फ्रीडम इन नेपाल**, पब्लिस्ड इन नेपाल बाइ मण्डला बुक डिपो प्वाइन्ट ।

शर्मा, शिव तथा अन्य, १९९९: **नेपालमा कमैया प्रथा**, इन्सेक ।

**कमैयाको सामाजिक, आर्थिक अवस्थाको प्रतिवेदन**, २०५६: तत्कालिन भूमिसुधार तथा व्यवस्था मन्त्रालय ।

**भूमिसुधार कार्यालय**, कञ्चनपुर, २०५८ ।

**भूमिसुधार कार्यालय**, कञ्चनपुर, २०६० ।

**राष्ट्रिय जनगणना**, २०५८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग ।

पत्रपत्रिका

**अन्नपूर्ण दैनिक**, ९ पुस, २०६२ ।

**कान्तिपुर दैनिक**, १९ वैशाख, २०५७ ।

**कान्तिपुर दैनिक**, १ जेठ, २०५७ ।

**कान्तिपुर दैनिक,** ३० असार, २०५७ ।

**कान्तिपुर दैनिक**, ४ साउन, २०५७ ।

**गोरखापत्र दैनिक**, ३ साउन, २०५७ ।

**गोरखापत्र दैनिक**, १९ साउन, २०५७ ।

**जनएकता साप्ताहिक,** ९ जेठ, २०५७ ।

**नेपाल समाचारपत्र दैनिक**, १८ फागुन, २०५७ ।

**नेपाल समाचारपत्र दैनिक**, १७ वैशाख, २०५७ ।

**बुधबार साप्ताहिक**, २५ जेठ, २०५७ ।

**हिमाल पाक्षिक**, १६-३२ जेठ, २०५७ ।

**हिमालय टाइम्स दैनिक**, २१ असार, २०५७ ।

**हिमालय टाइम्स दैनिक**, ४ साउन, २०५७ ।

## परिशिष्ट- १

## प्रश्नावली

१. उत्तरदाताको नामः

ठेगानाः उमेरः लिङ्ग

वैवाहिक स्थितिः विवाहित ( ) अविवाहित ( )

विधुवा ( ) विधुर ( )

सम्बन्ध विच्छेद ( ) छुट्टै बसोबास ( )

जात/जातिः

शैक्षिक अवस्थाः साक्षर ( ) निरक्षर ( )

२. पारिवारिक विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० - ९ वर्ष | | | |
| १० - १४ वर्ष | | | |
| १५ - ५९ वर्ष | | | |
| ६० वर्ष माथि | | | |

३. शैक्षिक अवस्था

| शैक्षिक स्तर | महिला | पुरुष |
|---|---|---|
| प्राथमिक | | |
| निम्न माध्यमिक | | |
| माध्यमिक | | |
| उच्च शिक्षा | | |
| निरक्षर | | |

४. परिवारको प्रकार

एकल ( )

संयुक्त ( )

५. तपाई कति वर्षदेखि कमैया भएर बस्नु भएको थियो ।

.........................................................................

६. तपाई मुक्त हुनु भएको कति भयो ?

.........................................................................

७. के तपाई मुक्ति आन्दोलनमा सहभागी हुनुहुन्थ्यो ?

थिए ( ) थिएन ( )

हुनुहुन्थ्यो भने कसको प्रेरणाले सहभागी हुनुभयो ?

क) आफ्नै समूहका सचेत व्यक्तित्वद्वारा ( ) ख) सरकारी तथा गैर सरकारी संस्था ( )

ग) रेडियो, टि.भी. ( ) घ) पत्रपत्रिका ( )

तपाईको सहभागिता कुन स्तरसम्म किन रह्यो ?

क) गा.वि.स. ( ) ख) जि.वि.स. ( )

ग) राष्ट्रिय ( ) घ) अन्तर्राष्ट्रिय ( )

..............................................................................................

..............................................................................................

मुक्त भए पछि मालिकको व्यवहार र सम्बन्ध कस्तो रह्यो ?

क) राम्रो ( ) (ख) नराम्रो ( ) ग) ठीकै ( )

८. कमैया मुक्ति आन्दोलनले तपाईको जीवनमा कस्तो परिवर्तन ल्यायो ?

क) सकारात्मक ( ) ख) नकारात्मक ( )

यदि सकारात्मक परिवर्तन ल्यायो भने के-के मा ?

क) आत्मबल (मनोबल) वृद्धि ( )

ख) आर्थिक सुदृढीकरण ( )

ग) सामाजिक दृष्टिकोणमा परिवर्तन ( )

घ) राजनीतिक सचेतानामा वृद्धि ( )

ङ) शिक्षा विकास ( )

च) अन्य ( )

यदि नकारात्मक परिवर्तन ल्यायो भने के-के मा ?

क) छानो र मानोको समस्या ( )

ख) स्वास्थ्यमा नकारात्मक प्रभाव ( )

ग) शैक्षिक स्थितिमा कमजोरी ( )

घ) अन्य ...................................................................

९. तपाईले के प्रतिफलका लागि आन्दोलन गर्नु भएको थियो ?

..............................................................................................

१०. के तपाईले आन्दोलनबाट सोचेका प्रतिफल प्राप्त गर्नु भयो ?

क) भयो ( ) ख) भएन ( )

११. मुक्ति आन्दोलनमा सहयोग गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूले अहिले तपाईलाई कुन-कुन क्षेत्रमा सहयोग गर्दै आएका छन् ?

क) बसोबास ( ) ख) शिक्षा ( )

ग) खाद्यान्न ( ) घ) स्वच्छ खानेपानी ( )

ङ) सरसफाई ( ) च) कृषि सामग्री ( )

छ) औषधि उपचार ( )

१२. घरको प्रकार

क) कच्चा ( ) ख) दयनीय ( ) ग) फूस ( )

१३. तपाईको विचारमा कुन चाहि जीवन उत्तम लाग्छ ?

क) पुनःस्थापना अघि ( ) ख) पुनःस्थापना पछि ( )

१४. मुक्त भए पछि सरकारबाट कति जमिन प्राप्त गर्नुभयो ?

.........................................................................................

१५. तपाईको आफ्नो स्वामित्वको अन्य जमिन पनि छ ?

क) छ ( ) ख) छैन ( )

छ भने कति छ ?

..........................................................................

१६. तपाईको परिवारलाई आफ्नो जमिनको उत्पादनले वर्षभरि खान पुग्छ ?

क) पुग्छ ( ) ख) पुग्दैन ( )

पुग्दैन भने कसरी पूरा गर्नु हुन्छ ?

क) अरुको जग्गा कमाएर ( )

ख) ज्यालादारी गरेर ( )

ग) मालिककोमा काम गरेर ( )

घ) अन्य ....................................................................................

१७. तपाईको जीवनस्तर वृद्धिका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा सीपमूलक कार्यक्रम लागू गरिएका छन् ? छन् भने कस्तो प्रकारका ?

...............................................................................................

१८. के तपाईले सिकेका सीपहरू प्रयोग गर्नु भएको छ ? छ भने कस्तो प्रकारको सीप प्रयोग गर्नु भएको छ ?

क) छ ( ) ख) छैन ( )

१९. तपाईले हाल मुख्य पेशा के अगाल्नु भएको छ ?

क) कृषि ( ) ख) पशुपालन ( )

ग) ज्यालादारी ( ) घ) रिक्साचालक ( )

ङ) मजदुरी ( ) च) रोजगारी ( )

२०. तपाईले सहायक पेशा के अगाल्नु हुन्छ ?

क) कृषि ( ) ख) पशुपालन ( )

ग) ज्यालादारी ( ) घ) रिक्साचालक ( )

ङ) मजदुरी ( ) च) रोजगारी ( )

२१. के तपाई र तपाईको परिवार मुक्ति पश्चात पनि मालिक/जमिनदारकोमा नै काम गर्नु हुन्छ ?

क) गर्नुहुन्छ ( ) ख) गर्नुहुन्न ( )

गर्नुहुन्छ, भने को - को गर्नु हुन्छ ?

क) श्रीमान ( ) ख) श्रीमती ( ) ग) छोरा ( )

घ) छोरी ( ) ङ) अन्य ( )

किन गर्नु हुन्छ ?

क) आफू खुशी ( ) ख) प्रलोभन ( )

ग) मालिकको करकाप ( ) घ) घरायसी आवश्यकता परिपूर्ति गर्न ( )

२२. तपाईप्रति मालिकको व्यवहार कस्तो छ ?

क) सकारात्मक ( ) ख) नकारात्मक ( )

ग) ठीकै ( ) घ) अन्य ( )

२३. गत ६ महिनामा परिवारका सदस्य बिरामी भएको थियो ?

क) थियो ( ) ख) थिएन ( )

२४. तपाईको परिवार बिरामी पर्नुका कारणहरू के-के हुन् ?

क) कुपोषण ( ) ख) अस्वच्छ खानेपानी ( )

ग) भूतप्रेत ( ) घ) सरसफाईको कमी ( )

ङ) बोक्साबोक्सी ( ) च) किटाणु/जीवाणु ( )

च) अन्य ( )

२५. बिरामी हुँदा कहाँ लानु हुन्छ ?

क) गुरुवा ( ) ख) वैद्य ( )

ग) अस्पताल ( ) घ) अन्य ( )

२६. सरकारी र गैर सरकारी संस्थाले तपाईको जीवनस्तर सुदृढीकरणका लागि कुन-कुन क्षेत्रमा सहयोग गर्दै आएका छन् ?

| सरकारी क्षेत्रबाट भएका प्रयासहरू | गैर सरकारी क्षेत्रबाट भएका प्रयासहरू |
|---|---|
| शिक्षा | शिक्षा |
| स्वास्थ्य | स्वास्थ्य |
| खाद्यान्न | खाद्यान्न |
| लत्ताकपडा | लत्ताकपडा |
| बासस्थान | बासस्थान |
| औषधि उपचार | औषधि उपचार |
| मनोरञ्जन | मनोरञ्जन |
| राजनैतिक जागरण | राजनैतिक जागरण |

२७. के ती प्रयासहरू प्रर्याप्त छन् ?

क) छन् ( ) ख) छैनन् ( )

२८. छैनन् भने के-के प्रयासको अपेक्षा राख्नु भएको छ ?

..........................................................................

<u>धन्यवाद</u>


# परिशिष्ट- २



शोधकर्ता मुक्त कमैयासँग प्रश्नावली भराउँदै ।



शोधकर्ता मुक्त कमैया परिवारसँग ग्रुप छलफल गर्दै ।



शोधकर्ता मुक्त कमैया परिवारसँग यथायिस्थिति बारे जानकारी लिदै ।



अध्ययन क्षेत्रमा प्रयोग हुने यातायातको साधन गोरुगाडामा रमाउदै मुक्त कमैया परिवारका केटा केटीहरु ।



वातावरण सम्बन्धि जनचेतना जगाउदै मुक्त कमैया विद्यार्थी, साथमा शोधकर्ता ।



मुक्त कमैयाका परिवार परम्परागत ढिंकीमा धान कुटेर चामल बनाउँदै ।